# पहिलो परिच्छेद

## १. शोधपत्रको परिचय

### १.१ शोध शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक 'नवरङ्ग २०६८ डम्बर घिमिरे विशेषाङ्कको कृतिपरक अध्ययन र विश्लेषण' रहेको छ ।

### १.२ शोधपत्रको प्रयोजन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत स्नातकोत्तरतह नेपाली विषय नेपाली विभाग अन्तर्गत दोस्रो वर्षको दशौ पत्रको परिपूर्ति गर्ने प्रयोजनले यो शोधपत्र प्रस्तुत परिएको छ ।

### १.३ समस्याकथन

आधुनिक नेपाली साहित्यमा हास्यव्यङ्गयकार कवि डम्बर घिमिरे एक चम्किला ताराका रूपमा उदाएका छन् । नेपाली साहित्यमा कवि डम्बर घिमिरेका बारेमा विन्दा कुमारी पराजुलीद्वारा त्रि.वि. मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत स्नातकोत्तरतह नेपाली विषयको द्वितीय वर्ष दशौँ पत्रको प्रयोजनका लागि साहित्यकार डम्बर घिमिरेको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन शीर्षकको शोधपत्र लेखिएको पाइए तापनि उनका समग्र व्यक्तित्व र कृतित्वका बारेमा अध्ययन पूर्ण देखिदैन यो शोधकार्य पछि आएका रचना र प्रवृत्तिहरूको धेरै हदसम्म नवरङ्ग २०६८ डम्बर घिमिरे विशेषाङ्कले समेटे पनि विस्तृत र व्यक्तित्व अध्ययन एवम् उनका कृतिहरूको विस्तृत र विभिन्न समीक्षकहरूको एकत्रित विचार एकैठाउँ प्रतिपादन नभएको हुँदा सो कार्य गर्न आवश्यक देखिएकाले तलका समस्याको परिधि भित्र रही अध्ययन विश्लेषण गरिएको छ ।

क) कवि डम्बर घिमिरेको प्रतिभा के कस्तो रहेको छ र उनका रचना के कस्ता छन् ?

ख) कवि डम्बर घिमिरेका सिर्जना के कस्ता रहेका छन् र नवरङ्ग विशेषाङ्कले समेटेको छ कि छैन ?

ग) नवरङ्ग विशेषाङ्कमा कवि डम्बर घिमिरेको कस्तो योगदान रहेको छ ?

घ) नेपाली साहित्यमा कवि डम्बर घिमिरेको कस्तो योगदान रहेको छ ?

ङ) भिन्न समीक्षकहरूका दृष्टिमा स्रष्टा डम्बर घिमिरे के-कस्ता छन् ?

## ४. शोधकार्यको औचित्य र महत्व

नेपाली साहित्यमा विगत चार दशकदेखि आफ्नो साधनालाई अनवरत अग्र गतिमा हिडाई रहेका हास्यव्यङ्गयकार कवि डम्बर घिमिरेका साहित्यिक रचनाहरू के कति छन् र तिनले नेपाली साहित्यमा के कस्ता महत्व तथा भूमिका राखेका छन् भन्ने कुराको मूल्याङ्कन गर्नु यस शोध कार्यको औचित्य रहेको छ।

यस शोध कार्यबाट हास्यव्यङ्गयकार कवि डम्बर घिमिरेले नेपाली साहित्यमा पुऱ्याएको योगदान र कृतिहरूको सङ्कलन र विश्लेषण गर्नाले नेपाली साहित्यको क्षेत्रमा अविस्मरणीय योगदान पुग्नेछ । यसका अतिरिक्त नेपाली साहित्यको क्षेत्रमा अध्ययनको सामग्री सावित हुनेछ । यस अध्ययनबाट कवि डम्बर घिमिरे सम्बन्धी भावी अध्ययन एवम् अनुसन्धान गर्ने लाभन्वित बन्न सक्ने अपेक्षा रखिएको छ। त्यसैले यो शोधकार्य औचित्यपूर्ण छ।

## १.५ शोध कार्यको उद्देश्य

कवि डम्बर घिमिरे नवरङ्ग विशेषाङ्कको कृतिपरक अध्ययन र विश्लेषण गरिएको यस शोध पत्रको प्रमुख उद्देश्य साहित्यकार घिमिरेको लामो र अनवरत साहित्य साधना एवम् योगदानहरूको विविध पक्षीय अध्ययन गर्नु रहेको छ । कवि डम्बर घिमिरेको नवरङ्ग विशेषाङ्कको कृतिपरक अध्ययन र विश्लेषणले उनको साहित्यिक लेखन प्रक्रिया के कति रूपमा प्रभावित भएको छ तथा नेपाली साहित्यमा हास्यव्यङ्ग्यकार कवि डम्बर घिमिरेको योगदान एवं स्थान के कस्तो रहेको छ भन्ने विषयलाई समेत जनमानसमा प्रकाशमा ल्याउने काम यस शोधपत्रमा गरिएको छ । यसै परिप्रेक्ष्यमा कवि डम्बर घिमिरेको नवरङ्ग विशेषाङ्कमा प्रकाशित कृतिहरूलाई समेटी तीनको अध्ययन एवं मूल्याङ्कन गर्दै नेपाली साहित्यका विविध विधामा कवि डम्बर घिमिरेले पुऱ्याएको अविस्मरणीय योगदानको पहिचान गराउन प्रस्तुत शोधपत्रको विशिष्ट उद्देश्य रहेको छ।

## १.६ पूर्वकार्यको समीक्षा

हास्यव्यङ्ग्यकार कवि डम्बर घिमिरे झापा जिल्लाको धरमपुरको बहुचर्चित साहित्यकार हुन् । नवरङ्ग विशेषाङ्कमा उनका कृतिहरू निक्कै उत्कृष्ट छन् । विविध विद्वानहरूले उनको कवित्व, कृतित्वको बारेमा अध्ययन विश्लेषण र मूल्याङ्कन गर्ने प्रयास गरेको पाइन्छ। कवि डम्बर घिमिरेको बारेमा बिन्दा कुमारी पराजुलीद्वारा त्रि.वि. मानविकी

तथा सामाजिकशास्त्र संकाय अन्तर्गत स्नातकोत्तरतह नेपाली विषयको दशौं पत्रको प्रयोजनका लागि डम्बर घिमिरेको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन शीर्षकको शोधपत्र लेखिएको पाइए तापनि नवरङ्ग २०६८ डम्बर घिमिरे विशेषाङ्कको कृतिपरक अध्ययन विश्लेषण गरेको पाइँदैन । उनी र उनका बारेमा नवरङ्ग २०६८ डम्बर घिमिरे विशेषाङ्कमा जे जति अध्ययन विश्लेषण भएका छन् तिनका केही विवरण क्रमिक रूपमा तल प्रस्तुत गरिएको छ ।

१) अग्निप्रसाद कोइरालाले 'गजल' शीर्षक (नवरङ्ग २०६८ डम्बर घिमिरे विशेषाङ्क पृ. १) मार्फत कवि डम्बर घिमिरेका विभिन्न कृतिका बारेमा आफ्नो भनाई प्रस्तुत गरेका छन् ।

२) अनिरुद्ध तिम्सिनाले 'कवि डम्बर घिमिरेका कविता कृतिहरूमा' शीर्षक (नवरङ्ग २०६८ डम्बर घिमिरे विशेषाङ्क पृ ११) मा कवि घिमिरेका कविता कृतिहरूको बारेमा विश्लेषण गर्नु भएको छ ।

३) उपेन्द्र पागलले 'भीष्म प्रतिज्ञा कविता सङ्ग्रहको संक्षिप्त चर्चा' शीर्षक (नवरङ्ग) २०६८ पृ. २५) मा कवि डम्बर घिमिरेको कविता भीष्म प्रतिज्ञाको उत्कृष्टताको बारेमा चर्चा गरेका छन् ।

४) एन 'वी' दाहाल 'नवीन' ले (नवरङ्ग २०६८ विशेषाङ्क पृ. ३९ मा)। 'डम्बर घिमिरे हास्यव्यङ्ग्यका अभिभावक' शीर्षकमा कवि डम्बर घिमिरेको नेपाली साहित्यमा हास्यव्यङ्ग्यकारका रूपमा गरेको देनका बारेमा विष्लेषण गरेका छन् ।

५) 'कवि डम्बर घिमिरेको कवितामा प्रतीक विम्वालङ्कार पैल्याउँदा' शीर्षक (नवरङ्ग २०६८ डम्बर घिमिरे विशेषाङ्क पृ. २८३) मा श्री म.र.ब. क्याम्पसका नेपाली विभागका प्रमुख सह-प्राध्यापक श्री वुद्धि घिमिरेले कवि डम्बर घिमिरेको भीष्म प्रतिज्ञा कविता संग्रहको विश्लेषण गरेका छन् ।

६) दीपक सुवेदीले 'डम्बर घिमिरेको जीवनी, व्यक्तित्व र कृतित्व' शीर्षक (नवरङ्ग २०६८ डम्बर घिमिरे विशेषाङ्क पृ. १९५) मा कवि डम्बर घिमिरेको जीवनी, व्यक्तित्व र कृतित्वको बारेमा प्रकाश पारेका छन् ।

७) डा. यादवप्रसाद लामिछानेले 'भीष्म प्रतिज्ञाभित्र राष्ट्रप्रेम' (नवरङ्ग २०६८ डम्बर घिमिरे विशेषाङ्क पृ. ३६२) शीर्षकमा कवि डम्बर घिमिरेको कृतिमा पाइने राष्ट्रप्रेमका बारेमा चर्चा गरेका छन् ।

८)	मोदनाथ प्रश्रितले 'डम्बर घिमिरे एक व्यक्ति अनेक अवतार' शीर्षक (नवरङ्ग २०६८ डम्बर घिमिरे विशेषाङ्क पृ. ३६०) मा कवि डम्बर घिमिरे धेरै विषयमा विज्ञ भएको भनी प्रशंसा गरेका छन् ।

९)	शारादा पराजुलीले 'भीष्म प्रतिज्ञा कविता संग्रहको' शीर्षक (नवरङ्ग २०६८ डम्बर घिमिरे विशेषाङ्क पृ. ४३९) मा हास्यव्ङ्ग्यकार कवि डम्बर घिमिरेमा भएको राष्ट्रप्रेमका बारेमा विश्लेषण गर्दै सिर्जनशीलता र वाचन कलाले आल्हादित पार्ने घिमिरे नेपाली साहित्यको फाँटमा अमूल्य रत्न हुन् भनी चर्चा गरेका छन् ।

१०)	डा. सुशीला भण्डारीले 'प्रमुख अतिथिलाई पुर्लुक्कै पल्टाई दिने कवि डम्बर घिमिरे' शीर्षक (नवरङ्ग २०६८ डम्बर घिमिरे विशेषाङ्क पृ. ४४७) मा हाँसो थाम्न नसकेका प्रमुख अतिथि र दर्शकहरूलाई पुर्लुक्कै पल्टिएर हाँस्ने गरि हँसाउने कला भएका हास्यव्यङ्ग्यरस व्यक्तित्वका धनी हुन भनी कवि डम्बर घिमिरेको प्रशंसा गरेका छन् ।

११)	गोपाल संग्रौलाले 'मेरो दृष्टिमा डम्बर दाईको घामपानी' शीर्षक (नवरङ्ग २०६८ डम्बर घिमिरे विशेषाङ्क पृ. १२५) मा डम्बर घिमिरेका मुक्तकहरू बौद्धिक पाठकदेखि सामान्य पाठक सम्म मनोरञ्जन र सन्देशमूलक छन् भनी आफ्नो भनाई प्रस्तुत गरेका छन् ।

१२.	तेजराज खतिवडा (तेराख) ले 'मौलिक प्रतिभाका धनी (कवि/कलाकार) डम्बर घिमिरे' शीर्षक (नवरङ्ग २०६८ डम्बर घिमिरे विशेषाङ्क पृ. १८१) मा नवरङ विशेषाङ्क सफल पार्ने डम्बर घिमिरे जहाँ बसेपनि, यो धरती छोडेपनि उनले नेपाली भाषामा साहित्य र संस्कृति श्रीवृद्धिमा जुन योगदान दिए त्यसको मूल्याङ्कन भई नै रहने छ । उहाँको बाँकी जीवनमा राष्ट्रभाषा, साहित्य र समाज कल्याणमा विशिष्ट योगदान रहिरहोस् भनी शुभकामना व्यक्त गर्दै हार्दिक बधाई ज्ञापन गरेका छन् ।

१३.	दधिराज सुवेदीले रचनात्मक शिल्प, व्यङ्ग्य दिने गरी शीर्षक (नवरङ्ग २०६८ डम्बर घिमिरे विशेषाङ्क पृ १८९) सौन्दर्य अत्यन्तै सरल र स्वादिष्ट रहेको पाइन्छ । उनी सङ्लो तलाउमा पूर्वका जून जस्तै मनमोहक देखिन्छन् । उनले प्रहार गरेको कठोर व्यङ्ग्य वाणले जस्तै कठोर, उद्मनको पापी मानिस पनि आहत हुन्छ ।

राष्ट्रियताले भरिपूर्ण घिमिरेको दूरभविष्य सुन्दर देखिएको छ भनी उल्लेख गरेका छन् ।

१४. हेम अधिकारीले शुभकामना शीर्षक (नवरङ्ग २०६८ डम्बर घिमिरे विशेष पृ. ४८७) मा नवरङ्ग साहित्य प्रतिष्ठान धरमपुरको स्थापना कालदेखि लगातार अठारवर्ष सम्म संस्थाको अध्यक्ष रहेर आफ्नो प्रतिभा उत्कर्षमा पुऱ्याउनुका साथै उनले यस संस्थालाई स्थानीयको प्यारो बनाउँदै जिल्ला र राष्ट्र सम्म चिनाउने साहित्यकार डम्बर घिमिरेको सुस्वास्थ्य, दीर्घायु र निरन्तर सक्रिय जीवन यात्राको शुभकामना व्यक्त गर्दछु भनी चर्चा गरेका छन् ।

१५. रोचक घिमिरेले (नवरङ्क डम्बर घिमिरे विशेष पृ. ४९४) सारपूर्ण शीर्षकमा डम्बर घिमिरे हास्यव्यङ्ग्यको औतारी मानव हुन भनी उल्लेख गरेका छन् ।

१६. नकुल काजीले (नवरङ्क डम्बर घिमिरे विशेषाङ्क पृ. ४९४) सारपूर्ण शीर्षकहरूमा डम्बर घिमिरे झापाली साहित्य समाजका गौरव हुन भनी प्रस्तुत गरेका छन् ।

१७. पुण्यप्रसाद खरेलले (नवरङ्ग डम्बर घिमिरे विशेषाङ्क पृ. ४९४) सारपूर्ण शीर्षकहरूमा डम्बर घिमिरे हास्यव्यङ्ग्यका झापाली वादशाह हुन भनी आफ्नो भनाइ प्रस्तुत गरेका छन् ।

१८. गोपाल निर्भीकले प्रगतिशील लेखक संघ नेपाल (प्रलेस, नेपाल) शीर्षक (नवरङ्ग, डम्बर घिमिरे विशेषाङ्क पृ. ४९५) मा नेपाली साहित्य सृजनाका उज्वल नक्षत्र आदरणीय डम्बर सर प्रति हाम्रो संस्थाको तर्फबाट सम्मान प्रकट गर्दछौं भनी उल्लेख गरेका छन् ।

१९. मनमाया रिजालले सारपूर्ण शीर्षक (नवरङ्ग डम्बर घिमिरे विशेष पृ. ४९४) मा डम्बर घिमिरे साहित्याकाशका अनमोल निधि हुन् भनी उल्लेख गरेका छन् ।

२० तेजेन्द्र घिमिरेले सारपूर्ण शीर्षकहरू (नवरङ्ग डम्बर घिमिरे विशेष पृ. ४९४) मा 'डम्बर घिमिरे मरुभूमिमा मोती फलाउने व्यक्ति हुन' भनी प्रशंसा गरेका छन् ।

२१ प्रसिद्ध हास्यव्यङ्ग्य कलाकार हरिवंश आचार्यले धरमपुरको सम्झाना शीर्षक (नवरङ्ग डम्बर घिमिरे पृ. ४८५) मा श्रोता दर्शकहरूको अपार माया नै वास्तविक खुसी हो भन्ने हामीलाई लाग्दछ भनी उल्लेख गरेका छन् । यस्तो अपार खुसी कला संस्कृति

प्रति अपार माया गर्ने स्थानीय कवि डम्बर घिमिरे ज्यूले त्यो अवसर मिलाउनु भएकोमा धरमपुरलाई सधैं नै सम्झने छौं भनी हास्य कलाकार हरिवंश आचार्यले डम्बर घिमिरेको प्रशंसा गरेका छन् ।

२२. हरि कट्टेलले स्वागतयोग्य कर्म शीर्षक (नवरङ डम्बर घिमिरे विशेष पृ. ४७७) मा डम्बर घिमिरेले नेपाली हास्य व्यङ्ग्य चेतलाई विभिन्न हास्यव्यङ्ग्य समूह र प्रस्तुति मार्फत साहित्यलाई पऱ्याउनु भएको योगदान अतुलनीय र कदर योग्य छ । उहाँको योगदानलाई कदर गरेर नवरङ्ग साहित्य प्रतिष्ठानले प्रकाशन गर्न लागेको 'धरमपुरको आलोक नवरङ्ग र डम्बर घिमिरे' नवरङ्ग चौथो अंक प्रकाशन गर्न लागको छ । यस कार्यलाई स्वागत योग्य कर्म ठान्छु र नवरङ्ग साहित्य प्रतिष्ठान र डम्बर घिमिरे दुवैलाई शुभकामना व्यक्त गर्दछु भनी उल्लेख गरेका छन् ।

२३. नेपाल प्रज्ञा-प्रतिष्ठानका सदस्य समेत रहेका विष्णु प्रभातले 'डम्बरको हास्यव्यङ्ग्य शीर्षक (नवरङ्ग डम्बर घिमिरे विशेष पृ. ४३४) मा विभिन्न संघ संस्थाबाट पुरस्कृत भइसकेका डम्बर घिमिरेको हास्यव्यङ्ग्य आगामी दिनमा अरु पुरष्कृत बनोस भन्ने शुभेच्छाका साथ हार्दिक धन्यवाद भनी उल्लेख गर्नु भएको छ ।

२४. पूर्वाञ्चल साहित्य प्रतिष्ठानका अध्यक्ष विवश पोखरेलले' साहित्यिक मालीलाई हार्दिक बधाई शीर्षक (नवरङ्ग डम्बर घिमिरे विशेष २०६८ पृ. ४११) मा नवरङ्गले डम्बर घिमिरे विशेषाङ्क प्रकाशन गरेर जुन सम्मान गरेको छ यो कार्य प्रशंसनीय छ । जे होस एउटा साहित्यिक मालीको सम्मान भएको छ भनी उल्लेख गर्नु भएको छ ।

२५. भावना विद्रोहीले "नवरङ्गलाई फर्केर हेर्दा डम्बर गुरु 'अण्याक' को सम्झाना शीर्षक (नवरङ्ग डम्बर घिमिरे विशेष पृ. ३०३) मा महान प्रतिभावान आदरणीय गुरु तपाईको यो हास्यकला सधैं फलोस फूलोस तपाईको साहित्यिक यात्राले सधैँ सगरमाथाको शिखर चुमोस नवरङ्ग साहित्य प्रतिष्ठान विश्वभर फैलियोस अन्तर्राष्ट्रिय स्तर सम्म चम्कियोस यही छ तपाईलाई शुभकामना भनी लेखेका छन् ।

२६. वरिष्ठ सम्पादक तथा स्वतन्त्र पत्रकार जोरपाटी काठमाण्डौँका भगतदास श्रेष्ठले 'सारगर्भित पर्याय डम्बर घिमिरे : एक संस्मरण' शीर्षक (नवरङ्ग

डम्बर घिमिरे विशेष पृ. २९३) मा आउँदा दिनहरूमा होनहार श्रद्धेय श्री डम्बरजीको काम कर्तव्य र व्यवहारहरू अनन्त कालसम्म कालजयी रहुन् । हृदयदेखि शुभकामना भनी उल्लेख गरेका छन् ।

२७. कृष्ण अधिकारीले 'कलम लिए व्यङ्ग्य, मञ्च लिए हास्य' शीर्षक (नवरङ्ग डम्बर घिमिरे विशेष पृ. ५८) मा डम्बर घिमिरेलाई मञ्च दिनै हुदैन, दियो कि श्रोताहरूलाई राल सिंगान काढेर हाँस्न बाहेक उपाय नै छैन । त्यसैले उनको प्रशंसाको बारेमा जति लेखे पनि सकिदैंन, जति लेखेपनि धेरै हुँदैन । बरु ६६ बर्ष उमेरमा पनि तन्नेरी जस्तै टोपी ढल्काएर हिडिरहन सक्ने स्वास्थ्य कायम रहोस् शुभकामना भनी लेखेका छन् ।

२८. बालकृष्ण पोखरेलले "हौंचुरका नौसुर डम्बर" शीर्षक (नवरङ्ग डम्बर घिमिरे विशेष पृ. २७३) मा नेपालको चर्चित सगरमाथा अञ्चलको खोटाङ जिल्लाको हौंचुर गा.वि.स वार्ड नं. ६ मा जन्मिएका प्रतिभावान हुन् डम्बर घिमिरे त्यसैले मैले हौंचुरका नौसुर मानेको छु मैले भाइ डम्बर घिमिरेलाई । सात सुर हुन्छन् कलाका अथवा काव्यका डम्बर घिमिरे कला र काव्य दुवै तिरका शोभा भएकोले मैले उहाँलाई हौंचुरका नौसुर मानेको हुँ भनी प्रशंसा गरेका छन् ।

२९. भानुभक्त पोखरेलले "धरमपुरका साहित्यिक अभियन्ता कवि डम्बर घिमिरलेलाई सम्भिmदा" शीर्षक (नवरङ्ग डम्बर घिमिरे विशेष पृ. ३०२) मा पूर्वाञ्चलमा सृजनात्मक जागरण ल्याउने साहित्यिक दीप बाल्ने डम्बर घिमिरेप्रति मेरो हार्दिक अभिनन्दन छ । उनको साहित्यिक भविष्य उत्तरोत्तर सफल हुँदै गएको देख्न चहान्छु भनी आफ्नो भनाई प्रस्तुत गरेका छन् ।

## १.७ शोधकार्यको सीमा

हास्यव्यङ्ग्यकार कवि डम्बर घिमिरेले कविता संग्रह, हास्यव्यङ्ग्य लाघु कविता, मुक्तक संग्रह, खण्डकाव्य लेखनमा समेत कलम चलाएका छन् । उनका प्रकाशित कृतिहरूमा "भीष्म प्रतिज्ञा" (कविता संग्रह, २०५१ जुही प्रकाशन), "घामपानी" (हास्यव्यङ्ग्य लघु कविता मुक्तक संग्रह २०६०) "तितोपिरो (एल्बम क्यासेट २०५७, म्युजिक नेपालद्वारा प्रकाशित) धर्मकुमारी स्मृति खण्डकाव्य (२०६५ प्रकाशक-धर्मकुमारीका सन्तति) प्रकाशित भएका छन् । तर पनि उनी निरन्तर साधनारत छन् । यसै आधारमा नवरङ्ग साहित्यिक

पत्रिकाको डम्बर घिमिरे विशेषाङ्क (२०६८) को कृतिपरक अध्ययन र विश्लेषण नै यस शोधकार्यको सीमा रहेको छ ।

## १.८ शोधविधि

प्रस्तुत शोधपत्रको तयारीका लागि पुस्तकालीय अध्ययन विधिका आधारमा सम्बन्धित पुस्तक पत्र-पत्रिकाहरूको अध्ययन गरी आवश्यक सामग्री संकलन गरिएको छ । यस बाहेक शोधनायक, उनीसँग सम्बन्धित व्यक्तिसँग भेटघाट गरि मौखिक एंव लिखित रूपमा आवश्यक जानकारी लिएर एवं उनका रचनाका पाठकहरूसँग परामर्श लिदैं विभिन्न विद्वान समालोचकहरूका लेखहरूको अध्ययन र विश्लेषण गरी सामग्री संकलन गरिएको छ ।

## १.९ शोधपत्रको रूप रेखा

**पहिलो परिच्छेद** -शोध परिचय

**दोस्रो परिच्छेद** -कवि डम्बर घिमिरेको परिचय

**तेस्रो परिच्छेद** -हास्यव्यङ्ग्यको सैद्धान्तिक सन्दर्भ

**चौथौ परिच्छेद** -नवरङ्ग डम्बर घिमिरे विशेषाङ्क २०६८ भित्रका रचनाहरूको अध्ययन विश्लेषण

**पाँचौ परिच्छेद** -उपसंहार र शोध निष्कर्ष

# दोस्रो परिच्छेद

## २. कवि डम्बर घिमिरेको परिचय

### २.१ जन्म, जन्मस्थान र बाल्यकाल

वि.सं. २००२ साल असार १ गते विहीबारका दिन खोटाङ रावा खोला हौंचुरमा पिता गजाधर घिमिरे र माता मेनकुमारी घिमिरेका कनिष्ठ सुपुत्रका रूपमा डम्बर घिमिरेको जन्म भएको थियो ।[1]पिता गजाधर घिमिरे र माता मेनकुमारी घिमिरेका कान्छा छोराका रूपमा जन्मेका डम्बर घिमिरेको न्वारनमा पुरोहितले यो वालकको नाम डम्बर प्रसाद रह्यो भनेर घोषणा गरेका थिए ।[2] डम्बर प्रसाद नामले उनलाई ३२ वर्षको उमेरसम्म पछ्याएको देखिन्छ । साहित्य सिर्जनामा अघि बढेपछि आफ्नो नामको पछाडि रहेको प्रसादलाई खारेज गरेर डम्बर घिमिरे मात्र लेख्ने गरेको देखिन्छ ।[3] त्यसैले अहिलेसम्म उनी साहित्य जगतमा डम्बर घिमिरे नामबाटै परिचित छन् । वि.सं. २००४ साल जेष्ठ महिनामा डम्बर घिमिरेका पिता गजाधर घिमिरेको असामयिक निधनले उनका परिवारमा ठूलो भूकम्प नै ल्यायो ।[4] पिताको निधनबाट नवजात शिशु डम्बरले आफ्ना पिताको न्यानो काख सधैंका लागि गुमाउनु परेको थियो । यसरी आफ्नो दुई वर्षको कलिलो शिशु अवस्थामै डम्बरले आफ्नो प्यारा पिताबाट टाढिनु परेकोले आफ्ना जन्मदाताको अनुहारसम्म देख्न पाएनन् । उनको बाल्यअवस्था भने त्यति कष्टकर रहेन । परिवारमा उनी कान्छा भएकोले आमा दाजुहरू र दिदीहरूबाट यथेष्ट माया पाएका थिए । आफ्ना मान्यजनबाट स्नेह र सद्भाव पाएका थिए । यस परिवार प्रति सबैको सद्भाव र सहयोग कायमै थियो । यस्तै बातावरणमा डम्बर घिमिरे हुर्कदैं गएका थिए । आफ्नो प्यारो जन्मभूमि हौँचुरको गाउँ चाहार्दै, त्यही धुलोमा खेल्दै अनि मौसमी फलफूल जंगलमा पाकेका पुटुनी, अर्चल खाँदै, अङ्गेरीका दाना खाएर जिब्रो कालो बनाउँदै गाउँदै, ऐसेलु बयर खादैं, कहिले बाखा त कहिले गाई भैंसी हेर्ने गोठालोको पछि

---

[1] डम्बर घिमिरे विशेषाङ्क, २०६८ पृ. २२९ ।
[2] ऐजन ।
[3] ऐजन ।
[4] ऐजन पृ. २३२ ।

पछि दौड्दै, साथीहरूसँग खोप्पी खेल्दै, लाप्पा खेल्दै डम्बर घिमिरेको बाल्यकाल बितेको थियो ।[५]

## २.२ शिक्षा दीक्षा एवं उच्च शिक्षा

डम्बर घिमिरेले ६ बर्षको उमेरदेखि आफ्नो जेठा दाजु महेश्वरबाट धुलौटे पाटीमा सावाँ अक्षर सिक्न थालेका हुन् । यिनको ९ वर्षको उमेरमा ब्रतबन्ध संस्कार हुँदा गायत्री मन्त्र दान गुरु नन्दिकेशर नेपालबाट बेदारम्भको सुरुवात भएपछि घरमै दाजु महेश्वरबाट रुद्री, चण्डीं र वेदको अध्ययन गरेका थिए । डम्बर घिमिरे आफ्ना सहपाठी साथीहरू मध्ये सबैभन्दा प्रतिभावान छात्र मानिन्थे । गुरुले दिएको पाठ केही समयभित्रै कण्ठस्थ सुनाउँथे । डम्बर घिमिरे प्रतिभावान भएकोले पढाउने गुरुलाई डम्बर घिमिरे वेगरको अध्यापन खल्लो लाग्ने गर्दथ्यो ।[६] डम्बर घिमिरे प्रतिभावान भएकोले घरमै दाजु महेश्वरबाट रुद्री, चण्डी र बेदको अध्ययन पूरा गरेका थिए । त्यो बेला उच्च शिक्षाको लागि हौचुरमा सम्भव थिएन । त्यो गाउँकै एक बरिष्ठ व्यक्तित्व मनोहर नेपाल र छवि नेपालहरूको सुझाव अनुसार डम्बरलाई उच्च शिक्षा अध्ययनको लागि बनारस पठाउने निधो भयो । डम्बरका फूपाजु छविलाल पोखरेल र दाजु छत्रप्रसाद घिमिरेको सहयोगमा २०१९ सालमा यिनी भागेर बनारस पुगे । अध्ययनको लागि बालक छोरालाई टाढा पठाउने कुरामा आमाको अनुमति पाउनु सम्भव थिएन । त्यसैले भाग्नु बाहेक अरु बिकल्प पनि थिएन । बनारसमा यिनका साहिँला दाजु २०१२ सालदेखि अध्ययनरत थिए । त्यसैले यिनलाई गाँस बासको कुनै समस्याले छोएन । डम्बर घिमिरेले दाजुकै रेखदेखमा एक बर्षसम्म प्राइभेट अध्ययन गरेपछि २०२० सालमा विद्यालय प्रवेश गरेका हुन् । यिनको औपचारिक शिक्षा प्रारम्भ भएको ४ बर्षपछि वाराणसेय संस्कृत विश्वविद्यालयबाट (हालको सम्पूर्णानन्द विश्वविद्यालयबाट)२०२४ सालमा सम्पूर्ण पूर्वमध्यमा परीक्षा उत्तीर्ण गरेका हुन् । त्यसपछि २०२५ र २०२६ सालमा उत्तरमध्यमा प्रथम र द्वित्तीय खण्डको परीक्षा उत्तीर्ण गरे । २०२० सालदेखि नै अध्ययनमा आत्मनिर्भर भैसकेका थिए । २०२७ सालमा शास्त्री (स्नातक) प्रथम बर्षको परीक्षा दिएर उनी स्वदेश फर्किएका थिए ।[७]

---

[५] ऐजन पृ. २३२ ।
[६] ऐजन पृ. २३३ ।
[७] ऐजन पृ. २३४ ।

## २.३. वैवाहिक सम्बन्ध र सन्तान

डम्बर घिमिरे २०२७ सालमा बनारसबाट नेपाल फर्किएपछि केही दिन विराटनगर मधुमारामा फुपुको घरमा बसेका थिए । त्यही बसाइमा फूपु र फूपाजुका छोरा, उनका भानिजदाइ ज्वालाप्रसाद पोखरेलको सल्लाह अनुसार चैनपुर फापुङ निवासी शेषराज न्यौपाने तथा धर्मकुमारी न्यौपानेकी जेठी छोरी तेजकुमारी 'माधुरी'सँग वि.सं. २०२७ साल माघ २७ गते उनी वैवाहिक प्रणय सूत्रमा आवद्ध भएका थिए । २०३० सालमा यिनका प्रथम सन्तानको रूपमा छोरी जानुकाको जन्म भएको थियो । त्यसपछि ८/८ बर्षको अन्तरमा क्रमशः छोरा मनोज र छोरी प्रेमुकाको जन्म भएको थियो । त्यसपछि भने तीन सन्तान ईश्वरका बरदान सार्थक भएको देखिन्छ । प्रतिभावान सन्तान जन्मिएकोमा डम्बर घिमिरे सन्तुष्ट देखिन्छन् । अहिलेसम्मको यिनको पारिवारिक जीवनमा लक्ष्मी र सरस्वतीको यथोचित समन्वय भएको देखिन्छ ।[८]

## २.४ पेशागत व्यक्तित्व

डम्बर घिमिरेको आर्थिक अवस्थामा जे जति सुधार देखिन्छ त्यसको जग पैतृक सम्पत्ति नै हो । सम्पत्ति आर्जनमा उनले कुनै चमत्कारिक बाटो अपनाएको देखिएको छैन । वि.सं. २०३२ मा झापाको तोपगाछी नि.मा.वि. बाँसबारीबाट आफ्नो शिक्षण सेवा आरम्भ गरेका हुन् । वि.सं. २०३४ सालमा शिक्षा सेवा आयोगबाट सिफारिस भई स्थायी शिक्षक पदभार बहन गर्दै झापाका विभिन्न विद्यालयमा अध्यापन गराउँदै आएका हुन् । उनले अध्यापन गरेका विद्यालयहरू तोपगाछी नि.मा.वि., बाँसबारी झापा, पुहातुबारी मा.वि. चन्द्रगढी झापा, फूलबारी मा.वि. चकचकी झापा, हिमाली मा.वि. पृथ्वीनगर झापा र मोती मा.वि. धरमपुर झापा हुन् । करिब ३४ बर्ष आफूलाई शिक्षण सेवामा सरिक गराएको देखिन्छ ।[९]

## २.५ संस्थागत संलग्नता तथा सामाजिक व्यक्तित्व

संस्कृतमा शास्त्री (स्नातक) गरेका कवि डम्बर घिमिरे नवरङ्ग साहित्यिक प्रतिष्ठान धरमपुर झापाका अध्यक्ष, नवरङ्ग साहित्यिक बार्षिक पत्रिकाको प्रधान सम्पादक, सिस्नुपानी

[८] ऐजन पृ. २२९ ।

[९] ऐजन पृ. २३१ ।

नेपाल, झापा शाखाको अध्यक्ष, बाणी प्रकाशन विराटनगर कार्यकारिणी सदस्य, सासंक प्रतिष्ठान धुलावारी, झापा, साहित्यिक चौतारी झापा, राष्ट्रिय जनसंस्कृतिक मञ्च झापा आदि संस्थाहरूमा संलग्न रही काम गरेका छन् ।[१०] डम्बर घिमिरे विभिन्न संस्थाहरूमा आजीवन सदस्य पनि रहेका छन् । जस्तै-नवरङ्ग साहित्य प्रतिष्ठान धरमपुर झापा, घिमिरे कल्याण परिषद् विराटनगर, डा. नरेन्द्र चापागाई स्मृति परिषद् विराटनगर, बनिता प्रकाशन विराटनगर, देवकोटा स्मारक दमक झापा, त्रिलोकेश्वर शिवपाञ्चायन मन्दिर धरमपुर झापा, धर्नासो साहित्य प्रतिष्ठान धरमपुर झापा, विराट साहित्य सङ्गम विराटनगर, चेतन प्रतिभा उन्नयन प्रतिष्ठान विराटनगरका आजीवन सदस्य समेत रही सामाजिक व्यक्तित्वको रूपमा काम गर्दै आउनु भएका छन् ।[११]

## २.६ साहित्यिक व्यक्तित्व, साहित्य सिर्जनामा प्रेरणा प्रकाशित कृतिहरू र प्रकाशोन्मुख कृतिहरू

डम्बर घिमिरेले बनारसमा २०१९ देखि २०२६ सम्म गरेको अध्ययन अवधिमा साहित्य रचनातर्फ लागेको देखिएन । वि.सं. २०२७ सालमा बनारसमा एक दिन एकान्तमा विहानै पूर्वतर्फ फर्किएर कविता लेख्न थाले । बसेको ठाउँ नछोडी जुरुक्क उठेर आफ्नो रचना पूर्व तर्फ फर्किएरै सस्वर बाचन गरे । आफ्नो जीवनको पहिलो सिर्जना “पूर्वतिर फर्कदा” तयार भएकोमा आफू निकै हर्षित भएको अनुभव बताउँछन् ।[१२]

डम्बर घिमिरले कुनै खास व्यक्तिबाट साहित्यिक प्रेरणा प्राप्त गरेको देखिदैंन । साहित्य जगतमा प्रवेश गरेपछि विद्यालय स्तरीय सानोतिनो साहित्य गोष्ठीमा भाग लिँदा उहाँको कविताको प्रशंसा हुने गर्थ्यो । त्यसपछि कविता रचना गर्ने कार्यमा तीब्रता आएको देखिन्छ । कविता रचनातर्फ हाम्फालेका उहाँले छोटो समयमा नै साहित्य जगतमा निकै प्रशंसा र ख्याति प्राप्त गरेको देखिन्छ ।[१३]

संस्कृत साहित्यमा शास्त्री (स्नातक)[१४] गरेका घिमिरेका चार कृतिहरू भीष्म प्रतिज्ञा (कविता संग्रह २०५१, जुही प्रकाशन) घामपानी (हास्यव्यङ्ग्व्य लघु कविता, मुक्तक संग्रह

---

[१०] ऐजन पृ. ११ ।
[११] ऐजन पृ. १२ ।
[१२] ऐजन पृ. २३० ।
[१३] ऐजन पृ. २३० ।
[१४] ऐजन पृ. ११ ।

२०६०) तितो पिरो (एल्बम क्यासेट २०५७, म्युजिक नेपालद्वारा प्रकाशित) धर्मकुमारी स्मृति खण्डकाव्य (२०६५ प्रकाशन-धर्मकुमारी स्मृति) प्रकाशित छन् ।[१५] उनका प्रकान्शोन्मुख केही कृतिहरू 'आमा', महाकाव्य, निवन्ध संग्रह र कथा संग्रह रहेका छन् ।[१६]

## २.७ सम्मान, पुरस्कार, हालको बसाइ

नेपाली साहित्यमा डम्बर घिमिरेको योगदानको कदर गर्दै विभिन्न संघ संस्थाबाट सम्मान र पुरस्कार पनि प्रदान गरिएको छ । हास्यव्यङ्ग्यकार डम्बर घिमिरे जि.वि.स. झापाद्वारा वि.सं. २०५४ मा कदरपत्र साथ पुरस्कृत गरेको हो । त्यस्तै गरेर मेची नगरपालिका झापाद्वारा वि.सं. २०५९ मा सम्मानपत्र प्रदान गरेका व्यक्तित्व हुन् । डा. स्वामी प्रपन्नाचार्य चतुर्भुज पुरस्कार गुठी धरान सुनसरीले २०६१ मा सम्मान पत्र प्रदान गरेको छ । साहित्य कला सङ्गम दमक झापाले २०६० मा कदरपत्र प्रदान गरेको छ ।

त्यसै गरी राष्ट्रिय जन साँस्कृतिक मञ्च नेपाल धरानले २०५३ मा र सिंहदेवी पुस्तकालय पृथ्वीनगर झापा र मोती मा.वि. धरमपुर झापाले प्रशंसापत्र प्रदान गरेको छ । त्यस्तै गरेर उनलाई सृजना कला समूह काठमाण्डौं यथार्थ कुरा, लेखनाथ बाचनालय तथा पुस्तकालय, सृजनशील नाट्य समूह, सयपत्री साहित्य विसाउनी, साहित्य चौतारी, देवकोटा स्मृति भवन, धर्नासो साहित्य प्रतिष्ठान, जनज्योति युवाक्लव, नाइटस्टार युवाक्लव, नवरङ्ग साहित्य प्रतिष्ठान, बीरगञ्ज साहित्य परिषद् पर्सा, नेपाली साहित्य समाज मोरङ्ग, उर्लावारी गजल मञ्च मोरङ्ग, महाकवि देवकोटा शतबार्षिकी समिति रवि पाँचथर आदि विभिन्न स्थानका सङ्घ-संस्थाबाट डम्बर घिमिरेको योगदानको कदर गर्दै सम्मान पुरस्कार र कदरपत्र प्रदान गरिएको छ ।[१७] वि.सं. २०३२ सालदेखि झापाका विभिन्न विद्यालयहरूमा शिक्षण पेशामा संलग्न रही करिव ३४ वर्ष सम्म शिक्षण पेशामा आवद्ध हुनुभएका कवि श्री डम्बर घिमिरेको हालको सेवा निवृत जीवन विराटनगर वडा नं. १३ मा जीवन यापन हुँदैं छ ।

## २.८ निष्कर्ष

हासयव्यङ्ग्यकार कवि डम्बर घिमिरे वि.सं. २००२ साल असार १ गते विहीबारका दिन खोटाङ जिल्ला रावा खोला हौंचुरमा पिता गजाधर घिमिरे र माता मेनकुमारी घिमिरेका

[१५] ऐजन पृ. ११ ।
[१६] शोध नायकबाट प्राप्त जानकारी अनुसार
[१७] ऐजन पृ. २६५ ।

कान्छा छोराका रूपमा जन्मिएका थिए । वि.सं. २००४ साल जेठमा पिता गजाधर घिमिरेको निधनले आफ्नो कलिलो २ बर्षको शिशु अस्थामै प्यारा पिताबाट टाढिनु परेकाले आफ्ना जन्मदाताको अनुहार सम्म देख्न पाएनन् । तै पनि कान्छा छोरा भएकै कारणले परिवारका सबै जनाबाट माया, सद्भाव पाएका थिए । यिनको बाल्यकाल रावा खोला हौंचुरमा गाई बस्तु चराउने गोठालाहरूको अघि पछि लाग्दै स्थानीय फलफूल खाएर रमाइलो गर्दै अनि साथी संगीसँग खोप्पी खेल्दैं, लाप्पा खेल्दै, पौडी खेल्दै रमाइलो वातावरणमा बाल्यकाल विताएका थिए ।

डम्बर घिमिरेको शिक्षा आरम्भ घरबाटै दाजु महेश्वर घिमिरेबाट रुद्री, चण्डी र बेदको अध्ययन पूरा गरेका थिए । प्रतिभावान डम्बर घिमिरेको उच्च शिक्षा अध्ययन तत्कालीन समयमा खोटाङमा सम्भव थिएन । त्यसैले उच्च शिक्षा अध्ययनको लागि वि.सं. २०१९ सालमा भागेर बनारस जानु बाहेक विकल्प थिएन । किनभने कलिलो छोरालाई उच्च शिक्षा अध्ययनका लागि आमासँग सल्लाह गरेर बनारस पठाउने कुरा सम्भव थिएन । त्यसैले दाजुहरू र गाउँका त्यो बेलाका चेतनशील साथीभाइको सल्लाह अनुसार उच्च शिक्षा अध्ययनका लागि बनारस जानुपर्ने भयो । बनारसमा डम्बर घिमिरेका दाजु अध्ययनरत रहेकाले गाँस, बासको खासै समस्या भएन । एक वर्षको प्राइभेट अध्ययन पश्चात डम्बर घिमिरे औपचारिक रूपमा वि.सं. २०२० सालमा वाराणसेय संस्कृत विश्वविद्यालय (हालको सम्पूर्णानन्द विश्वविद्यालय) बनारसमा भर्ना भई उच्च शिक्षा अध्ययन गरेका थिए । वाराणसेय सँस्कृत विश्वविद्यालयबाट उनले २०२६ सालमा उत्तर मध्यमा प्रथम र द्वितीय खण्डको परीक्षा उत्तीर्ण गरे त्यसपछि वि.सं. २०२७ सालमा शास्त्री (स्नातक) प्रथम वर्षको परीक्षा दिएर स्वदेश फर्किएका थिए ।

डम्बर घिमिरे वि.सं. २०२७ सालमा नेपाल आएपछि लगतै चैनपुर फापुङ्ग निवासी शेषराज न्यौपाने र धर्मकुमारी न्यौपानेकी सुपुत्री तेजकुमारी 'माधुरी' सँग वि.सं. २०२७ साल माघ २७ गते वैवाहिक बन्धनमा आवद्ध भए । वि.सं. २०३० सालमा घिमिरेको प्रथम सन्तानका रूपमा छोरी जानुकाको जन्म भएको थियो भने त्यसको ८/८ वर्षको अन्तरालमा छोरा मनोज र छोरी प्रेमुकाको जन्म भई तीन सन्तानको जन्म भयो ।

हास्यव्यङ्ग्यकार कवि डम्बर घिमिरे वि.सं. २०३२ सालमा झापाको तोपगाछी नि.मा.वि. बाँसबारीबाट शिक्षण सेवा आरम्भ गरेको हुन । २०३४ सालको शिक्षक सेवा

आयोगबाट स्थायी शिक्षक पद भार बहन गर्दै झापाका विभिन्न विद्यालयमा करिव ३४ वर्ष आफूलाई शिक्षण पेशामा सरिक गराएको देखिन्छ । कवि हास्यव्यङ्ग्यकार घिमिरे वि.सं. २०२७ देखि साहित्य सिर्जना तर्फ उन्मुख रहेको देखिन्छ । उनको पहिलो कृति 'पूर्व तिर फर्कदा' कविता हो । आजसम्म उनका चार कृतिहरू प्रकाशित छन् । साथै थुप्रै कृतिहरू प्रकाशोन्मुख छन् । नवरङ्ग साहित्य प्रतिष्ठानका संस्थापक अध्यक्ष भई १८ वर्ष पदभार गरेका घिमिरे विभिन्न संघ संस्थाबाट पुरस्कार, सम्मान र कदर पत्रले सम्मानित हुनु भएको छ । हाल वहाँ झापाबाट मोरङ विराटनगरमा बसाई सरी सेवा निवृत जीवन विताई रहनु भएको छ भने नेपाली साहित्यका विविध हास्य, व्यङ्ग्य र कलाकारितामा पनि व्यस्त भएर काम गर्दै हुनुहुन्छ ।

# तेस्रो परिच्छेद

# हास्यव्यङ्ग्यको सैद्धान्तिक सन्दर्भ

## ३.१ हास्यव्यङ्ग्यको परिचय

### ३.१.१ पृष्ठभूमि

शक्तिवल्लभ आर्याल (१८५८) देखि आरम्भ भएको नेपाली हास्य व्यव्य लेखनले धरै घुम्ती र मोडहरू पार गरिसकेको छ । नेपाली साहित्यको विधागत स्वरूप नवनिसकेको अवस्था देखि नै हास्यव्यङ्ग्य शैली अपनाएर लेख्ने गरिएको यथार्थ साहित्यको इतिहासमा अङ्कन भएकै छ । नेपाली भाषाको लेखन परम्परा आरम्भ हुनु भन्दा अगाडि पूर्वमा संस्कृत र परिश्चममा अंग्रेजी विद्वानहरूले साहित्यका सन्दर्भमा हास्यव्यङ्ग्य शैलीको स्वरूप र सिद्धान्तबारे प्रसस्त चर्चा गरेका छन् । साहित्यमा भाव, अनुभूति एवं अनुभव अभिव्यक्त गर्ने विविध शैलीहरू हुन्छन् । स्रष्टा आफ्नो रुचि, क्षमता र अभ्यस्तताका आधारमा शैलीको छनौट गर्दछ । कोही गद्यलाई अपनाँउछन् कोही पद्यमै रमाउँछन् । कोही छन्दमा बग्दछ, कोहीवेछन्दमै पोखिन्छन् । यसरी साहित्यका विभिन्न विधाहरू मौलाएका छन् । अध्ययन गर्ने र ग्रहण गर्नेहरू आफ्नो रुचि अनुरूप छनौट गर्दछन् । विभिन्न विधा तथा शाखामा छरिएका रचना सृजनाको समुच्च रूप नै साहित्य हो । साहित्यमा प्रयुक्त विविध शैलीहरूमध्ये हास्यव्याङ्ग्यत्मक शैलीलाई एउटा विशिष्ट शैली मानिन्छ । यो अरु शैली भन्दा बढी प्रभावकारी, मनमोहक आल्हादकारी हुने गरेको छ ।[१८]

### ३.१.२ हास्यव्यङ्ग्य परिचय

साहित्यमा मूलतः दुई विधा हुन्छन् । गद्य विधा र पद्य विधा । दृश्य र श्रव्य जुनसुकै काव्यमा यी विधाहरू पाइन्छन् । साहित्यलाई संरचनातत्व, वस्तु र अभिव्यक्तिका आधारमा विभिन्न विधामा हेर्ने प्रकिया छ । ती विधाहरूमध्ये प्रमुख विधाहरू हुन कविता, कथा उपन्यास, नाटक, कविता नाटक, गद्य नाटक आदि । तर हास्यव्यङ्ग्यलाई स्वतन्त्र विधाको रूपमा लिन सकिदैन । किनभने हास्यव्यङ्ग्यत्मक अनुभूति उपर्युक्त सवैजस्तो विधामा अनुभव गरेका छौ । त्यसैले हास्यव्यङ्ग्य भन्ने तत्व साहित्यको स्वतन्त्र विधा होइन । कविता, कथा र निवन्ध सबैजसो विधामा हास्यव्यङ्ग्य पाइने हुनाले साहित्यमा यसको अन्तर्विधात्मक उपस्थिति हुन्छ ।

---

[१८] प्रतिनिधि नेपाली हास्यवङ्ग्य निवन्ध सम्पा. नरनाथ लुईटेल पृ. १३ ।

हास्य र व्यङ्ग्यको सैद्धान्तिक अध्ययन गरिने क्रममा यी दुवैलाई एकै ठाउँमा राखेर हेरिने चलनको विकास हुँदै गएको छ । तर साधारण भाषामा हास्य हास्नु हो भने व्यङ्ग्य भनेको छेडखान वा घोचपेन गर्नु हो । हाँस्नु र घोचपेच नितान्त बेग्लै कुरा हुन । हाँस्नु भनेको बेग्लै कुरा हो । अनि घोचपेच गर्नु बेग्लै कुरा हो । हास्यलाई व्यङ्ग्य नभए पनि पुग्छ । हास्य आफैमा पूर्ण छ । हास्यमा व्यङ्ग्यको खाँचो पर्दैन । यी दुईको सृजनक्षेत्र एकै हुनु सक्ने भएता पनि स्थायी धर्म र कतिपय उपकरणहरू यिनमा पृथक पृथक हुन सक्छन् । चरित्रका विभिन्न चेष्टा, विशेष प्रकारको उक्ति, विशेष खालका भावभङ्गिमा र विकृत किसिमका कथन वा पारदर्शनबाट पनि हास्य उत्पन्न हुन सक्छ र हास्य स्थायी भाव अभिव्यञ्जित हुन सक्छ । हास्य मानवका भावनात्मक उद्रेकको प्रतीकका रूपमा मानिन्छ । व्यङ्ग्य भने प्रतिक्रियाका रूपमा उद्रेक हुने विषय हो ।[१९]

'हास्य-व्यङ्ग्य' तत्वमा दुई पक्ष छन् -हास्य र व्यङ्ग्य । हास्य चाहिं नवरस मध्ये एक रस हो । व्यङ्ग्य भनेको एक प्रकारको उक्तिगत व्यञ्जना तत्व हो । यी दुवैको संयोगबाट हास्यव्यङ्ग्य बनेको छ । हास्यले व्यङ्ग्य बोकेको हुन्छ । त्यसैले हास्य भन्नासाथ व्यङ्ग्य पनि लिइने परम्परा छ । व्यङ्ग्य बिना हास्य लेखिदैन । व्यङ्ग्य भने हास्य बिना लेखिएको पाइन्छ । हास्य व्यङ्ग्यमा खास फरक के हो भने हास्यमा मानवीय विकृतिबाट हाँसो उमारिन्छ अर्कोतर्फ व्यङ्ग्यमा मानवीय कमजोरीको उद्घाटन गरिन्छ । यिनै दुई तत्वको संयोगबाट हास्यव्यङ्ग्य बन्न गएको हो । समष्टिमा हेर्दा हास्यव्यङ्ग्यमा निम्न कुराहरू पाइन्छन्-

- हल्का हाँसो
- मानिसमा पाइने कमजोरी प्रति छेडपेच,
- शरीरदेखि मनसम्म कुतकुत्याउने मनोरञ्जन,
- निजी आक्रोश, ईर्ष्या र घृणाको अभिव्यक्ति,
- समाजका विसङ्गति र विडम्बनाको उद्घाटन,
- अन्तर्विधात्मक स्वरूप
- रागात्मक तत्वको साधारणीकरण आदि

---

[१९] प्रतिनिधी झापाली हास्यव्यङ्ग्यकारहरू सम्पा. होम सुवेदी पृ. क ।

यसरी हास्यव्यङ्गय विधाले उपर्युक्त विशेषतालाई अंगालेको हुन्छ । अंग्रेजी साहित्यमा ड्रायडेन, स्विफ्ट र शेक्सपियरका रचनामा हास्य व्यङ्ग्य पाइन्छ भने नेपाली साहित्यमा केशवराज पिडाली, भैरव अर्याल, बासुदेव शर्मा, रामकुमार पाण्डे, विष्णु नवीन, डम्बर घिमिरे आदि यस विधामा प्रसिद्ध छन् ।

## ३.२.१. हास्यव्यङ्ग्यको परिभाषा/व्युत्पति

हास्यव्यङ्ग्यका बारेमा विभिन्न विद्वान, साहित्यकार र समीक्षकहरूले आ-आफ्नै किसिमका परिभाषा प्रस्तुत गरेका छन् । यसरी आफ्नो मत प्रस्तुत गर्ने क्रममा सबैले विभिन्न पक्षमाथि जोड दिएको पाइन्छ । यहाँ केही परिभाषालाई निम्नअनुसार प्रस्तुत गर्न सकिन्छः-

"हाँसो मानिसको खुसी रमाइलो तथा सुखद अनुभूति प्रकट हुँदा शारीरिक अवयव खासगरी अनुहारमा देखिने भावस्फोटनको क्रियात्मकरूप हो । यसलाई मानिसको जन्मजात र प्राकृतिक गुण विशेष पनि मानिदैं आएको छ ।[२०]"

"हाँसो जीवन सादृश्य साहित्यमा पनि प्रविष्ट हुँदै आएको छ । पूर्वीय शास्त्रमा नौवटा रसमध्ये हास्यलाई एउटा रस मानिएको छ । रसका विषयमा शास्त्रीय चर्चा गर्ने संस्कृत साहित्य शास्त्रका आदि आचार्य भरतमुनिले हास्यलाई श्रृङ्गारको अनुकृति मानेका छन्"[२१]-

भरतमुनि पछिका धनञ्जय, विश्वनाथ आदि पूर्वीय साहित्यचार्यहरूले भने विकृत आकार बोली-बचन, भेषभूषा, चेष्टा आदि द्वारा हास्यरसको अविर्भाव हुन जान्छ भनेका छन् ।"[२२]

"भरतीय विद्वान रामदहिन मिश्रले हास्य सृष्टिका निम्ति असङ्गतिलाई आवश्यक ठानेका छन् ।"[२३]

"हाँसो मानव जीवनको प्राकृतिक गुण हो । हाँसो बेगरको जीवन एकदमै निरर्थक, निस्सार र निरस मानिन्छ । हास्य विनाको जीवन जीवन नै होइन । अतएव जीवनमा हास्यलाई "एक जीवन शक्ति, जीवनरसको परिपोषक, दुःख सुख सहजतासाथ झेल्न सक्ने क्षमता आदिको रूपमा हेर्ने गरिन्छ ।"[२४]

---

[२०] भट्टराई भरतकुमार हास्य र व्यङ्ग्यको सैद्धान्तिक स्वरूप स्नात्कोत्तर शोध पत्र २०४४ त्रि.वि. किर्तिपुर पृ. ९ ।

[२१] ऐजन पृ. ९ ।

[२२] ऐजन पृ. ९ ।

[२३] ऐजन पृ. १० ।

[२४] डा. चतुर्वेदी वरसानेलालः हिन्दी साहित्यमे हास्य रस हिन्दी साहित्य संसार ई. १९६३ नया दिल्ली पृ. १३ ।

"हिन्दी साहित्यका अर्का विद्वान डा. राम कुमार बर्माको विचारमा हास्य श्रृङ्गारको अनुकृति नभई विकृति हो । भरतमुतिको मत प्रति उनी असहमत हुदै बताउँछन् -"यो विकृत आकार प्रकार, बोली-बचन, भेष-भूषा हावा-भाव-चेष्टा आदि द्वारा अभिव्यक्त हुन्छ । हास्यले केवल श्रृङ्गारद्वारा प्रेरणा प्राप्त नगरेर जीवनका विविध परिस्थितिद्वारा बल ग्रहण गर्दछ ।"[२५]

"उन्मुक्त हाँसोले मानसिक तनावलाई नष्ट गर्दछ, रिस मर्छ, डर हराउँछ र चित्त प्रशन्न हुन्छ । तनावमुक्त भएपछि मानिसको सृजना शक्ति बढ्छ"[२६]

"जीवनको सार्थकतालाई स्वीकारिएको हास्य मानिसको शारीरिक र मनोगत क्रियासँग सम्वन्धित छ र हास वा हाँसो स्थायी भाव रहने र परिहास (हँस्यौली-ठट्यौली) को क्रीडा विनोदको अनुभवलाई पनि समेट्ने उज्ज्वल आनन्दमय सञ्चेतना मानिन्छ"-[२७]

"हास्य उत्पत्तिको प्रमुख कारणका सम्बन्धमा मतैक्य देखिन्न । कसैले रोग र द्वेषलाई हाँसोको स्रोत मानेका छन् भने कसैले विकृतिका साथै अनौचित्यलाई हाँसो उत्पन्न गर्ने कारकका रूपमा लिएका छन् ।"[२८]

"बास्तवमा अकस्मात प्रकट हुने, घत परेर निस्कने र कुतकुताएर हँसाउने तीन किसिमले हाँसोको जन्म हुन्छ ।"[२९]

"हाँसोका बारेमा पाश्चात्य साहित्य शास्त्री देखि आधुनिक साहित्य चिन्तकसम्मका विद्वानजनले आ-आफ्ना मतहरू प्रकट गरेका छन् । मान्छे आनन्द र हर्षका बेलामा हाँस्दा रोगमूलक हाँसो हाँस्दछ भने कसैप्रति वा कोही प्रति उपेक्षा प्रकट गरेर हाँस्दा द्वेषभावबाट प्रेरित भई हास्दछ ।"[३०]

"रागअनुराग प्रकृति हो र द्वेष विकृति हो । त्यसैले रागोत्पन्न हास्यमा जुन शुद्धता पाइन्छ, त्यो द्वेषोत्पन्न हास्यमा पाइन्न । वास्तवमा रागबिहीन व्यक्ति अल्हादक र आल्हादित दुवै हुन सक्दैन । त्यसैले राग र रञ्जन वा आल्हाद अन्योन्याश्रित छन् । विशुद्ध हास्यको

---

[२५] ऐजन पृ. २४ ।

[२६] चट्याङग मास्टर -उन्मुक्त हाँसोको महत्व सिस्नु पानी नेपाल २०५५ असोज कार्तिक काठमाडौं पृ. २७ ।

[२७] प्रा.डा. त्रिपाठी वासुदेव प्रज्ञा वर्ष पूर्णङक ८० हास्यव्यङ्ग्यको सैदान्तिक सन्दर्भ तर्फ पृ. ८२ ।

[२८] प्रा.डा.वर्मा धिरेन्द्र हिन्दी साहित्यको कोष भाग एक ज्ञानमण्डल लिमिटेड, २०२० वाराणसी दो, सं. पृ. ९६५।

[२९] १०१ हास्यव्यङ्ग्य रत्न पुस्तक भण्डार २०५१ काठमाण्डौं पृ. ख ।

[३०] हास्यव्यङ्ग्य र हास्यव्यङ्ग्यकार भैरवको जयभुँडी, वर्ष १६ अंक २, २०३८ पुष-माघ पृ. १२१ ।

उपदेयता बस्तुतः मनोरञ्जन वा मानसिक तनावबाट मुक्ति हो तसर्थ यसको उत्पत्तिको स्रोत र सम्प्रेषणको लक्ष्य पनि राग नै हो ।"[३१] यही राग र द्वेष नै हास्य र व्यङ्ग्यको सैद्धान्तिक प्रस्थापनाका रूपमा विकसित हुँदै आएको छ ।

"वरिष्ठ भारतीय व्यङ्ग्व्यकार तथा समीक्षक वरसानेलाल चतुर्वेदीले हास्यव्यङ्ग्यको परिभाषाको क्रममा अन्तरसम्बन्धलाई यसरी उल्लेख गरेका छन्-"हास्यको उद्देश्य विशुद्ध मनोरञ्जन गर्नु हो जबकि व्यङ्ग्यको उद्देश्य हाँसोद्वारा दण्ड दिनु हो । हास्यमा भावतत्व प्रमुख हुन्छ । व्यङ्ग्यमा वुद्धि तत्व । हास्यकार सर्जक असङगतिहरूको चित्रणमा रस लिइन्छ व्यङ्ग्यकार विद्रोहलाई वाणी दिन्छ ।"[३२]

निष्कर्षमा उपर्युक्त विभिन्न विद्वानहरूका परिभाषा हेर्दा राग र द्वेष दुवैको समुचित समन्वय नै हास्य र व्यङ्ग्यको सैद्धान्तिक प्रस्थापनाको रूपमा विकसित हुँदै आएको देखिन्छ । यी दुवैको समुचित समन्वय भएको रचना उत्कृष्ट हास्यव्यङ्ग्य रचना हुन्छ ।

## ३.२.२. हास्यव्यङ्ग्व्य सम्बन्धी पूर्वीय मत

हास्यव्यङ्ग्य सम्बन्धी पूर्वीय मतमा विभिन्न लेखक विद्वानहरूले आ-आफ्नै भनाइहरू प्रस्तुत गरेका छन् । पूर्वीय मत अनुसार विभिन्न विद्वानहरूको केही प्रमुख मतलाई निम्न अनुसार प्रस्तुत गरिएको छ-

- पूर्वीय साहित्यमा प्राचीन कालदेखि नै हास्यलाई नवरसमध्येको एउटा महत्वपूर्ण रसको रूपमा व्याख्या गरिँदै आएको छ । मान्छेका सवलताहरूले मान्छेकै दुर्वलताहरूलाई र मान्छेका सामान्य प्रवृत्तिहरूले उसकै दुस्प्रवृत्तिहरूलाई गिज्याउनुबाट पनि एउटा बेग्लै स्वादको रस चुहिन्छ, जसलाई काव्य शास्त्रीहरूले हास्यरस भनी नवरसको पङ्क्तिमा राखेका छन्-[३३] ।
- हास्यरसलाई रसराजका रूपमा स्थापित गर्ने प्रयास नरसिंह चिन्तामणि केलकरले गरे । यो कुराको उल्लेख केलकरको पुस्तक "शुभाषित आणिवाणी विनोद" मा गरिएको छ । यसैलाई आधार मानी सन् १९१५-१६ मा वनारसबाट प्रकाशित हुने 'नागरी

[३१] ज्ञान विज्ञानको दिशा नेपाली साहित्यमा हास्यव्यङ्ग्य एक नागवेली २०३३ वराणसी पृ. ५१ ।
[३२] १०१ हास्यव्यङ्ग्य रत्न पुस्क भण्डार काठमाडौं, २०५१ पृ. ठ ।
[३३] छ्याकन (खेस्रा संस्करण) ०२५ को भूमिका पृ. ख ।

प्रचारिणी' पत्रिकामा हास्यरस शीर्षकमा एक लेखमाला प्रकाशन गरियो, जसमा हास्यरसलाई रसराज सिद्ध गरिएको थियो ।[३४] ।

- पूर्वीय मान्यता अनुरूप हास्य र व्यङ्ग्यलाई अलग अलग तत्वका रूपमा लिइन्थ्यो । सामान्य दृष्टिले हेर्दा हास्यव्यङ्ग्य मठ्याहा भाइ जस्ता लाग्छन् । दुवैका क्रियाकलाप, गुण विशेषमा समानता छैन । यस भिन्नताले हास्य अन्तर्गतको विभेदलाई देखाउँदा तर जातीय भिन्नतालाई नै होइन, यस कारण समान धर्मी हुन्  र समानार्थी पनि ।[३५]
- साहित्य शास्त्रमा स्वीकृत नौरसहरूका आ-आफ्नै स्थायी भाव रहेका हुन्छन् र यिनका विभाव, अनुभाव र व्यभिचारी भावहरू पनि फरक फरक हुन्छन् । विरोधी वा अविरोधी भावले हानी नगरी पुष्ट हुने, चित्तमा वासना रूपमा स्थित काव्य नाटकादिमा आद्यन्त रहिरहने प्रधान भाव, जो विभावादिद्वारा सम्बन्धित भएर रस रूपमा परिणत हुन सक्छ त्यो स्थायीभाव नै भाव हो ।[३६]
- बस्तुतः ध्वनि भन्नु नै प्रतीयमान अर्थ वा व्यङ्ग्यार्थ हो । ध्वनिका सन्दर्भमा नै पूर्वीय व्यङ्ग्यको टक प्रस्तुत भएको छ । यस प्रसङ्गमा भावगत व्यङ्ग्यार्थद्वारा नै काव्य वा साहित्यमा स्रष्टाले बाह्रय सौन्दर्यका साथै अन्तर्निगुढ भाव सौन्दर्यलाई अभिव्यक्त गरेको हुन्छ । अतः व्यङ्ग्यको मूलतात्पर्य शब्दार्थमा प्रकाशित सौन्दर्यका साथै समग्र साहित्यगत व्यङ्ग्यार्थ विशिष्ट काव्य रचनाको बाह्य प्रशोधनका साथै बस्तुगत वा भाव सौन्दर्य पनि हो । अर्थात वाह्य सौन्दर्यद्वारा प्रस्फुटन हुने चमत्कारपूर्ण विशिष्ट सौन्दर्य शिल्प मण्डित भाव परिपाकको संश्लिष्ट परिणति नै व्यङ्ग्य वा व्यङ्ग्यार्थ हो ।[३७]

निष्कर्षमा भन्नु पर्दा हास्यव्यङ्ग्य सम्बन्धी पूर्वीय मतमा विभिन्न विद्वानहरूले पूर्वीय साहित्यशास्त्रमा हास्यलाई हास्य रस र व्यङ्ग्यलाई व्यञ्जना शब्द शक्तिका रूपमा व्याख्या र विश्लेषण गर्दै हास्यव्यङ्ग्यको परिभाषा गरिएको छ ।

### ३.२.३. पूर्वीय दृष्टिमा हास्यव्यङ्ग्यको वर्गीकरण

पूर्वीय दृष्टिमा हास्यव्यङ्ग्यको वर्गीकरण विभिन्न विद्वानहरूले आ-आफ्नै तवरले गरेको पाइन्छ । ती मध्ये प्रमुख भनाई र वर्गीकरण देहाय बमोजिम प्रस्तुत गरिएको छ -

---

[३४] पूर्ववत् पृ. ३१ ।

[३५] छ्याकन पूर्ववत् पृ. १५ ।

[३६] सोमनाथ शर्मा साहित्य प्रदिप पुस्तक संसार, २०२८ काठमाडौ दोस्रो संस्करण पृ. ४-७ ।

[३७] पूर्ववत पृ. १२५ ।

### #=@=#=!= gf6\ozf:qsf k|0f]tf e/td'lgsf cg';f/

नाट्यशास्त्रका प्रणेता भरतमुनिका अनुसार हास्यलाई विभिन्न अर्थोदघाटनका आधारमा बर्गीकरण गरेका छन् । उनले हाँसोका ६ भेद देखाएका छन् । प्रयोजनमूलक हाँसो विभिन्न भएकाले आज तिनै हास्य श्रेणीलाई व्याङ्ग्यात्मक हाँसो भनेर लिन सकिन्छ ।[३८]

### #=@=#=@ ;+:s[tsf cfrfo{ ljZjgfysf cg';f/

पूर्वीय आचार्य तथा साहित्य दर्पणका स्रष्टा विश्वनाथले हास्यव्यङ्ग्यका छ भेद उल्लेख गरेका छन् । उनका अनुसार ज्येष्ठ, मध्यम र नीच गरी ३ कोटीमा राखेर ज्येष्ठलाई स्मित र हसित, मध्यमलाई उपहसित र विहसित, नीचलाई अपहसित र अतिहसित गरी ६ वटा हाँगामा छुट्याइएको छ ।[३९]

### ३.२.३.३ पूर्वीय आचार्य पण्डितराज जगन्नाथका अनुसार

पूर्वीय संस्कृत आचार्य तथा 'रसगंगाधर' ग्रन्थका स्रष्टा पण्डितराज जगन्नाथले हास्यलाई बाह्रवटा भेदमा वर्गीकरण गरेका छन् । उनको बर्गीकरण अनुसार हास्यका प्रथम तहका विभेदरेखा आत्मावलम्वन र परावलम्वनका रूपमा देखिन्छन् । यी दुवै भेदलाई उत्तम, मध्यम र अधमसमेतका भेदले जम्मा ६ वटा उपभेद स्वीकारिएका छन् । तेस्रो तहमा गएर उत्तमलाई स्मित र हसित, मध्यमलाई उपसहित र विहसित तथा अधमलाई अपहसित र अतिहसित गरी जम्मा बाह्रवटा भेदमा विभाजन गरिएको छ ।[४०]

यसरी हास्यका उत्तम, मध्यम र अधम गरी तीन प्रकृतिगत भेद, स्मित हसित आदि ६ भेद र तिनका आत्मस्थ र परस्थ २ भेद गरी हास्यका जम्मा १२ भेद हुने कुरा यसको विशिष्ट व्याख्याकर्ताका रूपमा पण्डितराज जगन्नाथले बताएका छन् । भरत र जगन्नाथद्वारा प्रतिपादित हास्यका उक्त भेदहरूलाई हिन्दी साहित्यका विद्वान् डा. रामकुमार बर्माले प्रस्तुत गरेका छन् ।[४१]

## ३.२.४. हास्यव्यङ्ग्यको पाश्चात्य मत

पाश्चात्य विद्वानहरूले हास्य र व्यङ्ग्यका बारेमा अध्ययन विवेचन गरी आदिकालदेखि नै आफ्ना विचार र मतहरू राख्दै आएका छन् । पश्चिममा हास्य सम्बन्धी

---

[३८] प्रतिनिधि नेपाली हास्यव्यङ्ग्य निवन्ध पृ. २७ ।
[३९] साहित्य दर्पण तृतीय परिच्छेद कारिका २१७ ।
[४०] नेपाली हास्यव्यङ्ग्य निवन्ध साझा प्रकाशन काठमाडौं, २०५१ पृ. च ।
[४१] पूर्ववत पृ. १९ ।

चिन्तन परम्पराको प्रारम्भ ग्रीसका अरस्तुदेखि भएको मानिन्छ । अरस्तुले प्रतिपादन गरेको सिद्धान्तको प्रभावबाट अंग्रेज दार्शनिक हब्सले  लेवियाथान ग्रन्थ मार्फत उत्कर्ष सिद्धान्तको प्रतिपादन गरे । हब्स भन्छन्- हास्य भनेको गौरवको अनुभूतिद्वारा अद्भूत प्रसन्नताको प्रकाशन हो ।[४२]

अरुको मूर्खतालाई देखेर आफूलाई गर्वको अनुभव हुँदा हामीमा प्रशन्नताको भाव जागृत हुन्छ र त्यस गर्वद्वारा उत्पन्न प्रशन्नतालाई हामी हास्यको माध्यमबाट प्रकट गर्दछौं ।[४३] हास्यसम्बन्धी पाश्चात्य विद्वानहरूका विविध विचारलाई सार संग्रह गरी भारतीय व्यङ्ग्यकार तथा समीक्षक डा. बरसानेलाल चतुर्वेदीले हास्य अभिव्यक्तिका प्रमुख पाँच आधारहरूलाई सूत्रवद्ध गरेका छन् - १) शारीरिक २) मानसिक ३) घटना वा कार्यकलाप ४) रहनसहन ५) विशिष्ट शब्दावली ।[४४] "व्यङ्ग्यमा आलम्वनको विकृत रूपको हाँसो उडाइन्छ, अथवा त्यही सरहको कुनै हास्यास्पद वा असामाजिक तत्वसँग त्यसलाई वचन बैदग्ध्यका सहायताले उपहास गरिन्छ ।[४५]

व्यङ्ग्यकार केवल सत्यको प्रतिष्ठामा मात्र जोड दिदैंन परन्तु बाग्वैदग्ध्यका सहायताले पापको घैंटो फोर्दछ र ढोंगको पर्दाफास गर्दछ ।[४६]

व्यङ्ग्यले के चेतावनी दिन्छ भने मानव त्यस्तो अद्भूत जनावर हो जसमा मूर्खतापूर्ण कार्य गर्ने असीमित क्षमता छ र यदि व्यङ्ग्यद्वारा यस सत्यको स्पष्ट अभिव्यक्ति भएका खण्डमा त्यो पर्याप्त हुनेछ । मनुष्यको गौरवको वर्णन गर्नु कठिन कार्य हो ।[४७]

व्यङ्ग्य एक प्रकारको ऐना हो जसमा हेर्नेले आफ्नो अनुसार बाहेक अरु साराको अनुहार देख्दछ । त्यसैले गर्दा विश्वमा व्यङ्ग्यको स्वागत गरिन्छ र अति अल्पसङ्ख्यक मानिसले मात्र यसद्वारा आफूलाई पीडित तुल्याएको अनुभव गर्दछ ।[४८]

हास्यव्यङ्ग्य सम्बन्धी पाश्चात्य विद्वान् एवं विश्लेषकहरूका यी अभिव्यक्तिहरूको सार संग्रह गर्दा यो निष्कर्षमा पुग्न सकिन्छ, हास्यव्यङ्ग्य भनेको पापको घैंटो फोर्ने र

[४२] पूर्ववत पृ. ५६ ।
[४३] पूर्ववत पृ. २७ ।
[४४] पूर्ववत पृ. ६१ ।
[४५] आधुनिक हिन्दी काव्यमे व्यङ्ग्य ई. १९७३ प्रभात प्रकाशन दिल्ली पृ. १० ।
[४६] ऐजन पृ. १० ।
[४७] ऐजन पृ. ५६ ।
[४८] ऐजन पृ. ५६ ।

ढोंगको पर्दाफास गर्ने अभिव्यक्तिको एउटा सशक्त कला हो । यसले विषयवस्तुका रूपमा अनेकानेक विसङ्गतिका घट्ना परिघट्नाहरूलाई सफलतापूर्वक चित्रण मात्रै गर्दैन त्यसलाई  उच्छेद गर्न, विनष्ट गर्न अभिप्रेरित गर्दछ ।

### ३.२.५. हास्यव्यङ्ग्यको पाश्चात्य वर्गीकरण

पाश्चात्य साहित्यका चिन्तकहरूले हास्यव्यङ्ग्यलाई मूलतः पाँचवटा भेदमा वर्गीकरण गरेका छन् । त्यो बर्गीकरण समबन्धी यहाँ सङ्क्षिप्त विवेचना गरिएको छ -

#### ३.२.५.१. ह्युमर (स्मितहास्य)

यो हास्य शिष्ट, शालीन, अनुशासित, दयालु, आत्मीयता प्रकट र प्रस्तुत हुने गर्दछ । मेरिडिथले भनेका छन्- जसप्रति हाँसिन्छ, त्यसप्रति प्रेम र आत्मीयता, श्रद्धा र बात्सल्यजस्ता गुणहरू पनि गुमाउनु हुदैन ।[४९] मर्यादित र अनुशासनयुक्त अवश्थाको हाँसोलाई मात्र यस भेदमा लिइन्छ । ह्युमरका निम्ति निम्नलिखित ५ वटा तत्व अनुपयुक्त मानिन्छन्-

क) प्रयोजनमूलक हाँसो व्यक्त हुनु,

ख) बेवास्ता प्रकट हुने अर्थ दिनु,

ग) अतिरञ्जनात्मक अर्थ दिनु,

घ) ईर्श्या व्यक्त हुनु,

ङ) अस्वीकृत अर्थ व्यक्त हुनु, दयालुपन र आत्मीय जस्ता तत्वहरू ह्रास हुँदै जानु ।

यिनै पाँचवटा तत्वहरू देखापरेपछि ह्युमर (स्मित) तहबाट पलायन गर्दछ र क्रमशः बाग्वैदग्ध्य र व्यङ्ग्यतिर आरोहण गर्न थाल्दछ ।।

#### ३.२.५.२ वीट (बाग्वैदग्ध्य)

सन्तुलन र अवस्था अनुकूल मर्यादाको प्रयोग गर्दा उक्तिमा बैचित्र्य आएको अनुभूति व्यक्त गर्ने हास्यको छनक आभास हुने र आश्चर्यको सञ्चार गराउने रचनालाई यस भेदमा स्वीकारिएको छ । स्वाभाविक कथन र स्वाभाविक प्रक्रियावाटै हास्य जन्मिन्छ भने

---

[४९] मेरिडिथ -एन एस्से अन कमेडी ।

व्यङ्ग्यात्मक भाव जन्माउने उपमा, कल्पना र उक्ति चमत्कारद्वारा देखिने अनौठोपनबाट बाग्वैदग्ध्य जन्मिन्छ । त्यसैले हास्य भन्दा कठोर र व्यङ्ग्यबाट केही नरम अभिव्यक्ति नै बाग्वैदग्ध्य (वीट) हो ।[५०]

यहाँ पाश्चात्य शब्दकोषका प्रणेता वेष्स्टरको भनाई पनि स्मरणीय छ-सम्भाषण, सम्वाद वा लेखना आदिवाट अप्रत्याशित रूपमा आश्चर्य, आनन्द र आक्षेप प्रकट हुने रचनावली वीट (वाग्वैदग्ध्य) हो ।[५१]

## ३.२.५.३ सटायार (व्यङ्ग्य)

हास्यका सामान्य तहबाट धेरै माथि पुगेको यस अवस्थामा ध्वनिको मूर्तरूप लिन पुग्दछ । यहाँ आइपुग्दा अर्थले व्यापकता र गम्भीरता ग्रहण गरिसकेको हुन्छ । सटायर पूर्ण रूपमा विसङ्गतिबाट जन्मिने तत्व भएकाले यसमा लेखकले प्रत्यक्ष रूपमा आक्रमण गरेर अप्रत्यक्ष रूपमा सुधारको सन्देश गरेको हुन्छ । मान्छेको दैनिक जीवनसँग अभेद सम्बन्ध राख्ने तत्वहरूसँग निहित विकृति र विसङ्गतिहरूप्रति तीव्र आक्रमण गर्दछ । रचना व्यङ्ग्यको तहमा उक्लिएपछि दयालुपन र कोमलताका गुणहरू पूरै हराउँछन् । द्वेषका र क्रोधका भावहरू प्रकट हुँदै जान्छन् । यथाविषयमै छेडछाड हुन थाल्छ । यसले पनि तीन चरण पार गर्दछ-पहिलो चरणमा श्लेषात्मक रूपले अभिव्यक्ति हुन्छ, दोश्रो चरणमा उपहासात्मक र तेश्रोमा आक्रमणात्मक तथा आक्षेपात्मक अभिव्यक्ति हुन्छ ।

व्यङ्ग्य (सटायर) ले खास गरी मानव जीवनको तीन वटा पक्षमाथि आक्रमण गर्दछ (१) निन्दनीय वस्तुलाई खुलै रूपमा निन्दा गर्नु (२) मानव जीवनीका मर्यादा अतिक्रमण भएको भए तिनको सीमा कायम गर्नु (३) अहितकर वातावरण र दुष्प्रवृत्तिबाट समाजलाई जोगाउन खोज्नु ।[५२]

## ३.२.५.४ आइरोनी (बक्रोक्ति)

उक्तिमा वाण बराबर तीखो र आक्रामकतत्व रहनु बक्रोक्ति हो । आवरणमा हास्यतत्वको जलप हुँदाहुँदै पनि अलङ्कार ध्वनिका माध्यमले कथन तत्वमा रहेको

[५०] नेपाली हास्यव्यङ्ग्य निवन्ध साझा प्रकाशन २०५१ दो.सं. पृ. ङ-ढ ।
[५१] प्रतिनिधी नेपाली हास्यव्यङ्ग्य निवन्ध सम्पा. नरनाथ लुईटेल ।
[५२] पूर्ववत पृ. झ-ञ ।

व्यङ्ग्यलाई बाङ्गो बनाउने प्रयास भएको रचना नै आइरोनी हो । उक्तिमा विचित्रता राख्नु बाग्वैदग्ध्य हो भने आवरणयुक्त युक्तिका माध्यमले व्यङ्ग्यको काम गर्नु बक्रोक्ति हो ।[५३]

## ३.२.५.५ प्यारोडी (विद्रूपण वा परिहास)

सम्पन्न भइसकेको कार्यको कुनै खास व्यक्तिका वानी बेहोराको वा कसैका कृतिको अनुकरण गरी पुनः सर्जन गर्ने कार्य यस भेद अन्तर्गत पर्दछ । प्यारोडीको सिर्जनामा तीन वटा आधार हुन्छन् -१) भावसाम्य २) आकारसाम्य ३) शब्दसाम्य । यी मध्ये कुनै पनि प्रक्रियाबाट मूलभूत बस्तु वा विषयको सम्झना गराएमा प्यारोडीको उद्देश्य पूरा भएको मानिन्छ ।

“रचनाको उच्चतासँग सम्बन्ध राख्ने काम गर्नु प्यारोडीको विशेषता हो । श्रद्धा, विश्वास, आस्था र मर्यादाभित्र हीनताभाव आउन नपाई हास्य जन्माउनु प्यारोडीको विशेषता हो ।

निष्कर्षः- यसरी हास्यव्यङ्ग्य पाश्चात्य साहित्यमा सामाजिक र बैयाक्तिक विसङ्गतिमाथि निर्मम प्रहार गर्ने अभिव्यञ्जनाकै कौशल मानिन्छ । व्याख्या र विश्लेषण जतासुकैबाट गरे पनि हास्यव्यङ्ग्यले सङ्गति खोज्दछ ।

## ३.२.६. हास्यव्यङ्ग्यका तत्वहरू

यथार्थ र आदर्शका बीच उत्पन्न खाडल नै हास्यव्यङ्ग्य सिर्जनाको जग हो । विसङ्गति र विकृति नहुँदो हो त हास्यव्यङ्ग्यको सिर्जना एवं उद्भाव पनि हुने थिएन । हास्यव्यङ्ग्यका तत्वहरूलाई सामान्यत दुई भागमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ - आन्तरिक र वाह्य ।

## ६.१ हास्यव्यङ्ग्यको आन्तरिक तत्व

विसङ्गतिको बोध गर्न सक्ने लेखकीय तथा पाठकीय सम्वेदना अन्तर तत्व अन्तर्गत पर्दछ । हुनुपर्ने कुरा भइरहेको छ कि हुनु नपर्ने कुरा भइरहेको छ भनेर अन्तर्दृष्टिद्वारा पर्गेल्न सक्ने क्षमता नभई हास्यव्यङ्ग्य सिर्जना गर्न सकिन्न । यही क्षमता नै विसङ्गतिबोध गर्न सक्ने सम्वेदना हो ।

---

[५३] पूर्ववत पृ. ण ।

## ६.२ हास्यव्यङ्ग्यको बाह्य तत्व

हास्यव्यङ्ग्य विद्यमान विसङ्गति प्रति अस्वीकृति हो, विरोध हो, विद्रोह र असहमति हो । अनाचार, भ्रष्टाचार, अनैतिकता, अकर्मण्यता र अमानवीयताका विरोधमा अन्तरध्वंश मच्चाउदै आचार, नीति, नियम र अनुशासनपूर्ण जीवनको पक्षमा बकालत गर्नु हास्यव्यङ्ग्यको आवश्यक बाह्य तत्व हो ।

### समाजमा व्याप्त विसङ्गतिलाई निम्न अनुसार वर्गीकरण गर्न सकिन्छ

**क) सामाजिक विसङ्गति**

सामाीजक जीवनका धेरै कुराहरूमा सङ्गति मिलिरहेको हुँदैन । सामाजिक संरचना, जात-जाति, शोषण-उत्पीडन रहन-सहन आदिमा अन्तर्निहित विसङ्गति नै सामाजिक विसङ्गति अन्तर्गत पर्दछ । यस किसिमका विसङ्गतिहरूलाई क्रूरता र निर्ममतापूर्वक हास्यव्यङ्ग्यमा उतार्न सकिन्छ ।

**ख) राजनीतिक विसङ्गति**

राजनीति राज्य सञ्चालनको मेरुदण्ड हो । राजनीतिमा पनि विसङ्गति हुन्छ । शक्तिमा आफू पुग्न ठूलो षड्यन्त्र हुन्छ । राजनीतिमा उचाल्ने र पछार्ने जस्ता असङ्गतिहरू हुन्छ । यो असङ्गतिको बोटमा अवसरवाद, छलकपट, धोका, हत्या, हिंसा जस्ता अनेकन फलहरू फलिरहेका हुन्छन् । राष्ट्रिय र अन्तराष्ट्रिय राजनीतिको यस्तै जर्जर र वर्वर स्थिति हास्यव्यङ्ग्यका निम्ति उर्वर विषयवस्तु बनेको हुन्छ ।

**ग) आर्थिक विसङ्गति**

राज्य सञ्चालनको दोस्रो मेरुदण्ड त्यहाँको अर्थतन्त्र हो । अर्थतन्त्रको अग्रगति र अधोगतिले देशको अग्रगति र अधोगतिको दिशा निर्धारण गरिरहेको हुन्छ । तर असङ्गति र विकृतिका बलिया जराहरू त्यहाँ पनि पसेका हुन्छन् । अर्थतन्त्र भित्र घुसेको विकृतिले देशको सिङ्गै अर्थतन्त्रलाई धरासायी पार्न सक्छ । यही अर्थतन्त्रसँग सम्बन्धित असङ्गति र अमिल्दा पक्षहरूलाई आर्थिक विसङ्गति भन्नु पर्दछ । यी विसङ्गतिहरूलाई आर्थिक विसङ्गति भन्नु पर्दछ । यी विसङ्गति हास्यव्यङ्ग्यको निम्ति उपयुक्त खजाना सावित हुन्छन् ।

**घ) प्रशासनिक विसङ्गति**

राज्य व्यवस्था अन्तर्गत अनेक प्रशासनिक यन्त्रहरू परिचालित हुन्छन् । तर ती यन्त्रहरू सबै क्षणमा ठीक ठीक ढङ्गले सञ्चालित हुदैनन् । यसो नहुनुमा अनेकन विकृतिले

जरा गाडिरहेको हुन्छ । असमानता, पक्षपात, ढिलासुस्ती, चाकरी, नातावाद, भ्रष्टाचारी जस्ता विकृतिले प्रशासनिक यन्त्रलाई कुँजो र अपाङ्ग बनाइरहेको हुन्छ । यो प्रशासनिक विसङ्गतिको दारुण तस्वीर हो । यही दारुण स्थितिलाई विषयवस्तुको ताँदो बनाएर हास्यव्यङ्ग्यले तीर हान्छ, यावत विकृतिको शिर छेदन गर्दछ ।

**ङ) धार्मिक तथा साँस्कृतिक विसङ्गति**

जुनसुकै देशमा पनि विभिन्न धर्म वा सम्प्रदायका मानिसहरू बसोबास गर्दछन् । उनीहरूको धर्म वा सम्प्रदायलाई आधार बनाइ गरिने पाखण्डपूर्ण क्रियाकलापहरू धार्मिक विसङ्गतिका द्योतक हुन । साँस्कृतिक क्षेत्रमा उत्पन्न विकृति स्थितिले साँस्कृतिक वितण्डा खडागरी राष्ट्रिय र मौलिक संस्कृतिलाई क्षतविक्षत पारिरहेको हुन्छ । यस्ता धार्मिक तथा साँस्कृतिक विसङ्गतिलाई मियो बनाएर हास्यव्यङ्ग्यले उछितो काड्ने काम गर्दछ ।

**च) मानवीय विसङ्गति**

मान्छे एउटा व्यक्ति हो तर उ समाजमा बस्छ । उसका नीति, आचरण, स्वभाव र आनीवानीमा अन्तर्निहित असङ्गतिले सामाजिक जीवनलाई समेत असर नपारी छोड्दैन । व्यक्ति भित्रका कमजोरी, दुर्वलता, दोष र अकर्मण्यताले बैयक्तिक विसङ्गतिको कोटीमा पर्दछन् । यद्यपि यी कमजोरी, दुर्वलता दोष र अकर्मव्यताले सिङ्गो समाजलाई अधोगतितर्फ धकेलिरहेको हुन्छ । हास्यव्यङ्ग्य यस्ता बैयक्तिक विसङ्गतिलाई लेथ्नो काड्न हर्दम तत्पर रहन्छ ।

यस्तै विसङ्गतिका सेरोफेरोमा हास्यव्यङ्ग्य सङ्गति खोज्दै अघि बढिरहेको हुन्छ । हास्यव्यङ्ग्व्यले हास्य, व्यङ्ग्व्य, बक्रोक्ति, बाग्वैदग्ध्य, प्यारोडी, प्रहसन, अतिरञ्जना, हाँसो ठट्टा र कतिपय स्थितिमा त गालीगलौज र निन्दा तथा आक्षेप जस्ता विभिन्न उपकरणमार्फत विसङ्गतिका विरुद्ध आंक्रमण गरिरहेको हुन्छ ।

## ३.२.७ हास्यव्यङ्ग्यको प्रमुख उद्देश्य

नेपाली साहित्यमा हास्यव्यङ्ग्यको प्रमुख उद्देश्यहरूलाई निम्न अनुसार प्रस्तुत गर्न सकिन्छ -

- साहित्यका गद्य या पद्य या कविता, निवन्ध, कथा, नाटक, उपन्यास लगायत विभिन्न विधाको आड लिएर हास्यव्यङ्ग्य अवतरित हुने गर्दछ । हास्यव्यङ्ग्य अन्तर्विधात्मक भएर विषयबस्तुलाई अभिव्यक्ति दिने शैलीगत प्रवृत्तिका रूपमा रहनु यसको मूल धर्म हो ।

- मनोरञ्जनात्मक किसिमले समाज र व्यक्तिका दुर्गुण एंव दुर्वलताहरूमाथि छेडपेच गर्दै यथार्थ तथा बास्तविकताको उद्घाटन गर्नु हास्यव्यङ्ग्यको एउटा प्रमुख दायित्वको रूपमा उपस्थित हुन्छ ।

- व्यक्ति, समाज, राष्ट्र एवं युग-जीवनका वीच विद्यमान अन्तर्विरोध तथा विकृतिजन्य विसङ्गतिलाई उछिनेर त्यसको चित्रण गर्नु र त्यसको निराकरणको निम्ति सन्देश सम्प्रेषण गर्नु हास्यव्यङ्ग्यको प्रमुख उद्देश्य अन्तर्गत पर्दछ ।

- सामाजिक दुर्व्यवस्था तथा विडम्बनाका साथै निजी आक्रोश र ईर्श्यालाई सामुहिकीकृत गर्दै अभिव्यक्त गर्ने क्षमता यो शैलीमा रहने हुँदा बैयक्तिक रोग र दुर्भावनालाई सार्वजनिकीकरण गर्ने बैशिष्टय पनि यसमा रहेको हुन्छ ।

- हास्यको लेप लगाउँदै मर्मभेदी आलोचनात्मक आक्रमण गर्नु हास्यव्यङ्ग्यको अनुशासन हो ।

- व्यक्ति, परिवार, समाज, राष्ट्र एवं अन्तर्राष्ट्रिय व्यापक सन्दर्भलाई समेत समात्दै तिनका विकृति र विसङ्गतिलाई पाठक सामु राखी सुधारको सन्देशसहित गरिने तीव्र आक्रमण एवं भर्त्सना पनि यसको रचनात्मक दायित्व अन्तर्गत पर्दछ ।

- हास्यव्यङ्ग्य भाव र विचारलाई प्रक्षेपित गर्ने वा सम्प्रेषित गर्ने शिष्ट, सौम्य र कलात्मक सौष्ठव हो । त्यसैले यसमा अभिधा भन्दा लक्षण र व्यञ्जना बृत्तिको विशिष्ट भूमिका रहन्छ । युग र समाजका यावत विसङ्गतिहरूलाई श्लेष, व्यञ्जना, ध्वनि, बक्रोक्ति,, वाग्वैग्ध्य आदिको उपयोगद्वारा मार्मिक र प्रभावकारी ढङ्गले प्रस्तुत गर्ने क्षमता रहन्छ । यसमा समाज र युगका यथार्थ सत्यलाई कलात्मकताका साथ नङ्ग्याएर सुधारका लागि सुमार्ग दर्शन गरिएको हुन्छ ।[५४]

- सोभै भनिएका कुरा व्यङ्ग्व्य हुदैंन र हाँसो गर्ने भनेर अशिष्ट ढङ्गले गरिएको कुरा पनि विशिष्ट हास्य हुन सक्दैन ।

- सिङ्गै नारी समुदाय, उत्पीडित जाति जनजाति, बालबालिकाका अवोधपन माथि गरिएको अमानवीय र अमर्यादित छेडपेचलाई सभ्य हास्यव्यङ्ग्यको कोटिमा राख्न सकिन्न ।

[५४] पूर्ववत पृ. १३९-४० ।

) जवजव मुलुकको परिस्थिति जर्जर र वर्वर बन्छ तव तव हास्यव्यङ्ग्य लेखनले उर्वर उर्जा प्राप्त गर्दछ । अनि हास्यव्यङ्ग्यले कुनै अवस्थामा पनि जर्जरता र वर्वरताको पक्षपोषण गर्दैन । वर्वरताका विरुद्ध हास्यव्यङ्ग्य जहिलेसुकै पनि विद्रोह बोल्दछ । यसले यथास्थिति र पश्चगामी चिन्तनलाई काखी च्याप्दैन, अग्रगामी चिन्तनको पक्षमा आफूलाई प्रस्तुत गर्न रुचाउँछ ।

## ३.३ नेपाली हास्यव्यङ्ग्य इतिहासको सेरोफेरो

### ३.३.१ नेपाली हास्यव्यङ्ग्यको मौलिक परम्परा

परापूर्वकालदेखिनै विसङ्गत स्थिति माथि हाँसो उडाउँदै व्यङ्ग्य गर्ने परिपाटी र प्रचलन नेपाली संस्कृतिको एउटा पाटो बनेर आएको छ । एक आपसमा हाँसो, ठट्टा, छेडपेच, घोचघच्चा हान्दै बोलीचालीमा रमाइलो गर्ने नेपालीहरूको आफ्नो पारा छ । गोठालो जाँदा होस वा मेलापात, जन्त जाँदा होस् वा मलामी जाँदा, विहे व्रतवन्धमा होस या सांस्कृतिक चाडवाडका अवसरमा होस, हाँसो र व्यङ्ग्यपूर्ण झाँकी र फाँकीहरू प्रस्तुत हुने धेरै पुरानो परम्परा छ । मान्छेका बोली व्यवहार, जात, जाति, भेषभूषा, आचार विचारसँग जोडिएका लोकगीत, सिलोक उखान, टुक्का आदि यसैका उदाहरण हुन् । यसरी हाम्रा सामाजिक व्यवहार र साँस्कृतिक गतिविधिहरूमा हास्य र व्यङ्ग्यले पर्याप्त ठाउँ लिएको छ ।

ग्रामीण क्षेत्रका अनपढ अशिक्षित भनिने मानिसहरूमा पनि हाँसो र व्यङ्ग्योपहासमा रमाउने चेतना उन्नत रहेको पाइन्छ । मेलामा खेतालाहरूको निम्ति खाजा लिएर आएकी गर्भवती महिलालाई खेतालाहरू छेडखान गर्छन्- 'हामी यति जाबो खेतालालाई पुग्ने खाजा दुई दुई जनाले बोकेर ल्याउनुपर्थ्यो त ?' अथवा 'ए दिदी अगाडि पट्टि ढुङ्गा छ, देख्या छ के ?' यसरी नै तीजका अवसरमा हजारौँ बुहारीहरू, कर्कशा सासूको वा ससुराको, जेठाजु र देवरको स्वभाव एवम् आनीबानीलाई व्यङ्ग्यात्मक विषय बनाई गीतका भाकामा उन्छन् । यसरी नै विहेमा दुलाहाको घरमा गाउँभरिका महिलाहरू भेला भएर विभिन्न भेष-भूषा धारण गरेर व्यङ्ग्यात्मक रोचक रत्यौलीमा रमाउने परम्परा छ ।

हासो व्यङ्ग्यलाई नैं उजागर गर्ने एउटा सांस्कृतिक पर्व नै छ- नेपालीहरूको हरेक वर्ष गाईजात्रा पर्व एक प्रकारको हास्य पर्व नै हो । यो दिन गाईको चित्राङ्कित मुखुण्डो, भाङ्राको टोपी, पेरुङगाको पगरी, खुर्सानीको माला र रागेपाटे गाला बनाएर सहर र बजार

भरी मान्छे निस्कन्छन् । कोही जोगीको रूपमा कोही रोगीको रूपमा, कोही बौलाहाको भेषमा, नौरङ्गी भाँती र भेषमा, कोही गाईको रूपमा डोरिदै निस्केको यो दृश्य देख्दा मान्छे नहाँसी रहन कहाँ सक्छ र ? परम्परा भित्रै पन्पिएको यो झाँकी नेपाली संस्कृति कैं एउटा फाँकी हो ।

हास्यव्यङ्ग्य शुरुमा मौलिक परम्परा अनुसार शुरु भएको पाइन्छ । जुन अहिले पनि नेपालको गाउँघर, शहर बजार तिरै विभिन्न पर्वमा, जात्रामा, जमघटमा, जीवितै पाइन्छ । यसरी मौलिक रूपमा विकसित हुँदै आएको हास्यव्यङ्ग्यले लिखित रूपमा विभिन्न गद्य र पद्यमा उन्नीएर विकसित रूप लिएको पाइन्छ ।

## ३.३.२ नेपाली हास्यव्यङ्ग्य लेखनको कालक्रमिक विकास

नेपाली साहित्यमा हास्यव्यङ्ग्य लेखनको प्रारम्भको इतिहास नेपाली साहित्यको इतिहास जतिकै लामो छ । प्राप्त आधारलाई मानेर हेर्दा सुवानन्ददास पहिला कवि, शक्ति वल्लभ दोस्रो कवि हुन् । त्यतिखेरै संस्कृतको 'हास्यकदम्ब' लाई नेपालीमा उल्था गरी हास्यको अनुहार चिनाउने काम शक्तिवल्लभले गरे । यसलाई हास्यव्यङ्ग्यको अक्षराम्भ भने हुन्छ । तर साहित्यिक सृजनाको मौलिक कृतिको दृष्टिले त भानुभक्तलाई पर्खनुपऱ्यो ।[५५]

नेपाली हास्यव्यङ्ग्य लेखनःको कालक्रमिक विकासलाई चरणवद्ध रूपमा उल्लेख गर्न सान्दर्भिक देखिन्छ । जुन निम्न अनुसार प्रस्तुत गरिएको छ ।

### ३.३.२.१ प्रारम्भ काल

नेपाली हास्यव्यङ्ग्यको प्रारम्भिक काल अन्तर्गत वि.सं. १८०१ देखि १९३९ सम्मको १४० वर्षको समय अवधि भित्र पर्दछ ।[५६] यो समय नेपालको एकीकरण अभियान देखि सुगौली सन्धि र मोतीराम भट्टको आगमनपूर्वको समय अवधि हो । नेपाली साहित्यमा यही अवधिलाई वीर काल भनिन्छ । पृथ्वीनारायण शाहको एकीकरणकालीन युद्ध र नेपाल अंग्रेजयुद्धद्वारा प्रेरित भई लेखिएका राष्ट्रप्रेमका कविताहरूको. सेरोफेरोमै सफलताको कामना, असन्तोषको जाहेरी तथा परस्परका लडन्त भीडन्तलाई प्रतीकको रूपमा चित्रण गर्दै हास्यव्यङ्ग्य कविता प्रकट भयो । विजयपछिको अनुचित व्यवहार र अंग्रेजीमाथिको आक्रमण र प्रत्याक्रमणको विषयवस्तु व्यङ्ग्य विनोदका रूपमा प्रकट भयो । जुन बेलाको केही नमुना यहाँ प्रस्तुत छ-

---

[५५] प्रधान, कृष्णचन्द्रसिंह छ्याकन पृ. २१. ।

[५६] प्रतिनिधि नेपाली साहित्य हास्यव्यङ्ग्य निवन्ध पृ. ४० ।

मन्त्री सागर षनाल छ वाला
पाँचको छ सब गान्ति न चाला ।
काल‍ु जैसी षरिदार त काला
तेस ढंग तनहुँ कति षाला ॥१॥
धायको छ लमजुंग भकुण्डो
कास्कि बाँध सुन छ खुकुण्डो ।
पीउठानी कन देउ सुकुण्डो
मारिलेउ तनहुँ त भकुण्डो ॥२॥

-तनहूँ भकुण्डो (शक्तिवल्लभ अर्याल)[५७]

अंग्रेजसँग युद्ध समाप्ति र सुगौली सन्धि सम्पन्न भएपछि यस चरणको पछिल्लो कालखण्डसम्मको प्रमुख प्रवृत्ति आध्यात्मिक रहेपनि यसैको नेतृत्व गर्दै अगाडि आएका भानुभक्त आचार्य समाज सचेत कवि पनि भएकोले सामाजिक कुरीतिहरूबाट अनपेक्षित रहन सकेनन् । उनको लेखन निजी अनुभव र भोगाईलाई सामाजिकीकरण गरेर कुरीति माथि तीब्र प्रहार गर्दै हास्य व्यङ्ग्यमा ओर्लियो । जसका केही उदाहरण निम्न अनुसार प्रस्तुत गरिएको छ ।

जागिर छैन धनी म छैन घरको केवल, कुदालो खनी
खान्थ्याँ दुःख गरेर काचरी गऱ्याँ मान पाउँला की भनी
एक मन चित्त लगाई चाकरी गऱ्याँ खुशी भयाछन् हरी
मान् माथि पनि भुक्तमान् थपि दिया कैल्ह्यै नखोस्न्या गरी ।

रोज् रोज् दर्शन पाउँछु चरणको ताप छैन मन्मा कछु
रात्भर नाच पनि हेर्छु खर्च नगरी ठूला चयनमा म छु
लामखुट्टे उपियाँ उडुस यी सँगी छन् यिनकै लहड्मा बसी
लामखुट्टेहरू गाउँछन् यि उपियाँ नाच्छन् म हेर्छु बसी ।

[५७] प्रतिनिधि नेपाली साहित्य हास्यव्यङ्ग्य निवन्ध पृ. ४१ ।

बिन्ती डिठ्ठा विचारीसित म कति गरुँ चुप रहन्छन् नबोली
बोल्छन् ता ख्याल गऱ्या झैँ अनि पछि दिनदिन् भन्दछन् भोली भोली
की ता सक्तीन भन्नु कि तब छिनिदिनू क्यान भन्छन् यि भोली
भोली भोली हुँदैमा सब घर वितिगो बक्सियोस् आज झोली ।[५८]

साहित्यमा भानुभक्तको हास्यव्यङ्ग्यको यो प्रयोग शिष्ट उन्नत र अति सौम्यरूपको उत्कृष्ट दृष्टान्त हो । उनी अघि र लगत्तैपछिको कालमा उनी जस्ता प्रखर व्यङ्ग्य कवि कोही भएन्न । विनोदी शैली, शालीन, स्वच्छ र परिहासयुक्त व्यङ्ग्यको प्रयोग गरेर सुरुमै हास्यव्यङ्ग्यलाई प्रतिष्ठा प्रदान गरे । उनको हास्यव्यङ्ग्यमा हास्य भन्दा पनि तीखो, तिक्खर सहज र स्वाभाविक छ, व्यङ्ग्य झन बढी रोचक र सार्थक छ ।

### ३.३.२.२ माध्यमिक काल

वि.सं. १९४० देखि १९७६ सम्मको समय अवधि यस कालमा समेट्न सकिन्छ । नेपाली साहित्यको प्रवृत्ति गत दृष्टिले यो अवधि शृङ्गारकालीन युग हो । हास्यव्यङ्ग्यका निम्ति यो समय खासै उर्वर रहेन । मोतीराम भट्ट, राजीवलोचन जोशी, गोपीनाथ लोहनी, लक्ष्मीदत्त पन्त, देवीदत्त पराजुली जस्ता रचनाकारहरूले कविता जगतमा प्रवेश गरे पछि श्रृङ्गारिक मूल्यको अभ्युदय, भएको मानिन्छ । लक्ष्मीदत्त पन्तको 'नानी कसोरी भनूँ' जस्ता केही श्रृङ्गारिक कविताहरूमा हास्यव्यङ्ग्यका लक्षणहरू देखिए पनि यस कालमा रचनाहरू हास्यव्यङ्ग्यले झकिझकाउ हुन सकेनन् भानुभक्त कै 'जागिर छैन, धनी म छैन .....' जस्ता कवितासँग दाजिन सक्ने स्थिति देखिदैन । कविता तथा पद्यमा मात्र स्फोट हुँदै आएको हास्यव्यङ्ग्यले यही अवधिमा आएर गद्यलाई समेत आत्मसात गऱ्यो ।[५९]

हास्यव्यङ्ग्यको यस कालमा केही प्राप्ति र केही उदाहरण यसरी टिप्न सकिन्छ[६०]
सुहाउँदैन सुती कोट मगाऊ कोट रेन्किन्को ।
नराम्रो भो यो भादगाउँले झिकाउ क्याप हार्मिनको ॥
कसोरी लाउनु धोक्रे कडा जुत्ता ..........
हवस् फर्मायसी एकजोर असल बुट झट्ट ज्याक्सनको ॥
ई बाँडाले बिगारे सुन न छाँटकाट बेस गरी दिन्छन् ।

---

[५९] ऐजन प. ४२ ।
[६०] ऐजन प. ४४, ४५ ।

जडी 'मोती' असल औंठी झिकाउ एक हमिल्टिन्को ॥

मोतिराम भट्ट (कोट रेनकिन्को)

खौरी जुँगा र दाह्री झुम्राका स्तन बनाई अनि फेरि ।
निश्चिन्ह बनी थाङ्ना पहिरी र गुन्यू बसे अनिखेरी ॥
माग्ने छैनौं कहिल्यै दर देऊ भनेर क्यै गरी हामी ॥
जो गर्नुपर्छ आफैं गरी बनौंला त मर्दमा नामी ॥

-देवीदत्त पराजुली (दरखाने कुरा)

शृङ्गार खज्मजिएछ नानी किन हो तेज् छैन मुखमा अनी ।
टोल्याइकन हेर्दछ्यौ अधर त्यो देखिन्छ दागी पनी ॥
चाल छैन निको भनेर कहँदा हो हो भनी भन्दिनु ।
सानी छौ तर कति बानी हुन गो नानी कसोरी भनूँ? ॥

-लक्ष्मीदत्त पन्त (नानी कसोरी भनूँ)

## ३.३.२.३ आधुनिककाल

### ३.३.२.३.१ पृष्ठभूमि

वि.सं. १९७७ देखि २००६ सालसम्मको अवधि हास्यव्यङ्ग्यका निम्ति आधुनिककालको पृष्ठभूमि चरण पनि हो । त्यसैले यसलाई आधुनिकता तर्फ अभिमुख चरण पनि भन्न सकिन्छ । श्रृङ्गारकालको उत्कर्ष बिन्दु सूक्तिसिन्धुको विरोध र त्यसमाथि प्रतिवन्ध लागेपछि नेपाली साहित्यमा रतिरागको श्रृङ्गार युग समाप्त हुन्छ । यसको लगतै १९७७ सालमा 'मकै पर्व'को घटना हुन पुग्यो । कृष्णलाल अधिकारीद्वारा लिखित कमैको खेती साहित्यिक कृति नभएता पनि 'हामी आफ्ना देशी कुकुर भन्दा विदेशी कुकुरको धेरै मान गर्दछौं' जस्ता व्यङ्ग्यले ठूलो हलचल मच्चायो । कृष्णलाल अधिकारी लगायत थुप्रै अरु कविहरू दण्डित भए । राणा शासनको यो जगजगीले नेपाली हास्यव्यङ्ग्यको श्रीवृद्धिमा मात्रै होइन सिङ्गै नेपाली साहित्यको अग्रगतिमा पनि नकारात्मक असर पार्नु स्वाभाविक थियो । त्यसपछि लामो समय सम्म हास्यव्यङ्ग्य देखिएन । व्यङ्ग्यको सातोपुत्लो गएछ । केही वर्षको लागि हास्यव्यङ्ग्य लेखनमा अवरोध भयो । वि.सं. १९९७ सालको राजनीतिक घट्नाले पनि हास्यव्यङ्ग्यलाई केही अवरोध खडा गर्न पुग्यो । यसरी राजनीतिक घटना

क्रमले अवरोध गर्दा गर्दै पनि हास्यव्यङ्ग्य लेखिन र पोखिन भने छोडेको पाइदैन । यही समय अवधिमा शारदमा प्रकाशित 'सिलवाल पण्डितको वेदान्त विवादको मिसिल' गद्य हास्यव्यङ्ग्यको पहिलो प्रयोग थियो । यसै परम्पराको आधार भूमि मानिन सक्ने गोर्खा संसारमा प्रकाशित 'जातीय रोगको अचुक औषधि' (वि.सं. १९८३), शारदमा प्रकाशित प्रेमराज शर्माको 'भूँडे पण्डितजीको चिठी' (वि.सं. १९९२) जस्ता हास्यव्यङ्ग्य रचना यसै समयावधिका उपलब्धि र प्राप्तिहरू हुन् । वि.सं. १९९१ सालमा प्रकाशन प्रारम्भ भएको शारदा पत्रिकामा हास्यव्यङ्ग्य रचना प्रस्तुत गर्ने उद्देश्यले 'हँसी दिल्लगी' स्तम्भको व्यवस्था गरियो । त्यही स्तम्भ अन्तर्गत प्रेमराज शर्मा र सिलवाल पण्डितका माथि उल्लेखित रचनाका साथै थुप्रै अरु हास्यव्यङ्ग्य रचनाहरूको प्रकाशन भयो । लेखनाथ पौडेलको लक्ष्मीपूजा (१९३५) र वालकृष्ण समको मुकुन्दइन्दिरा (१९९४) नाटकका संरचनामा विदूषकीय चरित्रको प्रयोगबाट उच्चारण र अभिनयको कृत्रिम तर्जुमा गरेर हास्यको सिर्जनाबाट व्यङ्ग्यको पुट दिने कोसिस गरियो ।[६१] १० अवधिमा लेखिएका केशवराज पिंडालीको 'सङ्गीतको कपालक्रिया' (शारदा-७/१२), लक्ष्मी प्रसाद देवकोटाको 'साढे' 'भूतलाई झटारो' 'प्रभूजी भेडो बनाऊ, ' गधा बोल्छ', मनोरञ्जन (कविता सङ्ग्रह), सिद्धिचरण श्रेष्ठका 'साँढे' र 'टाङ्टुङ्,' प्रेमराज शर्माको 'ससुराली' नाटक जस्ता हास्यव्यङ्ग्य रचनाहरू नेपाली हास्यव्यङ्ग्यलाई आधुनिक युगतर्फ धकेल्न होस्टेमा हैंसे गर्ने रचना सिर्जना हुन् । यसै बेला गद्यात्मक हास्यव्यङ्ग्यले दह्रो मोड लिन्छ, । लक्ष्मीप्रसाद देवकोटा, कृष्ण प्रसाद चापागाई, केशवराज पिंडाली, हृदयचन्द्र सिंह प्रधान जस्ता प्रखर व्यक्तित्वहरू पर्याप्त मात्रामा हास्यव्यङ्ग्यका गोलाबारुद लिई यो अवधिको उत्तरार्धमा अवतरण गर्दछन् । केशवराज पिंडालीको खै खैमा सङ्कलित हुनु अगावै शारदामा प्रकाशित 'आधुनिक पत्नी', 'यो हो चन्द्रज्योति', 'बागबजारको बाटो' भारतीय नेपाली लेखक अच्छा राई रसिकको 'वसुधैव कुटुम्बकम्', देवकोटाको 'कविराजको च्याङ्ग्रे खच्चर' (२००२) हृदयचन्द्रसिंह प्रधानको 'कटकटानन्द काकालाई' आदि हास्यव्यङ्ग्य रचना कृतिहरू यो कालका प्रमुख कडीका रूपमा उपस्थित छन् ।

हास्यव्यङ्ग्यले यो अवधिको अन्ततिर आइपुग्दा गद्यमाथि समेत सवल ढङ्गले पकड कायम गर्न सक्यो । हास्यव्यङ्ग्य स्रष्टाहरू गद्य र पद्य दुवैलाई माध्यम बनाउन सफल

---

[६१] सुवेदी, राजेन्द्र शर्मा, हिरामणी पूर्वत् पृ. भ ।

भएका छन् । गद्यमा पनि निवन्ध, नाटक, प्रहसन, कथाजस्ता विधामा समेत हास्यव्यङ्ग्य अवतरित भएको छ । लुटाहा प्रवत्ति र भद्रगोल स्थितिप्रति सङ्केत गर्नु, सामाजिक शोषण, विषमता र अन्धविश्वासप्रति व्यङ्ग्य गर्नु सामाजिक विवशता र विरोधलाई प्रतीकात्मक विम्वमा अङ्कित गर्नु यस अवधिका प्रवृत्ति र विशेषता हुन । यस अवधिमा हास्य भन्दा व्यङ्ग्य बढी मुखरित भएको पाइन्छ । साङ्केतिक र लक्षणिक व्यञ्जनाद्वारा अर्थ्याउने वौद्धिक स्तरमा व्यङ्ग्यले कोल्टे फेर्न थाल्यो । क्रमशः नेपाली सामाजिक विकृति र विसङ्गतिलाई जरैदेखि उच्छेद गर्नुपर्छ भन्ने भावनाको अभिव्यञ्जनालाई प्राथमिकता दिन थालियो । यस समयका रचनाले शब्द जनित हास्यको मोहलाई पार गरेर विचारजन्य पक्षलाई प्रतिष्ठा र विसङ्गतिलाई निराकरण गर्नका निम्ति अनुकूल वातावरणको सृजना गर्ने गरेका छन् ।[६२]

हास्यव्यङ्ग्यले यसरी गद्यको आड लिएर वैचारिक धरातल टेक्दै सामाजिक दुर्गुण, विसङ्गति र विकृति माथि प्रहार गर्न थाल्नु आधुनिककालको श्रीगणेशका निम्ति मलिलो पृष्ठभूमि थियो ।

हास्यव्यङ्ग्यको यो आधुनिक कालको समयका केही खण्डहरूमा विभाजित गरी निम्न अनुसार अध्ययन-विश्लेषण गर्नु उपयुक्त देखिन्छ ।

### ३.३.२.३.२ वि.सं. २००७ सालदेखि २०१६ सालसम्म

यो समय अवधि हास्यव्यङ्ग्यको आधुनिक कालको उठान बिन्दु हो । २००७ सालपछि उपलब्ध प्रजातान्त्रिक वातावरणले लेखन तथा प्रकाशनका निम्ति अनुकूल परिस्थिति दियो । राणाहरूको निरङ्कुश शासनको आतङकबाट त्रस्त र ग्रस्त रहने स्थिति अवरहेन । लेखन तथा प्रकाशनमा केही अनुकूल परिस्थितिको सृजना भैदिएकाले पत्रपत्रिका प्रकाशनको सुविधा बढ्नु स्वभाविकै थियो । पत्रपत्रिकामा हास्यव्यङ्ग्य स्तम्भहरूको व्यवस्था हुन थाल्यो । 'हालखवर'मा 'हास्नु हुन्छ भने' नयाँ समाजमा 'बाउँठे बाजेको चिठी', नेपाल समाचारमा 'यो हो उपत्यका' गोरखापत्रमा' जुँगे दाइको चिठी' र पछि 'व्यङ्ग्य विनोद', साप्ताहिक समाचारमा 'तितोमिठो', समीक्षामा 'झर्रोटर्रो' जस्ता हास्यव्यङ्ग्य स्तम्भमार्फत हास्यव्यङग्य मूलक रचनाहरूको प्रकाशन बढ्यो । यसका अतिरिक्त पुस्तकाकार कृतिको रूपमा कृष्णप्रसाद चापागाईको रुद्रराज चमचम (२००८), हृदयचन्द्रसिंह प्रधानको "जुँगा" (२००९) रुद्रराज पाण्डेको "नेपाल आजाद संघ" (२००९) लीलाध्वज थापाको "दाह्री" (२००९), मुरलीधरको "सोते थापा एण्ड लवर पाण्डे" र "पुङमाङ पुरोहित" (२०१०),

[६२] सुवेदी, राजेन्द्र/शर्मा, हीरामणिः पूर्ववत पृ. भ ।

केशवलाल कर्माचार्यको महिला संघको आमसभा" (२०१०) आदि उल्लेखनीय छन् । सिङ्गो कृति नदिए पनि यो चरणका थप हास्यव्यङ्ग्य स्रष्टामा केशवराज पिंडाली, दाताराम शर्मा, लक्ष्मीप्रसाद देवकोटो, अच्छा राई रसिक, प्रेमराज शर्मा, पूर्णप्रसाद ब्राम्हण, श्यामदास बैष्णब आदि सार्थक नामहरू हाम्रो अगाडि आउँछन् । यिनीहरूमध्ये प्रायः सबै गद्य र पद्यमा ओलिएका छन् भने कोही गद्यमा मात्रै वा केही पद्यमा मात्रै पनि भेटिन्छन् ।[६३]

### ३.३.२.३.३. वि.सं. २०१७ सालदेखि २०३० सालसम्म

नेपाली हास्यव्यङ्ग्यको सबैभन्दा उर्वर समय अवधि नै वि.सं. २०१७ सालदेखि २०३० सालसम्मको समय अवधि हो । यसै चरणमा संख्यात्मक र गुणात्मक हिसाबले सबैभन्दा धेरै हास्यव्यङ्ग्य लेखिएका र प्रकाशित भएका छन् । अघिल्लो पुस्ताका स्रष्टाहरूको क्रियाशीलता यो बेला पनि कायम थियो । भने यसै चरणमा नयाँ तर अत्यन्तै बालिया स्रष्टाहरूले यस क्षेत्रमा पदार्पण गरेको देखिन्छ । यस चरणको प्रारम्भ नै केशवराज पिँडालीको खै खै (२०१७) जस्तो सशक्त कृतिबाट भएको छ । खै खै आफैंमा एउटा मानक स्तम्भ हो । यसै चरणको सुरुतिर भैरव अर्याल अत्यन्तै बलियो प्रतिभा लिएर देखापरेका छन् । अर्यालका "काउकुती" (२०१९) जयभुँडी जस्ता हास्यव्यङ्ग्यका मानक कृतिहरू यसै चरणका प्राप्ति हुन् । धनुषचन्द्र गौतमका "स्फुट निबन्धहरू, श्रीधर खनालको "नमरी संसार देखिन्न (२०२०), बासुदेव लुइँटेलको "चिठी चपेटा" (२०२२), रामकुमार पाँडेको "ख्यालख्याल" (२०२५), खप्पर (२०२६), "मोज गर्नोस् (२०२७) बाह्रमज्जा (२०३०), विष्णु नवीनको श्रीमतीसित एक दिन (२०२२), भीमप्रसाद लामिछानेको "धुएँत्रो" (२०२४), ओमकुमार झाको जय फेशन, जय मदिरा (२०२६) मोहनराज शर्माको "च्याँखे धर्ना" (२०२४) घटोत्कच शर्माको "दमाहा" (२०२४), श्याम गोतामेको "जदौ" (२०२६), मपाइँ (२०२७), गोपालराज पन्तको "सेतो शालिग्राम" (२०२६), कर्के आँखा" (२०२८), कुलमणि देवकोटाको "गाईजात्रा" (२०२९) र मुडुली बज्यै (२०३०) कृतिहरू यस चरणका उपलब्धीका रूपमा रहेका छन् ।[६४]

कविताबाटै प्रारम्भ भएको नेपाली हास्यव्यङ्ग्यले यस चरणमा आएर पनि कवितामा ओराल्न कविहरू क्रियाशील देखिए । भीमनिधि तिवारीको "विस्फोट" (२०२०), "कविता

---

[६३] प्रतिनिधि ६ नेपाली हास्यव्यङ्ग्य निवन्ध सम्पा. नरनाथ लुइटेल पृ.४७ ।

[६४] प्रतिनिधि हास्यव्यङ्ग्य निवन्द पृ. ४८ ।

कुञ्ज" (२०२०), "तितौरा मस्यौरा" (२०२४), पूर्णप्रसाद ढुङ्गेलको "कौवा" (२०२२) हास्यव्यङ्ग्य कविताका राम्रा उदाहरण हुन् । बासुदेव लुइँटेलको "भीष्मसेनपाती" (२०२४), "छ्याकन" (२०२५) आदि कृतिहरू कवितामै हास्य र व्यङ्ग्य सजाइएका कृतिहरू हुन् । विधागत व्याप्तिका हिसाबले पनि यो चरण धेरै समृद्ध रहेको छ । हास्यव्यङ्ग्यको पहिलो उपन्यास मानिने भोगेन्द्र बस्नेतको "मूर्ख जाँसुस" (२०२८) यसैबेला प्रकाशित भएको हो । यस अतिरिक्त हास्यव्यङ्ग्यले नाटक, प्रहसन, चिठीपत्र लगायतका अन्य विधाहरूलाई समेत आत्मसात गऱ्यो । सबै समाजका नमिल्दा कुरालाई विषयबस्तु बनाए । राजनीतिक ताली र गालीको आली भत्काए, आर्थिक चुटाइ र ठोकाइको हुर्मत लिएर रुढी र बुढीको आन्द्रा थुते, नेताहरूको जात्रा गरे, आधुनिकताको भुटू खाने । अनि पार्टी, पैसा, पोशाक, प्रेमको हानथाप, दुर्गति र असामञ्जस्यको चित्र खिचे । यसो गर्दा कोही झटारो भए, कोही सुइरो, कोही खुम्चिए, कोही आफ्नो विलौना पोखी खाँग्रिए, कोही इखालु र विखालु भई खनिए, कोही प्रतिशोधले जुरमुरिए, कोही विषालु काँडा भई पसारिए, अनि कोही फोटो ग्राफर मात्र बने, कोही चाही मिठो गाली र चास्नीमा घोलेको विरोध जनाई हलुका रसिलो तर विज्ने र स्वादिलो छन्द मिलेको लघु गुरुको भाषामा तारो हानी हास्यव्यङ्ग्यको इज्जत बढाउन पुगे । तर हो सबै असमानता, बिरोध, विपरीतता, स्वाभाविकता र विस्मय[६५]

हास्यव्यङ्ग्यात्मक कार्यक्रम तथा गोष्ठीहरूको आयोजन ागरी हास्यव्यङ्ग्य रचना सिर्जना तर्फ आकर्षित र प्रेरित गर्ने कार्यको थालनी समेत यसै अवधिबाट भयो हास्यव्यङ्ग्य कृतिहरू खोजिखोजी र लेखाई लेखाई प्रकाशन गर्ने कौवा प्रकाशनको स्थापना यसै समयमा भयो । धरै जसो हास्यव्यङ्ग्य कृतिहहरू कौवा प्रकाशनले प्रकाशित गरेका हुन् । हास्यव्यङ्ग्यका बहुचर्चित र उत्कृष्ट कृतिहरूको प्रकाशनमा कौवा प्रकाशनको योगदान यो समयको उल्लेख्य पक्ष हो । "छ्याकन' 'भालु पुराण' 'सेलको माला' 'डाढो' 'उल्लीविल्ली' 'जस्ताजस्तै" ज स्ता उत्कृष्ट सङ्कलनहरू कौवा प्रकाशनकै प्रयत्नका राम्रा कडीहरू हुन् । कौवा प्रकाशनको चाँजोपाँजोमा भैरव अर्याल र बासुदेव लुइँटेलको श्रम र शिप लागेको थियो । यसै अवधिमा साहित्यिक पत्रपत्रिकाले हास्यव्यङ्ग्य अंक र विशेषाङ्क निकाल्ने क्रम शुरु हुन्छ ।[६६]

[१४] प्रधान, कृष्णचन्द्रसिंह . पूर्ववत पृ. २९

[६६] प्रतिनिधि नेपाली हास्यव्यङ्ग्य निवन्ध पृ. ४९

यसै समयमा आएर गाईजात्रालाई हास्यव्यङ्ग्यको साँस्कृतिक प्रतीक मानेर गाईजात्राको अवसरमा पत्रपत्रिकाहरूले गाईजात्रा विशेषाङ्क निकाल्ने परम्परा सुरु हुन्छ । “रचना” मासिकले २०२० सालमा प्रारम्भ गरेको गाईजात्रा विशेषाङ्कको परम्परालाई पच्छयाउँदै मासिक, द्वैमासिक, पाक्षिक र साप्ताहिक पत्रपत्रिकाहरूको ताँती लाग्न थाल्यो यसरी समसामयिक विसङ्गतिलाई निशाना बनाएर २०२९ सालमा मात्र गाईजात्रा विशेषाङ्क प्रकाशित गर्ने पत्रपत्रिकाहरूमा “रहस्य‘ ’तमासा‘ ’अर्पण‘ ’नकच्चरो‘ ’प्रिया‘ ’खासखुस‘ ’नयाँ समाज‘ ’गाईजात्रा‘ ’कलियुग‘ ’हलचल‘ ’साँढे‘ ’गोरेटो “तन्देरी‘ ’रमिता‘ ’फेशन‘ ’समीक्षा” आदि रहेका छन् । २०३०,०३१ सालमा पनि माथि नामोल्लेखित पत्रिकाहरूले निरन्तरता दिएको देखिन्छ भने थप अरु पत्रिकाहरूले यसै साल गाईजात्रा विशेषाङ्क निकालेका थिए । ती थप पत्रिकाहरू हुन् -“ज्वाला”, “गोरुजात्रा”, “हिमाली हुलाक”, “प्रतिध्वनि”, “जन्मभूमि”, “जनजागृति”, “साहित्य शृङ्गार”, “नवरञ्जन”, “नयाँ आवाज”, “हलचल”, “स्पार्क”, “हिमदूत”, “विहान”, “तर्क”, “संरक्षक”, जागृति आदि ।

यसै अवधिमा निस्किएका “हालखबर” र अर्पणका हास्यव्यङ्ग्य विशेषाङ्क र हास्यव्यङ्ग्य प्रधान “खित्का”, “कलियुग”, “शिवलिङग”, पत्रिकाहरू पनि स्मरणीय छन्. । नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानले बर्षेनी गाईजात्रा महोत्सव मनाउने प्रथाको सुरुवात यसै अवधिमा गरेको हो ।

स्वदेशको सीमा बाहिरबाट खास गरेर दार्जिलिङ्गको परिवेशलाई आधार बनाएर विभिन्न समायका विसङ्गतिलाई प्रदर्शन गर्ने क्रममा तयार भएका रचनाहरू अच्छा राई रसिकको “रसिक रचनावली”, “गुरुराज अधिकारीको”, “घरज्वाई”, प्रेम थापाको “प्रेम स्तारक”, ऋषि एम. सुब्बाको “सप्तऋषि (सन् १९५५), जस्ता कृतिहरू देखिन आएका छन् ।[६७]

यो अवधिको केन्द्रीय व्यक्तित्व भैरव अर्याय नै हुन् । हास्यव्यङ्ग्यका शास्वत शिल्पी अर्यालको शीप र सशक्त क्षमताले नेपाली हास्यव्यङ्ग्यलाई माथिल्लो सिँढी चढाउन राम्रैसँग काँध थापेको छ । उनको लेखन प्रारम्भ अलिक अगाडि भएपनि यही अवधिको सुरुदेखि उनका हाँसोका उखरमाउलो उमार्ने र व्यङ्ग्यले बङ्गारा झार्ने रचनाहरूलाई समेत धेरै पर छोडेर लगभग उनी एक्लै सगरमाथा चढे । हास्यव्यङ्ग्यको एउटा सगरमाथा उनी आफैं बने । विसङ्गत स्थितिमाथि पौंठेजोरी खेल्दाखेल्दै, विसङ्गत मृत्युवरण गरे । सङ्ख्याको हिसाबले

[६७]सुवेदी, राजेन्द्र/शर्मा, हीरामणिः पूर्ववत पृ.व

पाँचवटा कृति केही होइनन् तर गुणको हिसाबले तिनै पाँचबटा कृति हास्यव्यङ्ग्यको नेपाली ढुकुटीलाई निम्ठो पार्न पर्याप्त छन् । उनका साम् अरु कतिपय हास्यव्यङ्ग्यकार पुड्का र फुच्चे देखिन्छन् । यद्यपि केशवराज पिँडाली, श्याम गोतमे, राम कुमार पाँडे, बासुदेव शर्माहरूको लगानी कम रहेको छैन । अहिलेका प्रखर एवं चर्चित कतिपय हास्यव्यङ्ग्यकाहरूले लेखन प्रारम्भ गरेको समयअवधि पनि यही हो । यिनै सब कारण र बस्तुस्थितिले पनि यो काल खण्डलाई हास्यव्यङ्ग्यको उत्कर्ष प्रदान गरेको छ ।[६८]

## ३.३.२.३.४. वि.सं. २०३१ सालदेखि २०४६ सम्म

२०१७ सालमा फौजी बलबाट सूत्रपात गरिएको “देशको हावापानी सुहाउँदो पञ्चायती व्यवस्थाको यस अवधिसम्म आइपुग्दा निकै बलियो बनिसकेको र नाङ्गिई सकेको थियो । यस सङ्कुचित वातावरणले कतिपय लेखकहरूलाई आफ्ना असहमति एवम् विरोधलाई व्यङ्ग्य र बक्रताको आवरणमा राखेर रचनामा ओराल्न प्रेरित गऱ्यो । मुलुकको राष्ट्रिय लुट, राजनीतिक एकाधिकार र निरङ्कुशता सामाजिक विकृति र विसङ्गतिमाथि हास्यव्यङ्ग्यात्मक प्रहार गर्न लेखक-स्रष्टाहरू यतातिर लहसिए । राजनीतिको दाम्लो समातेर नेपाली जनतालाई नामलो बनाउने कथित राजनीतिज्ञको डँडाल्नो सेक्न हास्यव्यङ्ग्यकारको पङ्क्ति यो बेला पनि पछि परेन । अघिल्लो चरणको जस्तै गति र तीब्रता नदेखिए पनि निरन्तरता धान्ने क्रममा उल्लेखनीय हास्यव्यङ्ग्य कृतिहरू यस चरणमा पनि प्रकाशित भएका छन् । रामकुमार पाँडेको “बाह्रमज्जा” (२०३०), “सेलको माला” (२०३१), धेरै लेखकहरूको “भालुपुराण” (२०३१), डाढेहरूको “डाढो” (२०३२), केशवराज पिँडालीको “फेरि उल्टै मिल्यो” (२०३२), लोकेन्द्र बहादुर चन्दको “बाह्रौं खेलाडी” (२०३५) हारी बन्दीको “आ-आफ्नो महाभारत (२०३५), सूर्यबहादुर पिवाको “मास्टर साहेव” (२०३५) नरेन्द्रराज पौडेलको “घरभित्रको गाईजात्रा”, (२०३६), रामकुमार पाँडेको “सिङ न पुच्छर” (२०३६), बासुदेव लुइँटेलको ............बाट (२०३७), दाताराम शर्माका ‘सिस्नु-९७’ (२०३७), मुक्तिकुवेर मास्केको ‘धर्मराम यमको अदालत’ (२०३७), ध्रुवकृष्ण दीपको ‘बासीभात’ (२०३८), मुकुन्द आचार्यको ‘विगत वर्तमान’ (२०३८), विश्व शाक्यको ‘श्रीकृष्ण उवाच’ (२०३८), राजेश्वर देवकोटाको ‘युगलकाव्य’ (२०३९), लक्ष्मण नेवटियाको ‘लक्ष्मणका कुतकुती’ (२०३९), राचन्द्र आचार्य फूर्सदीको ‘फेरी पनि कुर्नेश’ (२०३९), मुक्ति मास्केको

[६८] प्रतिनिधि नेपाली हास्यव्यङ्ग्य निवन्ध पृ ५०

'भ्रष्टचारी काजी' (२०३९), कमलनाथ शर्माको 'साँचो केमा ताल्चामा' (२०३९), ध्रुवकृष्ण दीपको 'भुक्तमान चालिसा' (२०३९), मोहनराज शर्माको 'कोर्रा' (२०४०), र 'पुछ्रारको पातो' (२०४०), खेममणि काफ्लेको 'धराप' (२०४१),लोक बहादुर चन्दको 'नेताको साथी' (२०४१), सन्तुलालजङ्ग सिजापति र रमेशद्वारा अनुदित 'अकवर वीरवलको कथा' (२०४२), रामकुमार पाँडेको 'ताल बेताल' (२०४२), खगेन्द्र सङ्ग्रौलाको 'फाटेको लगौटी कुरा' (२०४४), होमसुवेदीको 'कालीपोके' (२०४३), नरेन्द्रराज पौडेलको 'विहेको निम्तो' (२०४४), ध्रुवकृष्ण दीपको 'बत्तीस कुलक्षिणको बथान' (२०४४), तीर्थ भण्डारीको 'खिचडी' (२०४४), विमल निभाको 'चौथो कलम' (२०४५), केशवराज पिंडालीको 'व्यङ्ग्यै व्यङ्ग्य' (२०४५), कला प्रेमी श्रेष्ठको 'रंगीन चश्मा' (२०४५), यादव खरेलको 'खलवल (२०४६), कृष्णप्रसाद बाँस्तोलाको 'महागाईजात्रा' (२०४६), हरिबन्दीको 'उल्टोपट्टि' (२०४६), श्याम गौतामेको 'श्याम गोतमेका प्रतिनिधि 'हास्यव्यङ्ग्य' (२०४६) बासुदेव लुइँटेलको 'कुराउनी' (२०४६) आदि कृतिहरू यस समयका प्राप्ति र उपलब्धि हुन ।[६९]

गाईजात्राको अवसरमा हास्यव्यङ्ग्यात्मक सामग्री प्रस्तुत गरी विशेषाङ्क निकाल्ने परम्परा यस अवधिमा अझ मौलाएको देखिन्छ । २०३१ सालमा गाईजात्रा विशेषाङ्क प्रस्तुत गर्ने पत्रपत्रिकाहरूमा 'नयाँ समाज' (?) 'रहस्य', हिमदूत', 'गोरेटो', 'बिहान', 'तर्क', 'ज्वाला', संरक्षक', 'जागृति', 'समीक्षा', आदि रहेका छन् । यो क्रम अझै बढेर गयो । २०३८ सालमा आइपुग्दा ययसरी विशेषाङ्क प्रस्तुत गर्ने पत्रपत्रिकाहरूमा 'नौलो डाँडो' 'रहस्य', 'मायालु', 'सागर', 'छानवीन', 'साँधु', 'रत्नदीप', 'अर्जुण' (?) 'स्मरण' (?) 'चर्चा', 'तर्क', 'बकुँफुस्लु' 'जन्मभूमि', 'कामिनी', 'अचेल', 'राजमति', (?) 'युगवाणी' (?) 'गाईजात्रा', 'कञ्चनजङ्घा', 'ब्रम्हाण्ड', आदि प्रमुख देखिन्छन् । यसबीच 'धरा', 'अन्तर्वार्ता' 'प्रया', 'अस्तित्व', सिम्रिक' 'समिक्षा', 'जरुरी', 'क्षितिज', 'नेपाल पोष्ट', नयाँ किरण आदि पत्रपत्रिकाहरूले प्राय हरेक वर्ष गाईजात्रा विशेषाङ्क निकाली तत्कालीन परिस्थितिमा देखिएका विसङ्गति र विकृतिको हाँसो मय ढङ्गले पर्दाफास गरेको देखिन्छ ।

यसै अवधिमा हास्यव्यङ्ग्यप्रधान 'मुस्कान' मासिक, रकेट द्वैमासिक, 'चङ्कन द्वैमासि, 'झ्याइँकुटी' त्रैमासिक आदिपत्रिका निस्किएर चङ्कन केही अंक निस्किएर बन्द भए ।[७०]

---

[६९] प्रतिनिधि हास्यव्यङ्ग्य निवन्ध सं. नरनाथ लुइँटेल पृ. ५१

[७०] ऐजन पृ. ५२,

### ३.३.२.३.५.   २०४६ पछिको नेपाली हास्यव्यङ्ग्य

नेपाली हास्यव्यङ्ग्य सिर्जनाले ०४६  सालको राजनीतिक परिवर्तनपछि नयाँ मोड लिएको प्रत्यक्ष अनुभव हुन्छ । तीस वर्षीय पञ्चायती कालरात्रीको अवधिमा हास्यव्यङ्ग्य स्रष्टाहरू पञ्चायतकालका विषमता एवम् विसङ्गतिहरूको उच्छेदका निम्ति क्रियाशील थिए । वर्वर निरङ्कुशताका कारण अभिव्यक्ति स्वतन्त्रतामाथि समेत पूर्ण अङ्कुश लागेको त्यो अवधिमा हास्यव्यङ्ग्य रचना बढी नै कलात्मक आवरणमा लपेटिएको देखिन्छ । शिष्ट, सौम्य तर तीब्र प्रहार गरी विसङ्गतिको उच्छेदका निम्ति अत्यन्त प्रभावपूर्ण रचनात्मक कौशल प्रस्तुत गर्न सर्वाधिक सफल स्व. भैरव अर्याल यहीं कालखण्डका उपज थिए । नेपाली हास्यव्यङ्ग्यको एउटा महत्वपूर्ण मानक स्वयम् भैरव अर्याल  हुन् । यस अवधिको नेपाली हास्यव्यङ्ग्यलाई अर्यालले दिएको योगदान अविष्मरणीय मात्र होइन अतुलनीय छ । भौतिक रूपमा उनको अवसान पछिको करिब दुई दशक साँच्चै भन्ने हो भने रिक्त नै रहेर बितेको छ । यद्यपि अर्यालका समकालीनहरू केशवराज पिडाली, रामकुमार पाँडे, श्याम गोतामे, बासुदेव लुइँटेल, श्रीधर खनाल, घटोत्कच शर्मा, दाताराम शर्मा, लक्ष्मण लोहनीहरूको डाफै यस क्षेत्रमा क्रियाशील नभएको भने होइन । उनीहरूको रचनात्मक योगदान, हास्यव्यङ्ग्यका संगठित गतिविधिहरूको संचालन र कृतिहरूको प्रकाशन कार्य समेत कम आँक्न सकिने खालको छैन, तर पनि अर्यालले कुशलता पूर्वक टेकेको हास्यव्यङ्ग्यको वैचारिक तथा सिर्जनात्मक उचाइ छुन यी समकालीन स्रस्टाहरू सफल भएका छैनन् । यो यर्थाथ र वास्तविकता हो ।[७१]

अर्यालको अवसान संगसंगै हास्यव्यङ्ग्य सिर्जनामा प्रवेश गरेका हास्यव्यङ्ग्य स्रष्टाहरूको उल्लेख्य सङ्ख्या रहेको छ । खगेन्द्रराज संग्रौला, चूडामणि रेग्मी, चोलेश्वर शर्मा, तीर्थ भण्डारी, ध्रुवकृष्ण दीप, नरेन्द्रराज पौडेल, बज्रपाणि (हालका चट्याङ मास्टर), भाउपन्थी, भोगेन्द्र बस्नेत, मदनकृष्ण श्रेष्ठ, मुक्तिकुवेर मास्के, मुन पौडेल, मोहनराज शर्मा, राजव, राजेन्द्र सुवेदी, लोकेन्द्र बहादुर चन्द, बासु रिमाल "यात्री", विष्णु प्रभात, विश्व शाक्य, विमल निभा, सूर्य बहादुर पिवा, हरिवंश आचार्य, हृदयप्रसाद मिश्र आदिको यो दफा पञ्चायती कालखण्डको पछिल्लो चरणमा नयाँनयाँ कौशलद्वारा विसङ्गतिमाथि तीब्र प्रहार गर्न सक्रिय देखिन्छ । तर भैरव अर्याल नहुनुको रिक्तता पुर्ने गरी उनीहरूको रचनात्मक

[७१] ऐजन पृ. ५४ ।

व्यक्तित्व उठ्न भने अझै सकेको छैन । यो पछिल्लो पिँढीमा हास्य कम व्यङ्ग्यको बोझ बढि तथा राष्ट्रिय समस्यका रूपमा प्रकट भएका नवीन सवाल एवम् सन्दर्भहरूलाई बौद्धिक ढङ्गले गम्भीर पारामा व्यङ्ग्यात्मक प्रहार गर्ने प्रवृत्ति ज्यादै देखिएको छ ।

उपर्युक्त पृष्ठभूमिमै पञ्चायती निरङ्कुशताले उत्कर्ष छोयो । निरङ्कुशता विरोधी आम जनमानसलाई तताउने, संगठित गर्ने, आन्दोलनमा उतार्ने र निर्णायक आन्दोलनमा संलग्न हुन प्रेरित गर्न प्रतिवन्धित राजनीतिक शक्ति तथा पार्टीहरूले कष्टसाध्य प्रयत्न गरे । आखिर ०४६ साल पञ्च र पञ्चायती निरङ्कुशताको जरो उखेल्ने आन्दोलनको आँधी बनेर उपस्थित भयो । उनन्चास दिनको आन्दोलनको त्यो सशक्त आँधीले पञ्चायती शासकहरूको तीस बर्षीय ताजमहल गर्ल्यामगुर्लुम ढल्यो । निकै ठूलो बलिदान पछि प्राप्त प्रजातन्त्र नेपाली जनतामा थुप्रैं आशा, आकाङ्क्षा र आस्थाको घाम बनेर उदायो । यो खुल्ला र स्वतन्त्र परिस्थितिसँगै पत्रपत्रिकाको बाढी ओइरियो । हरेक पत्रपत्रिकामा विभिन्न नाम र रूपमा हास्यव्यङ्ग्य तथा व्यङ्ग्य स्तम्भहरूको संयोजन गरियो । यो उल्लेख्य राजनीतिक परिवर्तनपछि आन्दोलनकारी शक्तिहरू बैधानिक ढङ्गले सत्तारुढ भए । राजनीतिक रूपमा यो ऐतिहासिक परिवर्तन पछि सत्तारुद भएका राजनीतिक दल तथा दलका नेताहरूको जीवनस्तरमा उल्लेखनीय परिवर्तन हुन थाल्यो तर जनताको जीवनदशामा परिवर्तनको कुनै लक्ष्य देखिएन । देखिएको पनि छैन । आस्था र आदर्शका धरोहरहरू निहित स्वार्थको फोहोर अहालमा घिनलाग्दो पाराले डुब्न थाले । प्रजातान्त्रिक मूल्य र मान्यतामा अकल्पनीय ढङ्गले ह्रास आयो । केवल सत्ता र कुर्सी प्राप्तिका निम्ति भीषण छिनाझम्टी, किनबेच, खरिद विक्री, निहित स्वार्थका लागि तानातान र हानाहान, नयाँ खाले जटिलता र नयाँखाले समस्या/सुविधा स्वार्थ, महल पजेरो, सुत्केरी खर्च, कमिसन उही पुराना पञ्चका ठाउँका नयाँ पञ्चहरू बहुदलको छोटै अवधिमा प्रादुर्भाव भए । एकखालको जर्जरता समाप्त भएको थियो । अर्को खालको जर्जरताले प्रजातन्त्रको खास्टो ओढेर राइँदाइँ गर्न थाल्यो । यस्तै जर्जर परिस्थिति हास्यव्यङ्ग्यका निम्ति उर्वर विषयवस्तु बन्ने गर्छ ।[७२]

### ३.३.२.३.६ २०४६ पछिको नेपाली हास्यव्यङ्ग्यका केही प्राप्ति, केही पर्यवेक्षण

२०४६ सालको राजनीतिक परिवर्तन पूर्व देखि नै यस क्षेत्रमा क्रियाशील र स्थापित हास्यव्यङ्ग्यकाहरूको पंङ्क्ति यसपछि पनि रचना सिर्जनामा सक्रिय रहेको देखिन्छ ।

[७२] ऐजन पृ. ५४

अघिल्लो पुस्ताका यी स्रष्टाहरूमा केशवराज पिँडाली (१९७१-२०५५), कृष्ण प्रसाद चापागाई (१९७१), बासुदेव लुइँटेल (१९७४-२०६३), सूर्य बहादुर पिवा (१९८४-२०६३), रेमश विकल (१९८५), कुलमणि देवकोटो (१९८५), भरतराज पन्त (१९८६), कुलचन्द्र कोइराला (१९८६), श्रीधर खनाल (१९९३), चूडामणि रेग्मी (१९९३), श्याम गोतामे (१९९६-२०५५), मुक्तिकुवेर मास्के (१९९६), मोहनराज शर्मा (१९९७), यादव खरेल (१९९९), हरि बन्दी (२००१), मुकुन्द आचार्य (२००१), राजेन्द्र सुवेदी (२००२), चोलेश्वर शर्मा (२००२), खगेन्द्र सङग्रौला (२००३), रामकुमार पाँडे (२००३), रविकिरण निर्जीव (२००३), रुद्र खरेल (२००४), विश्व शाक्य (२००६), नरेन्द्रराज पौडेल (२००६), श्याम बहादुर लामा (२००७), होम सुवेदी (२००९), भोगेन्द्र बस्नेत (२००८), विमल निभा (२००९), बज्रपाणी (चट्याङ मास्टर) (२०१०), राजव (२०११), धर्मरत्न यमी, डा. माधव पोखेल, (२००५), गंगा प्रसाद उप्रेती, बासुरिमाल "यात्री", भाउपन्थी, तीर्थ भण्डारी, विष्णु प्रभात, (सन् १९५२), नरमेन्द्र लामा (२०१०), हृदय प्रसाद मिश्र (२००९), चूणमणि खनाल (२००९), चुडमणि बशिष्ट ( २०१४), गोपाल मैनाली, मदनकृष्ण एवम् हरिवंश, लक्ष्मण नेवटिया आदि हुन् । यी स्रष्टाहरूका कतिपय कृतिहरू २०४६ सालको राजनीतिक परिवर्तनपछि प्रकाशित भएका देखिन्छन्, भने कतिपय स्रष्टाहरूका फुटकर रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका भेटिन्छन् ।[७३]

२०४६ सालपछि हास्यव्यङ्ग्य लेखनमा ओर्लिएका पछिल्लो पुस्ताका स्रष्टाहरू पनि कम छैनन् । अर्जुन पराजुली (२०२०), आर.सी. रिजाल, उत्तमकृष्ण गजमैयाँ (२००९), केशवदत्त बडू कृष्ण धाराबासी, गणेश कुमार पौडेल, गुरुराज अधिकारी, गोपीन्द्र पौडेल, जयराम शर्मा, डम्बर घिमिरे (२००२), डम्बर बहादुर "डी", तिलकराम शर्मा, दिता साउनी, धीरेन्द्र प्रेमर्षि, नरनाथ लुइँटेल, (२०१६), प्रकाश प्रेमी, (२००६), प्रल्हाद पोखले, विमल भौकाजी, बमबहादुर थापा "जिताली" (२०१०), बासुदेव गुरागाईं, (२०१५), खगेन्द्र लुइँटेल, वि.आर. शर्मा, मनोज गजुरेल मनोहर अधिकारी, रविकिरण निर्जीव, भूपेन्द्र सुवेदी, राजेशमान सिंह, राजेश्वर लामिछाने, रामहरि बुढाथोकी, लक्ष्मण गाम्नागे (२०२३), विवश वस्ती, सुरेश श्रेष्ठ, स्नेह सायमी, श्यामल, शालु, शिवप्रकाश, शिवप्रसाद पोखेल, शिव सापकोटा, हृदय प्रसाद मिश्र, मणिकरत्न शाक्य, हरिकला उप्रेती, उमेश प्रसाद गौतम, अनिल कोइराला, गायत्री, परिरोशनी, राजु उदयपुरे, दिनेश के.सी. आीद हास्यव्यङ्ग्य लेखक

---

[७३] ऐजन पृ. ५५

कविहरू २०४६ सालपछिको परिवर्तित परिस्थितमा देखापरेका राजनीतिक, सामाजिक, आर्थिक र अन्य समसामयिक विसङ्गतिमाथि तीव्र प्रहार गर्दै कलम चलाइरहेका छन् । यी स्रष्टाहरूले कविता र निवन्ध विधालाई प्राथमिकता साथ अभिव्यक्तिको माध्यम बनाएको पाइन्छ । भने नाटक, रूपक, प्रहसन, चिठ्ठी पत्रका रूपमा पनि देखापरेका छन् । यिनीहरूमध्ये पनि कतिपय सिङ्गो कृति लिएर उपस्थित भएका छन् भने कतिपय चाहिँ विभिन्न पत्रपत्रिकामा हास्यव्यङ्ग्य स्तम्भ लगायतका फुटकर रचनामै सीमित रहेका देखिन्छन् ।[७४]

२०४६ साल यता प्रकाशित हास्यव्यङ्ग्य कृतिहरूको संख्या पनि उल्लेखनीय रहेको देखिन्छ । रामेश्वर लामिछानेको आलेको अन्तर्वार्ता (२०४७), रविकिरण निर्जीवको 'सोभ्का निर्जीवका बाङगा निवन्धहरू' (२०४७), हृदय प्रसाद मिश्रको 'उद्‌घाटन' (२०४७), सं. रमेश खनालको 'हाँसौं' (२०४८), बासुदेव लुइँटेलको 'आत्मपुराण' (२०४८), सं. मोहनराज शर्माको 'हास्यव्यङ्ग्य कविता' (२०४८), रत्न प्रसाद श्रेष्ठको 'चुट्किलो संङ्ग्रह भाग १ र २ (२०४८), चन्द्रमान बज्राचार्यको' आप्रन्तीको कथा' बमबहादुर थापा 'जितालीको धोती न टोपी (२०४९), कुलचन्द्र कोइराला 'बाजे पुराण' (२०४९), राजवको 'मानवीय बनोट' (२०४९), रुद्र खरेलको 'तपाईको नाम के हो ?' (२०४९), रामकुमार पाँडेको 'तालबेताल' (२०४९), राजेन्द्र सुवेदीको 'खाली शिशी पुराना कागज' (२०४९), रमेश विकलको 'अब अगाडि बढ्नु छ' (२०५०), भरतराज पन्तको 'गुन्द्रुक' (२०५०), लक्ष्मण गांमनागेको 'घिटिक घिटिक बाँचेर शहरमा' (२०५०), जयराम शर्माको 'तँलाई हरियो बाँस' (२०५०), प्रकाश प्रेमीको 'प र जा तन्त्र' (२०५०) विश्व शाक्यको 'पुडके मान्छेको पुड्का कविताहरू' (२०५०), मदनकृष्ण हरिवंशको 'महसन' (२०५०), रामहरि बुढाथोकीको 'घरज्वाइँ' (२०५०), राम कुमार पाँडेको 'हास्यव्यङ्ग्य' (२०५०), श्याम बहादुर लामाको 'मेरो गोरु' (२०५०) यसै अवधिमा प्रकाशित हास्यव्यङ्ग्य कृतिहरू हुन् ।[७५]

२०४६ पछि नै राजेशमान सिंहको 'अपरेशन' (२०५१) केशवदत्त बड्‌को 'ऐसा आया जमाना' (२०५१), विश्व शाक्यको 'कस्तो गधा रहेछ' (२०५१), विष्णु प्रभातको 'खुर्सानी पुराण' (२०५१), नरेन्द्रराज पौडेलको 'मङ्की स्टेट याने बानर राज्य' (२०५१), हृदयप्रसाद मिश्रको 'च्वाँक' (२०५१), नरनाथ लुइँटेलको 'छेपन' (२०५१), डम्बर बहादुर डी को बोकाको

---

[७४] ऐजन पृ. ५५

[७५] नरनाथ लुइँटेल, प्रतिनिधि नेपाली हास्यव्यङ्ग्य निवन्ध पृ. ५६

मुखमा कुभिण्डो (२०५१), चूडामणि रेग्मीको 'गजबास्टक' १०८ (२०५१), शंकर कोइरालाको 'जनतालाई भोक, रोग र शोक' (२०५२), जयराम शर्माको 'टिम्मुर' (२०५२), कुलमणि टेवकोटाको २०५१ का कविता (२०५२), केशवदत्त बडूको 'बाह्र व्यङ्ग्य (२०५२), रुद्र खरेको 'तोरीलाहुरे चोकमा एकछिन' (२०५२), शिवप्रसाद पोखेलको 'व्यङ्ग्यत्रयी' (२०५२), तिलकराज शर्मा पौडेलको 'पार्टी खोज्ने धूनमा' (२०५२), बेनामीको 'बासुदेव पुराण' (२०५२), श्यामबहादुर लामाको 'मेरो गोरु' (२०५२), विष्णु प्रभातको 'खुच्चिङ' (२०५३), शिवप्रकाशको 'जय नेताजी' (२०५३), नरनाथ लुइँटेलको 'सिङ न पुच्छर' (२०५३), चूडामणि खनालको 'अन्तर्राष्ट्रिय पुड्के सम्मेलन' (२०५३), उत्तमकृष्ण मजगैयाँ 'गृहलक्ष्मी भित्र्याएपछि' (२०५४), 'जय अवसरवाद' (२०५४), 'धरो धर्म हजुर' (२०५४), 'सुनको फूल पार्ने पोथी' (२०५४), शिव शाक्यको 'यमराजको निम्तो (२०५४), अर्जुन पराजुलीको 'आन्द्रालोक' (२०६४), सूर्यबहादुर पिवाको 'घुएँत्रो' (२०५५), लेखनाथ भण्डारीको 'बेमौसमका रागहरू' (२०५५), मुन पौडेलको 'सफलताका तीन मन्त्र' (२०५५), भाउपन्थीको 'चोर ! चोर' (२०५५) जस्ता हास्यव्यङ्ग्य कृतिहरू प्रकाशित भएका देखिन्छन् ।[७६]

यसैगरी गणेश कुमार पौडेलको 'मन्त्री पुराण' (२०५६), चट्याङ मास्टरको 'चट्याङगीता' (२०५६), उत्तमकृष्ण गजैंयाँको तिमी नरहे देश डुबन्या छ' (२०५६), चूडामणि रेग्मीको 'अरे' ! उदेक लाग्दा कुरा र गजवाष्टक (२०५६), रुद्रखरेलको विर्सिस्यो कि ? ( २०५७), लक्ष्मण गामनागेको '३ न १३' (२०५७), विश्व शाक्यको 'पशुमहापुराण' (२०५७) र 'विकासे च्याङ्ग्रो' (२०५९), बद्रि दहाल 'भष्मासुर' को भष्मासुरका खित्का' (२०५७) विष्णु प्रभातको 'खुलैखुला कुरा' (२०५७), श्रीधर खनालको 'चट्याङचुटुङ' (२०५७), भूपेन्द्र सुवेदीको 'भूटनविनाको तरकारी' (२०५७), चट्याङ मास्टरको 'चट्याङगीता २' (२०५८), हरिकला उप्रेतीको 'उपद्रो' (२०५८), नरमेन्द्र लामाको सांसदको पाडो '(२०५८), मुन पौडेलको 'बुद्धिजीवी र पुच्छर' (२०५८), मनोज गजुरेलको 'लुखासत' (२०५९) र 'हनुम्यान' (२०५९), कृष्णप्रसाद घिमिरेको 'ट्याव्लेटको माछे' (२०५८), र 'मैदेलीको मादल' (२०५९), रामकुमार पाँडेको '१०१ हासने कविता (२०५९), शेषराज भट्टराईको 'टिपिमुनिका सन्तान सिसिमुनि' (२०५९), प्रयास सौरभ श्रेष्ठको 'अजव गजव' (२०६०), गायत्री परियोशनीको 'झटारो' (२०६०), नरमेन्द्र लामाको 'कुखुरीको दूध' (२०६०), नरनाथ लुइँटलेको 'बाँदरका हात्तमा नरिवल' (२०६०), विष्णु प्रभातको 'खुसखुस कम्पनी' (२०६०), र

[७६] ऐजन पृ. ५७

'खुराक' (२०६०), चट्याङ मास्टरको 'चट्याङगीता (३) (२०६०), सं. भाउपन्थीको 'आधुनिक नेपाली हास्यव्यङ्ग्य' (२०६०), लक्ष्मण गामनागेको 'लाठीचार्ज' (२०६०), प्रकाश ज्ञवालीको 'उपाय बहिष्कार (२०६०), हरिकला उप्रेतीको 'गोर्खेलौरी' (२०६१), बासुदेव गुरागाईंको 'थोते हाँसो' (२०६२), गायत्री परिरोशनीको 'बोका पालन' (२०६२), दिनेश केसीको 'टिलटिले घैंटी' (२)६२), अविरामको 'के छ हजुर' (२०६२), राजु उदयपुरेको 'द न्वारन' (२०६२), चूडामणि रेग्मीको 'गफाडीका गफ' (२०६३), अनिकाले ओझाको 'अनिकाले गफः पिँडालुको तरकारी' (२०६३), आर.सी. रिजालको 'हाकिमको खप्पर' (२०६३), उमेश प्रसाद गौतमको 'कहीं नभा जात्रा हाडी गाउँमा' (२०६३), रुद्र खरेको 'शब्दको भ्याङ' (२०६४), चूडामणि खनालको 'खिनौरी सहर पसेपछि' (२०६४), अनिल कोइरालाको 'चड्कन च्युरा' (२०६४), राम कुमार पाँडेको 'श्री पाँडेको सरकार' (२०६४) आदि हास्यव्यङ्ग्य कृतिहरू प्रकाशित भएका छन् ।[७७]

## ३.३.२.३.७. २०४६ पछिको हास्यव्यङ्ग्य केही प्रमुख प्रवृत्ति

१. ०४६ पछि खुल्ला हुन पुगेको नेपाली समाजमा एकदमै भिन्नखाले समस्याहरू, अनाचार दुराचारका नयाँपन र प्रवृत्तिहरू देखिएका छन् । एकपट्टि भ्रष्ट मानिसहरूको ठाउँमा अर्काथरि भ्रष्टमानिसहरूको बोलबाला बढ्न थाल्यो । राजनीतिक रूपमा भएको परिवर्तनले नेपाली समाजमा, नेपालीअ र्थतन्तमा र सकारात्मक सोचमा कुनै ठोस् परिवर्तन ल्याउन सकेन । फलस्वरूप खर्पत या डोकोमा खुर्सानी बोकने हैसियत भएकाहरू मुलुकको लखाउलुट मच्चाएर दुइचार बर्षमै करोडपति बन्न थाले । उनीहरूका क्रियाकलाप महल, पजेरो, पैसा, कमिसन, विदेश भ्रमण, सुरा-सुन्दरी आदिमै केन्द्रित हुन पुग्यो । यस अवधिका हास्यव्यङ्ग्य रचनाले यो विद्रुप यथार्थलाई बडो राम्ररी प्रस्तुत गरेका छन् । राजनीतिको आड लिएर देशलाई बर्बाद पार्ने राजनेताहरूको मनोवृत्तिलाई यस अवधिका हास्यव्यङ्ग्य रचनाहरूले नाङ्गेझार पारेका छन् । यद्यपि खुल्ला समाज भएकाले पनि होला ०४६ अगाडिको कलात्मक आवरणको स्वरूपलाई भने कायम गर्न नसकेको प्रतीत हुन्छ । यदाकदा हास्यव्यङ्ग्य व्यक्तिकेन्द्रित गालीको रूपमा पनि ओर्लिएको छ भन्न हिचकिचाउनु हुन्न ।

[७७] ऐजन पृ. ५८

२. २०४६ पछि नै आएर हास्यव्यङ्ग्य स्रष्टाहरूको सृजनात्मक चेतनाले गुणात्मक, विषयगत, संरचनागत फड्को मारेको छ । व्यक्तिगत मानवीय दुर्वलता, नेतृत्वमा बस्ने व्यक्तिहरूको चारित्रिक र नैतिक कमजोरी, लेखकका आनीवानी, ईश्वरप्रतिको आस्था र त्यसबाट भएका परिणाम, समय-सयमा हुने सभा र जनताका बीचको मुठभेट, एकअर्का मान्छेका बीचमा हुने प्रेम वा व्यवहार, राष्ट्रिय देखि अन्तर्राष्ट्रिय तहसम्मका बनाऊ, असामञ्जस्यता र युद्धका स्थितिले सिर्जित अमानवीयपन, लेखन र प्रकाशनका स्थितिहरू, प्रवचन, सत्सङ्गत, पूजापाठ, जपतप, दानदातव्य, चन्दा, कर, योजना, आदर्श जस्ता सम्पूर्ण क्षेत्रमा देखिने व्यभिचारलाई आजका व्यङ्ग्यकारले सजीव रूपमा ग्रहण गरेका छन् । सामूहिक आक्रमणका अतिरिक्त निजी आक्रोशसम्मका परिस्थितिलाई पनि आजका व्यङ्यकारले छोडेका छैनन् ।[७८]

३. हास्यव्यङ्ग्य केवल हाँसो दिल्लगी र छोइ दिल्लगी मात्रै नभएर विसङ्गत स्थितिमाथि मर्मान्तका प्रहार गर्ने साहित्यको एक प्रभावकारी, रोचक र प्रभावपूर्ण शैली हो । भन्ने मान्यतालाई ०४६ साल अगाडिका हास्यव्यङ्ग्य स्रष्टाहरूले स्थापित गरेर आएका छन् । हास्य र व्यङ्ग्यको उचित समन्वयतर्फ ०४६ पछिका हास्यव्यङ्ग्य स्रष्टाहरूले आवश्यक मेहनत, लगन र पर्याप्त अभ्यास नगरेको तथ्यलाई वर्तमान रचनाहरूको सतहीपन एवम् हल्काफुल्का अभिव्यञ्जनाले पुष्टि गरिरहेका छन् । यसलाई पनि यस अवधिको प्रवृत्तिकै रूपमा लिन सकिछ ।

४. २०४६ साल पछिको य स अवधिमा हास्यव्यङ्ग्य रचनाले कथा, उपन्यास, प्रहसन आदि महत्वपूर्ण विधालाई रचनात्मक किसिमले समेट्न सकिरहेको छैन । विधागत व्याप्ति साँघुरिदैं जानु या न्यून हुनु पनि यस अवधिको प्रमुख प्रवृत्ति नै हो भन्न सकिन्छ ।

५. २०४६ पछिको अवधिमा आएर हास्यव्यङ्ग्यको सैद्धान्तिक अध्ययन, खोजखबर र ऐतिहासिक तथ्य तथ्याङ्कको खोज अनुसन्धन, इतिहासको सिंहावलोकन आदितर्फ पनि केही स्रष्टाहरूमा रुचि बढेको देखिन्छ । हास्यव्यङ्ग्यसम्बन्धी मत, विचार, सिद्धान्त र रचनाशिल्पको पहिचानतर्फ केही प्रयत्नहरू हुन थालेका छन् ।

---

[७८] सुवेदी, राजेन्द्र शर्मा, हीरामाणिः नेपाली हास्यव्यङ्य निवन्ध साभ्का प्रकाशन, पुल्चोक ललितपुर २०५१, पृ.स ।

६. हास्यव्यङ्ग्यका क्षेत्रमा व्यक्तिगत रुचिका कारण व्यक्ति व्यक्ति लागिरहेको स्थितिलाई तोड्दै ०४६ पछि नै सामूहिक र संस्थागत प्रयत्न र हास्यव्यङ्ग्यका धनीभूत कार्यक्रमहरूको आयोजना हुन थालेको छ । सिस्नुपानी नेपाल, हाँसने, बासुदेव विद्यादेव लुइँटेल गुठी र भैरव पुरस्कार गुठीका गतिविधि यसका उदाहरणीय दर्शी हुन् ।

७. यस अवधिमा आएर नेपाली अखवारहरूमा व्यापक मात्रामा हास्यव्यङ्ग्य स्तम्भहरूको आयोजना गरिनुका साथै हास्यव्यङ्ग्य श्रव्य दृश्य सामग्रीको उत्पादन र प्रशारणले तीब्रता पाएको छ ।

८. कम्प्युटर प्रविधिको एवम् अफ्सेट प्रेसको आयात र व्यापक प्रयोग नेपालमा यही अवधिबाट आरम्भ भएको हो । यसले छपाइमा सुगमता मात्रै थपेन, नेपाली कार्टुनकलाले राम्रो उत्नति गर्ने अवसर समेत प्राप्त गऱ्यो । फलतः इतिहास लामै भएर पनि टाक्सिइ सकेको प्रष्ट हुनछ । यता ढङगले हास्यव्यङ्ग्यको मैदानमा उत्रिएका छन् । यसलाई पनि उपलब्धिगत प्रवृत्तिका रूपमा लिन सकिन्छ ।

### ३.३.२.३.८ हास्यव्यङ्ग्यकार डम्बर घिमिरेको नेपाली हास्यव्यङ्ग्यमा स्थान

धरमपुर झापालाई कार्यक्षेत्र बनाएर साहित्यसाधनमा लागिरहेका खोटाङ जन्म थलो भएपनि कर्मथलो झापालाई बनाएका झापाका प्रसिद्ध हास्यकर्मी वा अण्याक कविका रूपमा डम्बर घिमिरको परिचय स्थापित हुन्छ । विशेषत नेपाली वर्णमालाको 'ण' अक्षर उनको व्याङ्ग्यात्मक कवितामा पर्ने नभएकोले 'अण्याक' कवि भनिएको यहाँ पाइन्छ । वर्तमानमा मोरङ्गमा बसाइँ सरे पनि घिमिरे विशेष गरी झापाका हास्यव्यङ्ग्य साहित्यकर्मी, हास्यव्यङ्ग्यकर्मीकै रूपमा आफूलाई चिनाउन रुचाउँछन् । साहित्य सृजनामा निरन्तर कलम चलाइरहेका व्यङ्ग्यकार डम्बर घिमिरेलाई हास्यव्यङ्ग्य लेख समालोचना कविता र साहित्यका विविध विधामा कलम चलाउने होनहार प्रतिभाशाली व्यक्तित्वको रूप चिन्न सकिन्छ । पेशाले शिक्षण पेशामा भएपनि साहित्य साधनमा आफूलाई समपर्ण गरेका डम्बर घिमिरेको साहित्यिक यात्राले समयलाई नयाँ मोडको प्रतिपादन गर्दै आइरहेको छ । साहित्य नै जीवन हो र सामाजिक परिवर्तनको लागि साहित्यले नयाँ युगको थालनी गर्छ भन्ने धारणा बोकेका डम्बर घिमिरेको कलमको गति युवा अवस्थाबाटै नरोकिएर दगुरेको पाइन्छ । डम्बर घिमिरेको २०५१ सालमा जुही प्रकाशनले 'भीष्म प्रतिज्ञा'

कविता संग्रह प्रकाशन तितोपिरो हास्यव्यङ्ग्य एल्वम क्यासेट २०५७, म्युजिक नेपालले प्रकाशित गरेको छ भने धर्मकुमारी स्मृति खण्ड काव्य प्रकाशित भएका छन् । सैयौं भन्दा बढि फुटकर कविता, व्यङ्ग्य, मुक्तक, कथा, निवन्ध, लघुकथा आदि रचनाहरू विभिन्न समयमा पत्रिकाहरूमा प्रकाशित हुनुले पनि डम्बर घिमिरेको साहित्यिक यात्रामा अझ टेवा थपिएको छ । साहित्यिक यात्रामा कहिले नथाक्ने डम्बर घिमिरेको कलम परिवर्तनको वाहक हो । 'नवरङ्ग साहित्य प्रतिष्ठान' धरमपुरको १८ बर्षसम्म संस्थापक अध्यक्ष भएर काम गरेका डम्बर घिमिरे बार्षिक पत्रिका 'नवरङ्ग' को पहिलो अंक, दोस्रो अंकको सम्पादक, तथा हास्यव्यङ्ग्य तेस्रो अंकको प्धान सम्पादक, सिस्नुपानी नेपाल, झापा शाखाको अध्यक्ष, बाणी प्रकाशन विराटनगरको शेयर सदस्य, साहित्यिक मञ्च विर्तामोड झापा, भूपू सल्लाहकार, सल्लाहकार सदस्य जस्ता दर्जनौं संस्थामा संलग्नता रहेको छ ।

डम्बर घिमिरेको हास्यकर्म र हास्यक्रियाकलाप निश्चय नै अरु भन्दा भिन्न छ । आयोजित साहित्यिक कार्यक्रम जहाँसुकै पनि आकर्षणका केन्द्रका रूपमा चिनिने तथा आवश्यक परेका बेला हास्यसृजनालाई आशुवाचन गरेर जहिलेसुकैको जेसुकै विषयबस्तुलाई समेत सद्य प्रस्तुत गर्नु उनको मौलिक विशेषता हो । उनका ती रचनाहरूमा हास्य अधिक मात्रामा प्रयोग भएको हुन्छ र व्यङ्ग्यको अपेक्षाकृत कम प्रयोग भएको पाइन्छ । रचना गर्दा तुकबन्दीका लागि मरिमेटेको बुझिन्छ । तुकबन्दीकै मात्रा ख्याल गर्दा निचोड भने विस्थापित हुन सक्छ । सारांशमा उनका रचनाहरूमा हास्यव्यङ्ग्य सन्तुलित रूपमै प्रयोग हुने गरेको छ । उनका रचनाहरूमा निहित हास्यव्यङ्ग्य विशेषः सार्वभौम विषयमाथि नै केन्द्रित हुन्छ । उनको व्यङ्ग्य मानवीय कमजोरी, राजनीतिक विकृति सामाजिक बेथिति माथि लक्षित हुन्छ । 'शैक्षिक अराजकता अनुशासनहीन शैक्षिक जगत, शाकहरूको भ्रष्ट चरित्र, र अनैतिक आचरणमाथि उनको कलम खनिएको हुन्छ पेच पार्ने गरी रन्किएको हुन्छ । नैतिक आचरण गरिएको समाजमा सदाचार र अनुशानको पुनस्थापनार्थ उनका अधिक रनाहरू अप्रत्यक्ष रूपले लक्षित हुन्छन् ।

अनुप्रासमय अर्थात वर्णावृत्ति बहुल भएको उक्तिहरूले भरिएका, चमत्कारिक, शैली, गद्य, तथा पद्यको बान्कीमा मिलेका, तर उचित रूपमा भाव र कथ्यको सन्तुलन भने नभएको भान हुने रचनाहरू प्रस्तुतीकरणको मिठासिलो भावभङ्गिताका कारण आस्वाद्य र प्रेय हुन्छन् । उनका रचनाहरू पाठ्य भन्दा श्रव्य वा श्रवणीय र  आकर्षक हुन्छन् ।

डम्बर घिमिरे हास्यव्यङ्ग्यलाई केन्द्रमा राखेर आफ्नो साहित्यिक लेखनलाई अगाडि बढाउँदै आएका छन् । उनले धरमपुरमा राष्ट्रकै प्रतिष्ठित र चर्चित कवि साहित्कार र कलाकारहरूलाई उपस्थित गराएर सम्मान गरेका छन् । यिनका राष्ट्रकवि माधव घिमिरे, प्रज्ञाप्रतिष्ठानका तत्कालीन उपकुलपति मदनमणि दीक्षित, माषाशास्त्री प्रा. बालकृष्ण पोखेल, कथाकार देवकुमारी थापा आदि सिर्जनाशील साहित्यकार र मदनकृष्ण श्रेष्ठ, हरिवंश आचार्य, वसुन्धरा भुसाल, चुट्याङ मास्टर, मनोज गजुरेल कोमल ओली जस्ता राष्ट्रकै ख्यातिप्राप्त कलाकारहरूले डम्बर घिमिरेको सक्रियतामा घरमपुरमा सम्मान पाएका छन् । उनले विरसिलो गाउँलाई पनि राम्रा कामहरूद्वारा रसिला बनाउन सकिन्छ भन्ने उदाहरण प्रस्तुत गरेका छन् । साहित्यकार र कलाकारहरूलाई धरमपुर पुऱ्याएका छने । यसरी नेपालकै प्रसिद्ध कलाकारहरूलाई धरमपुरमा उपस्थित गराएर सम्मान गर्न समेत सफल हास्यव्यङ्ग्यकार डम्बर घिमिरेको नेपाली साहित्यमा उच्च स्थान रहेको छ ।

हास्यव्यङ्ग्यकार डम्बर घिमिरेले साहित्यिक रचनाहरू मनकै पानामा लेख्छन् । मनकै फाइलमा राख्छन् अनि गोष्ठीहरूमा त्यही फाइल मस्तिष्कमा पल्टाउँछन् र तिखो जिब्रो फट्कार्दै गर्जन्छन्, पड्कन्छन्, उर्लन्छन् र कुर्लन्छन् अचम्मैको छ उनको प्रतिभा, उनको व्यङ्ग्य विस्फोटको छर्रा सामाजिक, राजनितिक विकृति र विसङ्गतिहरू माथि गाडिन्छन् घाइते बनाइदिन्छन् । उनको व्यङग्यबाट कतिपय रिसले ढाडिन्छन्, कतिपय भाँडिन्छन्, त कतिपय भित्रभित्रै कुँडिन्छन् अनि निष्कलङ्क स्रोताहरू चाँही पेट मिची हाँस्छन् र मडारिन्छन् । हास्यव्यङ्ग्कार घिमिरेका केही रचनाहरू निम्न अनुसार प्रस्तुत गरिएका छन् ।

कुर्सीमा पुग्दा व्यवहार
सात पुस्तालाई सल्टिएछ
विकास यति भएछ कि
देशकै टाट पल्टिएछ (घामपानी पृ. ३)

माई डियर
कम हियर
चढौं चियर
खाउँ वियर (घामपानी पृ. ९)

शहिदहरूको धन
एक मिनेट मौन (घामपानी पृ. ३)

भटमास-चिउरा खाऊ छेवैमा बोतल
स्वर्गीय अप्सराको शरीर खोतल
प्रतिनिधि, नेता, मन्त्री सचिवको बल
जे गरे नि माथि नै छन् हुँदैनन् ती तल (घामपानी पृ. ११)

मुख्य मुख्य ठाउँमा ताक्ने थिएँ सिस
विरोधीहरूलाई फेर्ने थिएँ रिस
उमेर नपुगेकी उन्नाइस बीस
राम्री राम्रीलाई खाने थिएँ किस
आखिर मलाई लाग्ने थिएन फिस
मेरो कसले गर्न सक्थ्यो रिस (म प्रधानमन्त्री भए ....)

पढ्न त मैले पढें
भनेको बेला सान पनि पाइनँ मान पनि पाइनँ
बल्लतल्ल सानो नोकरी पाएँ
बिहे गर्ने श्रीमान पाइनँ
नानी पाउँदै पाइनँ
कहिले काहीँ लामु बिदा लिएर
घरमै बसूँबसूँ लाग्छ
सुत्केरी बिदै पाइनँ । (सुत्केरी विदा)

कसैका आई. ए.
स्कुल-क्याम्पस धाइए
कसैका आई. ए.
कार्यालय  खाइए

कसैका आई.ए.

प्रधानमन्त्री पाइए

कसैका आई.ए.

कामै नपाईए

त्यो अन्तिम आइ.ए. त बरु

पाउँदै नपाइए (आइ.ए.)

## निष्कर्ष

शक्तिवल्लभ आर्याल (१८५८) देखि आरम्भ भएको नेपाली हास्य वाङ्ग्य लेखनले धेरै धुम्ती र मोडहरू पार गरिसकेको छ । नेपाली साहित्यको विधागत स्वरूप नविनसकेको अवस्था देखि नै हास्यव्यङ्ग्य शैली अपनाएर लेख्ने गरिएको यथार्थ साहित्यको इतिहासमा अङ्कन भएकै छ । नेपाली भाषाको लेखन परम्परा आरम्भ हुनु भन्दा अगाडि पूर्वमा संस्कृत र पश्चिममा अंग्रेजी विद्वानहरूले साहित्यका सन्दर्भमा हास्यव्यङ्ग्यलाई स्वतन्त्र विधाको रूपमा लिन सकिदैन कविता, कथा, निवन्ध सबैजसो विधामा हास्यव्यङ्ग्य पाइने हुनाले साहित्यमा यसको अनार्विधात्मक उपस्थिति हुन्छ । साधारण भाषामा हास्य हास्नु हो भने व्यङ्ग्य भनेको छेडखान वा घोचपेच गर्नु हो । हास्य भानव भावनात्मक उद्रेकको प्रतीकका रूपमा मानिन्छ । व्यङ्ग्य भने प्रतिक्रियाका रूपमा उद्रेक हुने विषय हो ।

हास्यवयङ्ग्यका बारेमा विभिन्न विद्वान, साहित्यकार र समीक्षकहरूले आ-आफ्नै किसिमले परिभाषा प्रस्तुत गरेका छन् । विभिन्न विद्वानहरूको परिभाषाको अध्ययनलाई हेर्दा राग र द्वेष दुवैको समुचित समन्वय नै हास्य र व्यङ्ग्यको सैद्धान्तिक प्रस्थापनको रूपमा विकसित हुँदै आएको देखिन्छ । यी दुवैको समुचित समन्वय भएको रचना उत्कृष्ट हास्यव्यङ्ग्य रचना हुन्छ ।

हास्यव्यङ्ग्य सम्बन्धी पूर्वीय मतमा विभिन्न विद्वानहरूले पूर्वीय साहित्यशास्त्रमा हास्यलाई हास्य रस र व्यङ्ग्यलाई व्यञ्जना शब्द शक्तिका रूपमा व्याख्या र विश्लेषण गर्दै परिभाषा गरिएको पाइन्छ । त्यसरी नै हास्यव्यङ्ग्य सम्बन्धी पाश्चात्य विद्वान एवं विश्लेषकहरूका अभिव्यक्तिहरूको सार संग्रह गर्दा यो निष्कर्षमा पुग्न सकिन्छ हास्यव्यङ्ग्य भनेको पापको घैंटो फोर्ने र ढोंगको पर्दाफास गर्ने एउटा सशक्त कला हो । यसले विषयवस्तुका रूपमा अनेकानेक विसङ्गतिका घट्ना परिघट्नाहरूलाई सफलतापूर्वक

चित्रणमात्रै गर्दैन त्यसलाई उजागर गर्न, विनष्ट गर्न अभिप्रेरित गर्दछ । पाश्चात्य साहित्य चिन्तकहरूले हास्यव्यङ्ग्यलाई ह्युमर (स्मितहास्य), बीट (बाग्वैदम्ध्य), सटायर (व्यङ्ग्य), आइरोनी (वक्रोक्ति) र प्यारोडी (निद्रुपप वा परिहास) गरी पाँचवटा भेदमा वर्गीकरण गरेका छन् । यसरी पाश्चात्यमा हास्यव्यङ्ग्यलाई सामाजिक र वैयक्तिक विसङ्गतिमाथि विभेद प्रहार गर्ने अभिव्यञ्जनाकै कौशल भनिन्छ ।

हास्यव्यङ्ग्यका तत्वहरूलाई सामान्यत दुई भागमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ । आन्तरिक र वाह्य । विसङ्गतिको बोध गर्न सक्ने लेखकीय तथा पाठकीय सम्वेदना आन्तरिक तत्व अन्तर्गत पर्दछ भने अनाचार, भ्रष्टाचार, अनैतिकता अकर्मण्यता र अमानवीयताका विरोधमा अन्तरध्वंश मच्चाउँदै आचार, नीति, नियम र अनुशासनपूर्ण जीवनको पक्षमा वकालत गर्नु हास्यव्यङ्ग्यको मुख्य तत्व हो ।

समाजमा व्याप्त विसङ्गतिहरूलाई सामाजिक विसङ्गति, राजनीतिक विसङ्गति, आर्थिक  विसङ्गति, प्रशासनिक विसङ्गति, धार्मिक तथा सांस्कृतिक विसङ्गति र मानवीय विसङ्गतिहरू वर्गीकरण गर्न सकिन्छ । यस्तै विसङ्गतिका सेरोफेरोमा हास्यव्यङ्ग्य सङ्गति खोज्दै अघि बढिरहेको हुन्छ अनि विसङ्गतिका विरुद्ध आक्रमण गरिरहेको हुन्छ ।

नेपाली हास्यव्यङ्ग्यको भौतिक परम्पराको इतिहास हेर्दा परापूर्व कालदेखि नै विसङ्गत स्थिति माथि हाँसो उडाउदै व्यङ्ग्य गर्ने परिपाटी र प्रचलन नेपाली संस्कृतिको एउटा पाटो बनेर आएको छ  एक आपसमा हाँसो, ठट्टा, छेडपेच, धोचघच्चा हान्दै रमाइलो गर्ने नेपालीहरूको आफ्नै पारा छ । मेलामा खेतालाहरूको निम्ति खाजा लिएर आएकी गर्भवती महिलालाई खेतालाहरू छेड्खान गर्ने जस्तै : “हामी यति जाबो खेतालालाई पुग्ने खाजा दुई दुई जनाले बोकेर ल्याउनुपर्नेथ्यो त ?” त्यसरी नै “ए दिदी अगाडि पट्टि ढुङ्गा छ । देख्या छ के ?” जस्ता हास्यव्यङ्ग्य गर्ने  नेपाली समाजमा पुरानो परम्परा छ । यस्तै परम्पराबाट नेपाली हास्यव्यङ्ग्यको मौलिक परम्पराको विकास भएको पाइन्छ ।

नेपाली साहित्यमा हास्यव्यङ्ग्य लेखनको प्रारम्भको इतिहास नेपाली साहित्यको इतिहास जतिकै लामो छ । प्राप्त आधारलाई मानेर हेर्दा नेपाली हास्यव्यङ्ग्य लेखनको कालक्रमिक  विकासलाई प्रारम्भकाल, माध्यमिककाल  आधुनिककाल गरेर चरणवद्ध रूपमा उल्लेख गर्न सान्दर्भिक देखिन्छ । नेपाली हास्यव्यङ्ग्यको प्रारम्भिक काल अन्तर्गत वि.सं. १८०१ देखि १९३९ सम्मको १४० वर्षको समय अवधि भित्र पर्दछ । यो समय भनेको नेपाली एकीकरण अभियान देखि सुगौली सन्धी र मोतीराम भट्टको आगमन पूर्वको समय अवधि हो

यो समयका चर्चित हास्यव्यङ्ग्यकारमा शक्तिवल्लभ अर्याल र भानुभक्त आचार्यको नाम अग्रपंक्तिमा आउँछ । वहाँहरूको हास्यव्यङ्ग्यमा हास्य भन्दा पनि तिक्कखर सहज र स्वाभाविक छ, व्यङ्ग्य झन बढी रोचक र सार्थक छ ।

नेपाली हास्यव्यङ्ग्यको माध्यमिक काल अन्तर्गत वि.सं. १९४० देखि १९७६ सम्मको समय अवधि यस कालमा समेट्न सकिन्छ । यो अवधि श्रृङ्गारकालीन युग हो । यो अवधिका चर्चित हास्यव्यङ्ग्यकारहरूमा मोतीराम भट्ट । राजीवलोचन जोशी, लक्ष्मीदत्त पन्त, गोपीनाथ लोहनी, देवीदत्त पराजुलीहरूको नाम अग्रपंक्तिमा आउँछन् । श्रृङ्गार कालीन कविताहरूमा हास्यव्यङ्गयका लक्षणहरू देखिए पनि यस कालका रचनाहरू हास्यव्यङ्ग्यले झकिझकाउ हुन सकेनन  हास्यव्यङ्ग्यका निम्ति यो समय खासै उर्वर रहेन ।

नेपाली हास्यव्यङ्ग्यको आधुनिककालको समय वि.सं. १९७७ देखि हालसम्मको अवधिलाई मानिन्छ । आधुनिककालको पनि विभिन्न चरणमा विभाजन गर्न सकिन्छ । वि.सं. १९७७ देखि २००६ सालसम्मलाई आधुनिककालको पृष्ठभूमि चरण मानिन्छ । पृष्ठभूमि चरणपछि पनि नेपाली हास्यव्यङ्ग्यको आधुनिककाललाई वि.सं. २००७ देखि २०१६ सालसम्म वि.सं. २०१७ सालदेखि २०३० सालसम्म, वि.सं. २०३१ सालदेखि २०४६ सालसम्म र वि.सं. २०४६ सालदेखि हालसम्म गरेर विभिन्न चरणमा विभाजन गरी अध्ययन तथा विश्लेषण गर्न सकिन्छ ।

यस चरणमा नेपाली हास्यव्यङ्ग्यकारहरूमा लक्ष्मीप्रसाद देवकोटा, कृष्णप्रसाद चापागाई केशवराज पिंडाली, हृदयचन्द्रसिंह प्रधान, सिद्धिचरण श्रेष्ठ, प्रेमराज शर्मा जस्ता हास्यव्यङयकारका हास्यव्यङ्ग्य रचनाहरूले नेपाली हास्यव्यङ्ग्यलाई आधुनिक युगतर्फ अग्रसर हुन सहयोग पुऱ्याएका छन् । त्यसरी नै वि.सं. २००७ सालदेखि २०१६ सालसम्मको समय अवधि आधुनिक कालको उठान बिन्दु हो । आधुनिक कालको उठानकालका चर्चित हास्यव्यङग्यकाहरूमा हृदयचन्द्रसिंह प्रधान, कृष्णप्रसाद चापागाई, रुद्रराज पाण्डे, लीलाध्वज थापा, मुरलीधर, केशवलाल कर्माचार्यहरूका नाम उल्लेखनीय छन् । आधुनिक कालको सबै भन्दा उर्वर समय वि.सं. २०१७ सालदेखि २०३० सालसम्मको अवधि हो । यसै चरणमा संख्यात्मक र गुणात्मक हिसाबले सबै भन्दा धेरै हास्यव्यङ्ग्य लेखिएका र प्रकाशित भएका छन् । यस चरणमा चर्चित हास्यव्यङ्ग्यकारहरूमा केशवराज पिँडाली, भैरव अर्याल, धनुषचन्द्र गोतामे, श्रीधर खनाल,

वासुदेव लुइँटेल, रामकुमार पाँडे, विष्णु नवीन, मोहनराज शर्मा, श्याम गोतामे आदि रहेका छन् । यो अवधिका हास्यव्यङ्ग्यका केन्द्रीय व्यक्तित्व भैरव अर्याल हुन् । जसले गर्दा यो कालखण्डलाई हास्यव्यङ्ग्यले उत्कर्षता प्राप्त गरेको छ । वि.सं. २०३१ सालदेखि २०४६ सम्मको चरणमा अघिल्लो चरणको जस्तै गति र तीव्रता नदेखिए पनि निरन्तरता धान्ने क्रममा उल्लेखनीय हास्यव्यङ्ग्य कृतिहरू यस चरणमा पनि प्रकाशित भएका छन् । यस चरणका चर्चित हास्यव्यङ्ग्यकारहरूमा रामकुमार पाँडे, केशवराज पिँडाली, लोकेन्द्र बहादुर चन्द, सूर्यबहार पिवा, नरेन्द्रराज पौडेल, दाताराम शर्मा, मुक्तिकुवेर मास्के, श्याम गोतामे आदि रहेका छन् ।

यसै अवधिमा हास्यव्यङ्ग्य प्रधान 'मुस्कान' मासिक, रकेट द्वैमासिक, 'चड्कन', 'भ्याइँकुटी' त्रैमासिक आदि पत्रिका प्रकाशित भएका थिए । वि.सं. २०४६ पछिको नेपाली हास्यव्यङ्ग्यमा ०४६ सालको राजनीतिक परिवर्तन पछि नयाँ मोड लिएकोअनुभव हुन्छ । तीस वर्षे पञ्चायती व्यवस्थाको अन्त्य र बुहदलीय प्रजातन्त्र प्राप्ति पछि नेपाली जनतामा थुप्रै आशा, आकाङक्षा र आस्थाको घाम बनेर उदायो । प्रजातन्त्र प्राप्ति पछि राजनीतिक दलका कार्यकर्ताहरू सत्तामा पुगे । सत्ता प्राप्तिका लागि तानातान, जस्तै बहुदल पनि बहुदलका नेताहरूको आर्थिक स्तर उल्लेख्य वृद्धि भयो तर जनताका दिनचर्या उस्तै रह्यो । खासै परिवर्तनको कुनै सम्भावना आएन । यस्तै जर्जर परिस्थिति हास्यव्यङ्ग्यका निम्ति उर्वर विषयवस्तु बनेर हास्यव्यङ्ग्य लेखिन थाल्यो । यस चरणका चर्चित हास्यव्यङ्ग्यकारहरूमा केशवराज पिंडाली, कृष्ण प्रसाद चापागाई, श्रीधर खनाल, श्यामगोतामे, बज्रपाणी, खगेन्द्र सङ्ग्रौला, रामकुरमा पाँडे, विमल निभा, गोपाल मैनाली, मदनकृष्ण एवं हरिवंश आचार्य लक्ष्मण नेवटिया, अर्जुन पराजुली, आर.सी. रिजाल, उत्तमकृष्ण मजमैयाँ कृष्ण धारावासी, डम्बर घिमिरे, मनोज गजुरेल, अनिल कोइराला, रुद्र खरेल आदि हास्यव्यङ्ग्यकारहरूको नाम अग्रपंक्तिमा आउँछ । राजनीतिक परिवर्तन पछि देखापरेका राजनीतिक, सामाजिक, आर्थिक र अन्य समसामयिक विसङ्गति माथि तीव्र प्रहार गर्दै हास्यव्यङ्ग्यात्मक कलम चलाइरहेका छन् । यसै चरणका प्रखर हास्य व्यङ्ग्यकार मध्ये डम्बर घिमिरेको नाम पनि अगाडि आउँछ । हास्यव्यङ्ग्यकार डम्बर घिमिरेले हास्यव्यङ्ग्य क्षेत्रमा महत्वपूर्ण योगदान दिदै आउनु भएको छ । वहाँका तीन कृतिहरू प्रकाशित छन् । भीष्म प्रतिज्ञा, धर्मकुमारी स्मृति खण्डकाव्य, घामपानी कविता संग्रह प्रकाशित छन् । त्यस्तै तितोपिरो हास्यव्यङ्ग्य एल्वम क्यासेट २०५७ प्रकाशित गरेका छन् ।

डम्बर घिमिरेका व्यङ्ग्यबाट कतिपय रिसले डाडिन्छन्, त कतिपय भित्रभित्रै कुँडिन्छन् अनि निष्कलङ्क स्रोताहरू चाहीँ पेट मिची मिची हाँस्छन् र मडारिन्छन् । यसरी नेपाली हास्यव्यङ्ग्य क्षेत्रमा डम्बर घिमिरेको योगदान महत्वपूर्ण रहेको प्रमाणित हुन्छ ।

# चौथो परिच्छेद

## ४. नवरङ्ग डम्बर घिमिरे विशेषाङ्क २०६८ भित्रका रचनाहरूको अध्ययन विश्लेषण

### ४.१ पृष्ठभूमि

वि.सं. २००२ साल असार १ गते रावाखोला, हौचुर खोटाङमा जन्मी तीन दशक भन्दा बढी झापाको धरमपुरमा स्थायी बसोबास गरेका डम्बर घिमिरे शिक्षण पेशाबाट सेवा निवृत्त भएपछि हाल बिराटनगर, मोरङमा स्थायी बसोबास गर्दै आएका छन् । झापा बसोबासका क्रममा निकै वर्ष अघि झापामा एउटा भव्य साहित्यिक कार्यक्रमको आयोजना भएको थियो । त्यस कार्यक्रममा सहभागीता जनाउन डम्बर घिमिरे पनि पुगेका थिए । अनेकौं स्थानबाट सहभागी ख्यातिप्राप्त साहित्यकारहरू उपस्थित त्यस गरिमामय कार्यक्रममा आफ्नो पनि रचना वाचन गर्न पाए हुन्थ्यो जस्तो लागेकाले आयोजक समक्ष अनुरोध गरेर दुई दिनसम्म आफ्नो पालो पर्खेर बसे तर आफ्नो रचना वाचन गर्ने पालो आउँछ भन्दा भन्दै कार्यक्रम भने समापन भएको घोषणा पो सुन्नु पऱ्यो । अन्त्यमा खिन्न मन लिएर फर्कनु परेको तीतो यथार्थ संगालेका व्यक्ति हुन साहित्यकार तथा हास्यव्यङ्ग्यकार डम्बर घिमिरे ।

"विष बिनाको सर्प र इख बिनाको मानिस काम लाग्दैन भन्ने उखान बुझ्नु भएका गुरु डम्बर घिमिरेले आफू जस्तै आफ्नो प्रतिभा देखाउन नपाएका र नव प्रतिभाहरूलाई समेत स्थान दिन सक्ने गाउँमै एउटा साहित्यिक प्रतिष्ठान खोल्ने अठोट गर्नु भयो । अहोरात्र खटेर साहित्यिक प्रतिष्ठान जन्माउन सफल हुनुभयो । वि.सं. २०४९ सालमा झापा जिल्लाको धरमपुर नवरङ्ग साहित्यिक प्रतिष्ठान स्थापना गर्न डम्बर घिमिरे सफल हुनुभयो । नवरङ्ग साहित्यिक प्रतिष्ठानको स्थापना पश्चात १८ वर्षसम्म उक्त संस्थाको अध्यक्ष पद सम्हालेर संस्थानलाई राष्ट्र व्यापी रूपमा चिनाउन सफल हुनु भयो । जुन काम गर्दा धेरै दुःख कष्ट सहन पछि पर्नु भएन । सभा, सम्मेलन, बैठक हर क्षेत्रमा कवि डम्बर घिमिरे आफै खटेर पुग्नु भएको छ । साहित्यकार घिमिरेले जुन योगदान साथ अथक प्रयास गर्नु भयो जसको परिणाम स्वरूप नवरङ्ग साहित्य प्रतिष्ठानले पूर्वाञ्चल मात्र नभई राष्ट्रकै नामी संस्थाको रूपमा परिचित भएको छ । नेपालको सुदुर पूर्वी झापा जिल्लाको एउटा गाउँ धरमपुरमा रहेको नवरङ्ग साहित्य प्रतिष्ठान कवि डम्बर घिमिरेकै क्रियाशीलता र वलवुतामा देश भित्र र बाहिर पनि चिनाउदै अस्तित्वमा रहेको साहित्यिक संस्था हो । यस प्रतिष्ठानको स्थापना, संचालन र यसको उन्नति प्रगतिमा

निरन्तर क्रियाशील  संस्थापक अध्यक्ष हास्यव्यङ्ग्यकार कवि डम्बर घिमिरेको निर्वाह गरेको भूमिका प्रशसनीय छ । स्थानीय प्रतिभाका प्रस्फुटनको लागि उपयुक्त चौतारी र धरमपुरलाई वाहिर चिनाउने माध्यम बनेको यस प्रतिष्ठानले कवि डम्बर घिमिरेलाई  उत्साहित परिस्कृत, क्रियाशील र सुपरिचित बनायो ।

वि.सं. २०४९ सालमा झापा जिल्लाबाट नवरङ्ग साहित्य प्रतिष्ठानको स्थापना पछाडि १९ वर्षको समयावधिमा धेरै परिस्थितिहरूको विकास भएका  छन् । आन्तरिक रूपमा पनि नवरङ्ग साहित्य प्रतिष्ठानले थुप्रै आरोह अवरोहरू पार गरेको छ । नेपाली साहित्यको विभिन्न विधालाई समेटेर यस अघि प्रतिष्ठानले तीनवटा प्रकारशन कार्यहरू सम्पन्न गरेको छ । प्रत्येक समयमा यस प्रकाशनले केही न केही महत्व र प्रभाव छोड्न सफल भएकै छन् । २०६८ सालमा धरमपुरबाट धरपुरको आलोक नवरङ्ग र डम्बर घिमिरे विशेषमा बेग्लै खालको कृति प्रकाशन भएको छ । धरमपुर झापाको दुर्गम क्षेत्र हो । दुर्गम क्षेत्र भित्र पनि साहितयको सुगमतालाई सहज बनाउन अन्तर हृदयबाटै सोच र चिन्तन मननका साथ लागी पर्दै नवरङलाई अठार वर्षको बनाउने डम्बर घिमिरेको स्तुल्य त्याग लगानी र काव्यकारिताको कदर स्वरूप प्रतिष्ठानले यो अङ्क प्रकाशनको जमर्को गरेर अहिलेसम्म नवरङ्गले कमाएको इज्जतलाई समेत शीर्ष स्थानमा राखेर सबैको राय, सुझाव, सल्लाह र सहयोग पछि कार्यसमितिले यो अङ्क प्रकाशन गर्न लागेको हो । समय छदै व्यक्तिले गरेको योगदानहरूको अभिलेख राख्न सकिएन भने त्यस्ता योगदानहरू विस्मृतिमा जान्छन् । डम्बर घिमिरेका बारेमा पनि यही स्थिति आउला भन्ने चिन्ताले वर्तमान कार्यसमितिले नवरङ्ग डम्बर घिमिरे विशेष २०६८ प्रकाशन गर्न लाग्नु स्वभाविक हो । डम्बर घिमिरेले साहित्य, कला र संस्कृतिको श्रीवृद्धिका लागि गर्नु भएको योगदानको सम्बन्धित निकायबाट मूल्याङ्कन हुन नसकेको ठानी यो विशेषाङ्क प्रकाशन गर्नु परेको हो । यस विशेष अंकमा देश विदेशका गरी २०० भन्दा बढी विद्वानहरूद्वारा उहाँका कृतिहरूको मूल्याङ्कन, संस्मरण, शुभेच्छा र व्यक्तित्व चर्चालाई वर्णानुक्रममा समाविष्ट गरी यो अंक तयार पारिएको हो । यसको मूल उद्देश्य जिउँदो साहित्यकाहरूको सम्मान उहाँहरूको जीवनकालमै गर्नु हो ।

नवरङ्ग डम्बर घिमिरे विशेषाङ्क २०६८ भित्र जम्मा ५२१ पृष्ठमा तयार पारिएको छ । यसको बाहिरी आवरणमा हास्यव्यङ्ग्यकार डम्बर घिमिरेको तस्वीर नवरङ्ग साहित्य प्रतिष्ठान धरमपुर झापा लेखिएको छ । यस पुस्तकको भित्र पट्टि शुरुको पानामा नवरङ्ग धरमपुरको

आलोक नवरङ्ग र डम्बर घिमिरे विशेष २०६८ अङ्क-४ प्रकाशन र कम्प्यूटर लेखनाथ पौडयाल, धरमपुर मुद्रणः गजुरमुखी प्रिन्टर्स, विराटनगर, फोनः ०२१-५३३५८० साथै मूल्य रु. १०००।- उल्लेख गरिएको छ । शुरु पानाको पछाडिको भागमा हार्दिक शुभकामना शीर्षक मार्फत वरिष्ठ हास्यव्यङग्यकार डम्बर घिमिरेको उन्नति र प्रगति एवं सुस्वास्थ्यको शुभकामना ! भनी अनिलदेव राई अध्यक्ष नवरङ्ग साहित्य प्रतिष्ठान परिवार धरमपुर झापा उल्लेख भएको छ । दोस्रो पानाको अघिल्लो पृष्ठमा नवरङ्ग धरमपुरको आलोक नवरङ्ग र डम्बर घिमिरे विशेष २०६८ अङ्क-४ प्रधान सम्पादक अनिलदेव राई, सम्पादक दिलिप घिमिरे, कार्यकारी सम्पादक तेजेन्द्र घिमिरे विष्णु प्रकाश निरौला, सह-सम्पादक एन.वी. दाहाल 'नवीन' धनश्याम रिसाल, सम्पादन सदस्य मेचीपुत्र हरिमाया दुलाल, शिव आचार्य 'प्रतीक्षा' पुनम सुब्बा, अतिथि सम्पादन अच्चुत घिमिरे गणेश घिमिरे 'मार्मिक', व्यवस्थापक गुणराज लामिछाने, भाषा सम्पादन गोकुल 'व्याकुल' अग्निप्रसाद कोइराला उल्लेख गरिएको छ । दोस्रो पानाकै पछिल्लो भागमा फोटो सहित डम्बर घिमिरे संस्थापक/संरक्षक नवरङ्ग साहित्य प्रतिष्ठान अग्र भागमा उल्लेख छ भने वर्तमान सल्लाहकार समितिहरूको फोटो सहित नाम र पद, विशेष सहयोगीहरूको नाम उल्लेख छ । तेस्रो पानाको अघिल्लो पृष्ठमा नेपाल प्रज्ञा प्रतिष्ठानको कुलपति वैरागी काइँलाद्वारा शुभकामना शीर्षक मार्फत नवरङ्ग डम्बर घिमिरे विशेषाङ्कको सफलताको हार्दिक शुभकामना सहित डम्बरजीलाई बधाई ज्ञापन गर्दछु भनी उल्लेख गर्नु भएको छ भने पछिल्लो पृष्ठमा संविधानसभा सदस्य, झापा-७ का विश्वदीप लिङ्देन (लिम्बू) ले शुभकामना व्यक्त गरेका छन् । चौथो पानाको अघिल्लो पृष्ठमा शुभकामना शीर्षक मार्फत माधव घिमिरेद्वारा हास्यव्यङ्ग्य कालाकार डम्बर घिमिरे प्रति हार्दिक बधाई तथा नवरङ्ग साहित्य प्रतिष्ठानको उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछु भनी उल्लेख गरेका छन् । भने पछिल्लो पृष्ठको सिरान भागमा श्यामप्रसाद शर्मा संस्थापक प्रलेसद्वारा शुभकामना व्यक्त गरेका छन् एंव पुच्छार भागमा चेतना संरक्षण प्रतिष्ठान अध्यक्ष गंगा सुवेदीले शुभकामना व्यक्त गरेका छन् । पाँचौ पृष्ठमा सम्पादकीय लेखमा दिलिप घिमिरेद्वारा यो चौथो अङ्कलाई जन्माउन लेख रचना प्रदान गर्नु हुने विद्वान महानुभावहरूमा सम्पादकीय मार्फत धन्यवाद दिदै विविध क्षेत्रबाट सहयोग गर्नु हुने शुभचिन्तकहरूका अभार व्यक्त गर्दै अर्को अङ्कमा भेट्ने बाचा सहित यो विशेष अङ्कबाट विदा चाहन्छु भनी उल्लेख गरेका छन् । त्यसरी नै छैटौं पृष्ठमा प्रकाशकीय लेख तेजेन्द्र घिमिरे उपाध्यक्ष नवरङ्ग साहित्य

प्रतिष्ठान, धरमपुर झापाद्वारा यस चौथो प्रकाशनको कार्यमा महत्वपूर्ण सहयोग गर्नु हुने सबैमा प्रकाशकको तर्फबाट हार्दिक धन्यवाद र कृतज्ञता अर्पण गर्दछौं भनी लेखेका छन् । सातौं, आठौं, नवौं र दशौं पृष्ठमा तस्वीरमा डम्बर घिमिरे शीर्षक मार्फत चार पृष्ठमा राष्ट्रकवि माधवप्रसाद घिमिरे दम्पतिका साथमा, मह जोडी एवं बसुन्धरा भुसाल सम्मान कार्यक्रम, साहित्यकार मोहनराज शर्मालाई सम्मान गर्दै, प्रा.डा. माधव प्रसाद पोखेललाई सम्मान गर्दै, कृष्ण वराललाई सम्मान सम्मान गर्दै, नवरङ्गको सम्मान कार्यक्रममा अतिथिहरूका साथमा, पाँचौ साधारणसभाबाट निर्वाचित पदाधिकारीका साथ, नवरङ्गको कार्यक्रममा झमक घिमिरे लगायत सहभागीहरू सामाजिक कार्यमा डम्बर घिमिरे विदाई हुने क्रममा प्रशंसा पत्र दिदै, विदाई कार्यक्रममा विद्यार्थीबाट मायाको चिनो लिदै, श्री गेरुअम्बिका कोइराला स्मृति वाणी सम्मान २०६६ द्वारा सम्मान समारोहमा सम्मानित हुदै, डम्बर घिमिरेका प्रकाशित कृतिहरू, चितवनको सौराहमा साहित्यकारहरका साथ हात्तीमा वनविहार गर्दै, श्रृजना कला समूह काठमाण्डौंद्वारा प्रदान गरिएको सम्मान पत्र ग्रहण गर्दै, साहित्य चौतारीद्वारा सम्मानित, कविता वाचन गर्दै डम्बर घिमिरे, प्रकृतिमा रमाउदै, मोती मा.वि. को कम्पाउण्डमा काठमाण्डौमा कविता वाचन गर्दै, पत्रकारसँग अन्तरवार्ताकाका क्रममा, रवि पाँचथरमा देवकोटा शतवार्षिकी कार्यक्रममा सम्मान लिदै, डम्बर घिमिरेकी ममतामयी आमा, श्रीमतीका साथमा, भतिजको विवाहमा दाजू-भाउजुहरूका साथमा, युवा अवस्थामा, परिवारका साथमा जस्ता तस्वीरहरू राखी पुस्तकलाई आकर्षक बनाइएको छ । त्यसपछिका पृष्ठ ‘क’ देखि पृष्ठ ‘य सम्ममा नवरङ्ग साहित्य प्रतिष्ठानका विशिष्ट संरक्षक सदस्य, विशिष्ट आजीवन सदस्यहरूको फोटो सहित नाम, ठेगाना, जन्ममिति, जन्मस्थान, माता पिताको नाम, पेशा, सम्मान, कृति सम्पर्क नम्बर उल्लेख गरिएको छ । पृष्ठ ‘य’ पछिका तीन पृष्ठमा विषय सूची उल्लेख गरिएको विषयसूचीमा क्रमशः १ देखि २१९ का विभिन्न शीर्षकमा लेखकका नाम र पृष्ठ उल्लेख छ ।

विषयसूचीको समाप्ति पछि पृष्ठ १ सुरु हुन्छ । पृष्ठ १ देखि पृष्ठ ५२१ सम्ममा नवरङ्ग डम्बर घिमिरे विशेषाङ्क २०६८ प्रकाशनको लागि सहयोग गरी लेखरचना प्रदान गर्नुहुने विद्वान महानुभावहरूको लेखरचनाहरू क्रमशः छापिएका छन् । उक्त लेख रचनाहरूमा नेपाली साहित्यमा योगदान दिनुहुने वरिष्ठ हास्यव्यङ्ग्यकार डम्बर घिमिरेको कृतिहरूको समीक्षा, बधाई, शुभकामना, सम्झना जस्ता लेख रचनाले भरिभराउ छ ।

पृष्ठ ५२१ पछि छुट आजीवन सदस्यको विवरण घिमिरेका परिवारहरूका तस्वीरले सजीसजाउ गरिएको छ ।

## ४.१.२ नवरङ्ग पत्रिकामा डम्बर घिमिरेको देन

झापामा निकै बर्ष अघि एउटा भव्य साहित्यिक कार्यक्रममा आफ्नो रचना वाचन गर्ने अवसर नपाएपछि खिन्न मन लिएर फर्कनु परेका तीतो यथार्थ संगालेका साहित्यकार एंव हास्यव्यङ्ग्यकार डम्बर घिमिरेले गाउँमै एउटा साहित्यिक प्रतिष्ठान खोल्ने अठोत गर्नु भ यो । आफ्नो प्रतिभा देखाउन नपाएका र नव प्रतिभाहरूलाई समेत स्थान दिन र गाउँमा लुकेर रहेका प्रतिभाहरूलाई हौसला, उमङ्ग र मौका दिन हास्यव्यङ्ग्यकार डम्बर घिमिरेले धरमपुर गाउँमै एउटा साहित्यिक प्रतिष्ठान खोल्ने अठोट गरेर अहोरात्र खटेर २०४९ सालमा नबरङ्ग साहित्य प्रतिष्ठान खोल्न सफल हुनुभयो । नवरङ्ग साहित्य प्रतिष्ठानको संस्थापक अध्यक्षको पद समेत आफै सम्हाल्नु भयो । कुनै पनि संख्या जन्माउन जति गाह्रो छ, त्यसलाई हुकाउँउन अझ गाह्रो हुन्छ । नबरङ्ग साहित्य प्रतिष्ठानलाई साहित्यकार डम्बर घिमिरेले जन्माएर धेरै दुःख गरेर हुर्काउने काम समेत गर्नु भयो । नवरङ्ग साहित्य प्रतिष्ठानको आयोजनामा झापा धरमपुरमा ठूल ठूला साहित्यिक आयोजना समेत सम्पन्न गर्न सफल हुनुभयो । राष्ट्रकै ख्याति प्राप्त कलाकार साहित्यकारको उपस्थित गराएर धरमपुरमा विशाल साहित्यिक कार्यक्रम गराएर सम्मान गर्न सफल हुनुभयो । नवरङ्ग साहित्य प्रतिष्ठानको लागि मेची महाकाली देखि छिमेकी मुलुक भारतको विभिन्न साहित्यिक कार्यक्रममा सहभागी हुन पुग्नु भयो । नवरङ्ग साहित्य प्रतिष्ठानलाई देशको कुना कुनासम्म परिचित गराउन आफै खट्नु भयो । जसको परिणाम स्वरूप नवरङ्ग साहित्य प्रतिष्ठान देशकै प्रतिष्ठित साहित्यिक प्रतिष्ठानको रूपमा परिचित भएको छ । नबरङ्ग साहित्य प्रतिष्ठानको आयोजनामा जति कार्यक्रम भए ती सबै कार्यक्रमको सबै जसो व्यवस्थापनमा अहोरात्र आफै खट्नु हुन्थ्यो । विभिन्न कार्यक्रमको सरसामान जुटाउनु देखि प्रमुख अतिथि अतिथिहरूलाई स्वागत सत्कार गर्न समेत आफैं अघि बढ्नु हुन्थ्यो । साहित्यकार डम्बर घिमिरे । नबरङ्ग साहित्य प्रतिष्ठानको आयोजनामा गाउँमा लुकेर रहेका आफ्नो प्रतिभा देखाउन नपाएका नब प्रतिभाहरूलाई समेत मौका पाए जसले गर्दा धेरै नबप्रतिभाहरूले साहित्यको चौतारीमा आफ्नो प्रतिभा प्रस्तुत गर्ने मौका पाए । यसरी नबरङ्ग साहित्य प्रतिष्ठानको स्थापनामा साहित्यकार डम्बर घिमिरेले ठूलो योगदान दिनु भएको छ । स्थापना

पछि लगातार अठार बर्षसम्म नबरङ्ग साहित्य प्रतिष्ठानको अध्यक्ष पद सम्हालेर संस्थालाई हुर्काउने काम गर्नु भएको छ ।

नबरङ्ग साहित्य प्रतिष्ठानको स्थापनामा साहित्यकार डम्बर घिमिरेको ठूलो देन छ । डम्बर घिमिरेको योगदान नभएको भए साहित्यिक योगदान नभएको भए, प्रचार प्रसार नगरेको भए सायद आज नवरङ्ग साहित्य प्रतिष्ठानको स्थापना र हुर्काउने काममा साहित्यकार डम्बर घिमिरेको अतुलनीय योगदान रहेको छ ।

### ४.१.३ नबरङ्ग पत्रिकामा डम्बर घिमिरे विशेषाङ्क प्रकाशनको महत्व र उपयोगिता

साहित्यकार डम्बर घिमिरेले आफ्नो प्रतिभा देखाउन नपाएका र नवप्रतिभाहरूलाई समेत स्थान दिन सक्ने गाउँमै एउटा साहित्यिक प्रतिष्ठान खोल्ने अठोट गरेर अहोरात्र खटेर साहित्यिक प्रतिष्ठान जन्माउन सफल हुनु भयो ।

वि.सं. २०४९ सालमा नबरङ्ग साहित्य प्रतिष्ठान धरमपुर स्थापना गरी २०६८ सम्म १९ बर्षको समयावधिमा धेरै परिस्थितिहरूको विकास भएका छन् । आन्तरिक रूपमा नवरङ्ग साहित्य प्रतिष्ठानले थुप्रै आरोह अवरोहहरू पार गरेको छ । नेपाली साहित्यको विभिन्न विधालाई समेटेर यो अंक अघि प्रतिष्ठानले तीन वटा प्रकाशन कार्यहरू सम्पन्न गरेको छ । प्रत्येक समयमा यसका प्रकाशनले केही न केही महत्व र प्रभाव छोड्न सफल भएकै छन् । धरमपुरबाट प्रकाशनको कार्य गर्दा नबरङ्ग एउटा यस्तो खोजिएको कृतिको रूपमा निस्कन्छ जसका अघिल्ला अंकहरूको चर्चा र अपर्याप्तताले पनि पुष्टि गर्दछ । २०६८ मा धरमपुरबाट धरमपुर आलोक नबरङ्ग र डम्बर घिमिरे विषयमा बेग्लै खालको कृति प्रकाशन भएको छ । जम्मा जम्मी नामको माग अध्ययनले कृतिको पूर्ण रूपमा अर्थ स्पष्ट हुन नसकेपनि यसबाट आवश्य पनि धेरै विषय बोध हुन सक्छ भन्ने प्रतिष्ठानको ठहर छ । धरमपुर एउटा दुर्गम क्षेत्र हो । झापाको/यस्तो दुर्गमभित्र पनि साहित्यको सुगमतालाई सहज बनाउन साँच्चै अन्तर हृदयबाटै सोच र चिन्तन मननका साथ लागि पर्दै नबरङ्गलाई अठार बर्षको बनाउने डम्बर घिमिरेको स्तुत्य त्याग लगानी र काव्यकारिताको कदर स्वरूप प्रतिष्ठानले यो अंक प्रकाशनको जमर्को गरेर अहिलेसम नवरङ्गले कमाएको इज्जतलाई समेत शीर्ष स्थानमा राखेर सबैको राय, सुझाव, सल्लाह र सहयोग पछि यो अंक प्रकाशन हुन लागेको हो ।

नवरङ्ग डम्बर घिमिरे विशेषाङ्क किन त ? यसको सवाल र जवाफ पनि खोजीको विषय बन्नु पर्छ र बन्न सक्छ । धरमपुर पनि नेपाल हो । नेपाल जति अस्तव्यस्त छ वा उल्झनमा रङ्मगिदैं छ त्यस्तै चपेटामा अल्मलिदै छ धरमपुर । यहाँको माटोले धेरै खाले

अस्तित्वलाई स्वीकार पनि गरेको छ । यसको श्रेय नबरङ्गलाई जान्छ । यस अर्थमा धरमपुरको एउटा आलोक हो । नवरङ्ग र त्यसलाई हुर्काउने साँच्चै त्यागी बनेर लाग्नुहुने डम्बर घिमिरे नवरङ्गका दृष्टिमा सारथी हुन र तिनै सारथीलाई प्रकाशनले चौथो अंक (नवरङ्ग डम्बर घिमिरे विषेशाङ्क) चढाएको छ । डम्बर घिमिरेको व्यक्तित्वको गाथा झल्काउन भन्दा पनि संस्थाको स्थापनाको योगदान आज हामीले स्मरण गर्नुपरेको छ । यिनै कुरा बेहोरी रहेको धरमपुरबारे नबरङ्गबारे र डम्बर घिमिरे बारे यस प्रकाशनले जिज्ञासा र कौतूहलता मेटाउनका लागि अवश्य सहयोग पुग्ने अपेक्षा गर्न सकिन्छ । त्यसैले यो नबरङ्ग डम्बर घिमिरे विशेष धरमपुर र नबरङ्गलाई परिपूरक बनाउने अर्का पर्यायी व्यक्तित्व डम्बर घिमिरेलाई नजिकबाट अध्ययन गर्नका लागि केही सामग्री बनोस् भन्नका लागि हो । यो प्रकाशन ।

समय छँदै व्यक्तिले गरेका योगदानको अभिलेख राख्न सकिएन भने अन्तत त्यस्ता योगदानहरू बिस्मृतिमा जान्छन् । डम्बर घिमिरेका बारेमा पनि यस्तै स्थिति आउला भन्ने चिन्ताले वर्तमान कार्यसमितिलाई लाग्नु स्वभाविक हो । डम्बर घिमिरेले साहित्य कला र संस्कृतिको श्रीबृद्धिका लागि गर्नुभएको योगदानको सम्बन्धित निकायबाट मूल्याङ्कन हुन नसकेको ठानी बर्तमान कार्यसमितिले विशेषाङ्क प्रकाशन गर्नु परेको हो । यस विशेष अंकमा देश विदेशको गरी २०० भन्दा बढी विद्वानहरूद्वारा उहाँका कृतिहरूको मूल्याङ्कन, संस्मरण, शुभेच्छा र व्यक्तित्व चर्चालाई वर्णानुक्रममा समाविष्ट गरी यो अंक तयार पारिएको छ । यसको मूल उद्देश्य जिउँदो साहित्यकारहरूको सम्मान उहाँहरूको जीवनकालमै  गर्नु हो ।

नबरङ्ग डम्बर घिमिरे विशेषाङ्कन प्रकाशनको लागि बर्तमान कार्यसमितिको कार्य र सम्पादकले बटुलेका लेखहरूले साहित्यकार डम्बर घिमिरेको योगदानको कदर गर्दै उहाँहरूलाई चिनाउन यो अंक सफल भएको देखिएकाले नवरङ्ग पत्रिकामा नबरङ्ग डम्बर घिमिरले विशेषाङ्क प्रकाशनको महत्व र उपयोगिता सावित भएको देखिन्छ ।

## ४.२.  नबरङ्ग डम्बर घिमिरे विशेषाङ्क भित्रका रचनाहरूको वर्गीकरण र मूल्याङ्कन

### ४.२.१. हास्यब्यङ्ग्य कवि डम्बर घिमिरेका कविताहरूको वर्गीकरण

हास्यव्यङ्ग्य कवि डम्बर घिमिरेका कविताहरूलाई समसामयिक फुटकर व्यङ्ग्यात्मक कविता सङ्ग्रह र ऐतिहासिक खण्डकाव्यात्मक कृति श्रव्यात्मक एल्वम क्यासेट गरी वर्गीकरण गरिएको छ ।

### ४.२.१. क. समसामयिक व्याङ्ग्यात्मक कविता संग्रह

वि.सं २००२ साल असार १ गतेमा पिता गजाधर घिमिरे माता मेनकुमारी घिमिरेबाट खोटाङ जिल्ला रावाखोला हौचुरमा जन्मनु भएका कवि तथा व्यङ्ग्यकार डम्बर घिमिरेका थुप्रै साहित्यिक नामहरू छन् । तीमध्ये झापा धरमपुरका अण्याक कवि निकै प्रसिद्धिमा आएको नाम हो । साहित्य सिर्जनामा निरन्तर कलम चलाइरहेका व्यङ्ग्यकार कवि डम्बर घिमिरेलाई हास्यव्यङ्ग्य लेख, कविता र साहित्यका विविध विधामा कलम चलाउने होनहार प्रतिभाशाली व्यक्तित्वको रूपमा चिन्न सकिन्छ । उनका थुप्रै कृतिहरू प्रकाशित भएका छन् । तीमध्ये डम्बर, घिमिरेको २०५१ सालमा जुही प्रकाशनले "भीष्म प्रतिज्ञा" कविता संग्रह प्रकाशित गरेको थियो । 'भीष्म प्रतिज्ञा' भित्र लामा छोटा कविता गीत मुक्तक गरी ३२ वटा रचना प्रकाशित रहेको पाइन्छ । पहिलो कविता 'स्वदेश गान' बाट शुरु हुन्छ । दोस्रो कविता 'भीष्म प्रतिज्ञा' तेस्रो कविता 'पुकार' चौथो कविता "आउ बी.पी. तिमीलाई स्वागत छ" पाँचौ कविता "दालमा कालो छ", छैटौं कविता "म मातिरहेछु" "सातौ कविता" "आधार विना भूई छोड्ने खुट्टाहरू" आठौं कविता "देशका लागि उत्सर्ग गर्न सकौं" नबौं कवित "नब बर्ष" दशौं कविता "जम्ल्याहा छोरा" एघारौं कविता "रित्तो घर" बाह्रौ कविता "नेपाली बटुवालाई राष्ट्रियताको प्रश्न " तेह्रौ कविता "आमाको आशु" चौधौ कविता "मेरो हजुरबालाई अर्ती हजुर आमालाई उपदेश" पन्ध्रौ "सगरमाथा अब तिमीले बोल्नु पर्छ" सोह्रौ कविता "मलाई त आइमाई हुन मन लागेको छ" सत्रौं कविता "मेरो धरमपुर" अठारौं कविता "आँखाहरूलाई अर्ती" रहेका छन् । भने १९ नं. देखि ३२ नं. सम्मका बी.पी., को ठूलो ?, अविवाहित नारीका वेदनामय उक्ति, बन, समस्याको हल, आइ.ए., सुत्केरी विदाको रहर, म कवि त हुँ , समस्या प्रति, जवानी चढ्यो, सगरमाथा ज्यूदैं मरि बाँचेको, आयोजक प्रति, मेची पुल समेत १४ वटा कविताहरू मुक्तकाकारका रूपमा संचरना गरिएका छन् ।[७९]

हास्यव्यङ्ग्यकार डम्बर घिमिरेको भीष्म प्रतिज्ञा कविता सङ्ग्रहको बारेमा विभिन्न विद्वानहरूले आ-आफ्नो विचार प्रस्तुत गरेका छन् । उपेन्द्र पागलद्वारा भीष्म प्रतिज्ञा कविता संग्रहको स्रक्षिप्त चर्चा शीर्षकमा आफ्नो विचार निम्न अनुसार प्रस्तुत गरेका छन् ।

"भीष्म प्रतिज्ञा" भित्र लामा छोटा कविता, गीत, मुक्तक गरी ३२ वटा रचना रहेको पाइन्छ । पहिलो कविता "स्वेदश गान" १५, १६ का आक्षरिक ढाँचामा लोकलयात्मक संरचनामा पर्ने गीतमा उनले नेपाली प्रकृतिलाई मानवीकृत गरी शिर, हात, नाक, आँखा,

[७९] नबरङ्ग डम्बर घिमिरे विशेष भीष्म प्रतिज्ञा संग्रहको संक्षिप्त चर्चा-उपेन्द्र पागल पृ. २५-३१ ।

मन, बोली, मुटु आदिले युक्त मानव शरीरको स्वरूप उभ्याएर त्यसभित्र रहेका राष्ट्रिय भाव, नेपाली संस्कृति र भेषभूषा आदिले म यै माटोको फूल हुँ भनेर आफूलाई र देशलाई एकाकार बनाएका छन् । उपमा, रूपक, अन्त्यानुप्रास आदि अलङ्कारहरूका कारण भाषिक कलाको सीप समेत भरपुर प्रस्तुत गरेका छन् । दोस्रो कविता "भीष्म प्रतिज्ञा" हो । यसै शीर्षकबाट पुस्तकको नामाङ्कन भएको छ । कृति भित्रका कविताहरूमध्ये सबैभन्दा लामो १७३ हरफको संवादात्मक र बैचारिक तर्क युक्त यस कविताकी नारीले "जबसम्म मेरी आमाको गरीबी, अपाङ्ग केही अशिक्षित निम्न बर्गका छोरी, मेरा दिदी, बहिनीहरूको कर्मबीर, स्वावलम्बी, पुरुषसित बिहे हुँदैन । तबसम्म म कसैसित अर्थहीन विहे गर्दिन" भनेर एउटी नव यौवना केटी अर्थात प्रजातन्त्रले भीष्म प्रतिज्ञा गरेको पाइन्छ । र पुरातन विचार धाराको सामाजिक रुढीको परावलम्वीपनको, दाईजोप्रथाको, राणा शासन, पञ्चायतीकालको निरङकुशंता, ०४६ को अधुरो बसन्त, जुरे-गजुरे बसन्तहरूको पनि विशेष गरी अग्रगामी सोच लिएको सन्देश व्यक्त छ । तेस्रो कविता "पुकार"मा आफ्नो जन्मभूमिलाई तीर्थस्थलको रूपमा लिएर दुःखी र परिश्रमीले ईश्वरको दर्शन पाइने कुरा व्यक्त गरी देश प्रेमको व्यापक भाव र सन्देश व्यक्त गरेको पाइन्छ । चौथो कविता "आउ बी.पी. तिमीलाई स्वगत छ" मा स्वर्गीय वी.पी.लाई आव्हान गरिएको छ । यो देश त सहिद पत्नी र उनका सन्तान, श्रमिक, भरिया, दुःखीजन, पीडित मन हुनेहरूको पनि हो, जनता भए देश हुन्छ, देश र जनता भए नेता हुन्छ । तिम्रा कर्मी कुर्सीमा हुँदा तिमी देश ढाकौला, पुष्पलालका कर्मी कुर्सीमा पुगे बाँकी भाग उनीहरूले ढाक्लान । यहाँ अरुको केही काम छैन । कुनै अस्तित्व छैन भनी दुई पार्टीहरूको पक्षपाती भएर निरङ्कुशताको च्याउ उमार्ने पार्टीहरूको भर्त्सना गरी व्यञ्जनात्मक अर्थ र अग्रगामी विचारलाई समेटिएको पाइन्छ र व्यङ्ग्य ध्वनित भएको पाइन्छ । पाँचौ कविता "दालमा कालो छ" भन्ने लोक भक्तिलाई शीर्षक बनाएर लेखिएको यस कविताले कान्छा दाइ (धीरेन्द्र)ले खाइनपाइन छाडेर जानु, सुवास घिसिङले भानुभक्तको सालिक भत्काउनु र नेपालमा प्रजान्त्र आएर पनि पशुपतिनाथका भट्टहरूलाई नै पुजारीको रूपमा राखी छाड्नु किन भइरहेछन् ? यी क्रियाकलापहरूमा पनि कुनै न कुनै तुष रहेको छ भन्ने आशङ्का कवि हृदयमा रहेको भावव्यक्त हुन्छ । छैटौं कविता "म मातिरहेछु" हो । यस कविताले राजनैतिक व्यङ्ग्यका रूपमा १९०३ मा राणाहरूको उदय भएको र ०७ मा प्रजातन्त्र मात्र आएको तर ०१७ सालले ३० वर्षसम्म पुनः अर्काले सत्ताको मादकता धोकेको कुराहरू गरी सत्ताधिकारीलाई रक्सीको मादकताको रूपमा रूपान्तरण गरी उपमा र

अन्त्यानुप्रासका माध्यमबाट शब्द सजावट गरी गद्य कविता कलाको उपस्थापन गरिएको पाइन्छ । सातौं कविता "आधार विना भुइँ छोड्ने खुट्टाहरू" गद्य कविता हो भने यसले लिएको विषय चाहिँ राजनैतिक धुर्त्याईं प्रति व्यङ्ग्य नै हो । यसमा अन्धा भएका नेतृत्व वर्गले आफ्ना जनता र शहिदहरू प्रति वेवास्ता गरिएको र सत्ता उन्मादले मातिएकाहरुलाई अरुले दिएको सिरक भन्दा आफ्नै धुस्सा न्यानो हुन्छ । भुसको न्यानो त क्षणिक हुन्छ भन्दै त्यस्ता स्वार्थी संस्कृति विमुख नेतृत्व प्रति पनि व्यङ्ग्य गरिएको छ । उखानहरूको प्रयोगले भाषिक अभिव्यक्तिलाई सुन्दर बनाइएको पाइन्छ । आठौं कविता "देशका लागि उत्सर्ग गर्न सकौं" पञ्चचामर शास्त्रीय छन्दमा रचिएको ५  अनुच्छेदको कविता हो । यसमा देश, बृद्धबृद्धा, युवा र नारी प्रति सम्मान दर्साउदै ऐक्य भावनाको कदर र देशलाई उर्बर बनाउने शक्ति ऐक्य भावना नै हो, भन्ने ठोकुवा गर्दै विकासको आशा चारतारे, हँसिया र हथौडीमा रहेको भविष्य प्रतिको आशावादी स्वर र अरुसँग भीख नमागी आफ्नो पूर्व गौरवशाली व्यक्तित्व नमासौ भन्ने आग्रह छ । आदर्श र वीरत्वको भाव रहेको यस कवितामा अन्त्यानुप्रास आदर्श र बीरत्वको भाव रहेको यो कविता अन्त्यानुप्रास र रूपक अलङ्कारका बान्कीहरूले कविता सशक्त सौन्दर्यपूर्ण बन्न सकेको पाइन्छ । नबौं कविता "नब वर्ष" द्रुतविलम्बित छन्दमा २१ अनुच्छेद र ८४ हरफमा संरचना गरिएको छ ।

नेपालको प्राकृतिक सौन्दर्य, बनपाखा, फूलबारी, कोमल नेपालको प्राकृतिक र उपादेयताको बर्णन आकाशीय स्वच्छता र श्रृङ्गारिक रङ्गसँग समेत प्रस्तुत छ । कविता संगीतमय कविता बनेको छ । रूपक उपमा र अन्त्यानुप्रास अलङ्कारका कारण कवितात्मक सौन्दर्य उपस्थित भएको पाइन्छ । कवि शिरोमणि लेखनाथ पौड्यालको ॠतुविचारको आंशिक प्रभाव ग्रहण गरेको पाइन्छ । दशौं कविता "जम्ल्याहा छोरा" ३ अनुच्छेद र १४ हरफमा रचित छ । दुध भात र सागसिस्नु खानेमा नव राजा बन्ने र रङ्ग र गरिब कङ्गाल बन्ने विभेदा किन भनी यथार्थ चित्रविम्ब प्रस्तुत छ । एघारौं कविता "रित्तो घर" गद्य ढाँचामा लेखिएको कविता हो । यसमा १०४ बर्ष र ३० बर्ष शासन गर्ने शासकहरूको कारण देशको विकास हुन नसकेको, गरिबले एक छाक खान नसकेको, एउटा बर्ग आनन्दमा र अर्को बर्ग पीडामा रहनुपर्ने बर्गीय विभेद प्रति व्यङ्ग्य छ । ३० वर्षे शासनले अझै कति बर्ष शासन गर्ने हो । त्यस घरकाले सन्तोष मानेसम्म अर्थात जनताले विद्रोह र क्रान्ति नगरेसम्म भनी भविष्यवाणी गरिएको पाइन्छ । बाह्रौं कविता "नेपाली बटुवालाई राष्ट्रियताको प्रश्न" गद्य कविताको ढाँचामा रचिएको कविता हो । यसमा स्वदेशी चेली र

मूर्ती बेचेर सटपेन्ट लगाएर देशको सगरमाथा टाउके उच्चतामा बसेकाहरूलाई चाप्लुस्याँईबाट आफ्नो हातमा पारे भन्दै स्वदेशी पोशाकमा हिडेका मान्छेलाई "कहाँ हो दाई तिम्रो घर" भनी प्रश्न सोध्दा सोध्ने मान्छेको आँखा पो छैन कि भनेर आशङ्का गरिएको छ । तेह्रौ कविता "आमाको आँशु" शार्दूल्विक्रीडित छन्दमा लेखिएको छ र करुण रस प्रवाह गर्न यो छन्द उपयुक्त पनि रहेको पाइन्छ । यस कविताको कथ्य आमाको पीडा र पीडाको तत्वका रूपमा सुपुत्र छैनन् की कतै स्वथलमा, ठूला र सानाका बर्गीय विभेदमा रहेका सबै सन्ततीहरूले हाँस्न र नाच्न नपाएको समेत अन्त्यमा प्रवाहित भएको पाइन्छ । चौंधौं कविता "मेरो हजुरबालाई अर्ती हजुरआमालाई उपदेश" शीर्षकको कविता संप्रेषणका दृष्टिले रहस्यपूर्ण र अगम्य देखिन्छ । पन्ध्रौ कविता "सगरमाथा अब तिमीले बोल्नु पर्छ" गद्य कविताको ढाँचामा लेखिएको यस कविताले सगरमाथालाई नेपालको पहिचान गराउने संसारभरको उच्च शिखरलाई मानवीकृत गर्ने कल्पना गरी कविले सगरमाथालाई बोल्नु पर्छ भन्ने कुराको आव्हान गरेको पाइन्छ । ३० बर्षे, १०४ बर्षे र जुरे गजुरे वा यस्तै यस्तै छत्रपतिको अराजकतामा तिम्ले बरखी बार्न बेरेको सेतो फेटा खोल्नुपर्छ र तिमी बोल्नु पर्छ भनी आव्हान गरिएको छ । धनवन्तरीको औषधीय ज्ञानको प्रयोगगरेर सत्य असत्यको इतिहासका पानाहरू छुट्याउनुपर्छ । यसो गर्दा खतरा नै आइपरे झेल्नुपर्छ । तिमी बोल्नुपर्छ भनिएको छ । सोह्रौं कविता "मलाई त आइमाई हुन मन लागेको छ" शीर्षक गद्य ढाँचामा लेखिएको कवितामा पुरुष हूँ भन्ने अहम पालेको तर व्यवहार निकृष्ट रहेका प्रति व्यङ्ग्य गरिएको छ ।

सबै मार्गी धर्म र संप्रदायको सत्यता हराएकोले अर्को जनक जन्माउन र बतीसै लक्षण युक्त नारी हुन मन लागेको र नेपालमै राम, अरनिको जन्माउन मन लागेको । त्यस्तो पुत्रको जन्म हुनुपर्ने आग्रह गर्दै देशलाई भ्रष्टचार मुक्त बनाउन कानून सम्मत रूपमा न्याय सम्पादन गर्न र नीलो पोखरीमा जमेको पानी झैं भएका तरङ्गहीन जनतामा जाँगर र जागरणको तरङ्ग पैदा गर्न सक्ने "बुद्धको शान्ति सन्देश देश भरी फैलाउने र पशुपतिको र जानकीको धार्मिक आदर्श फैलाएर सबैतिर पुऱ्याउन मन लागेको छ ।

निजीस्वार्थ परकतालाई हटाएर परमार्थी समाजको निर्माणको चाहना र शान्ति विस्तारको कामना गरिएको यस कविताले नेपालका आमाहरूले असल सपुत जन्माउन नसकेकोले कविलाई आइमाई हुन मन लागेको बैचारिक सन्देश प्रवाहित गरिएको पाइन्छ ।

सत्रौं कविता "मेरो धरमपुर" कवितामा पनि गद्य कवितात्मक ढाँचाको प्रयोग गरी आफ्नो कर्मक्षेत्र रहेको धरमपुरको प्राकृतिक सौन्दर्य, सामाजिकता र विविध उपमा सुख दुःख समेटेर बसिरहेको धरमपुरलाई प्रथम द्वितीय विश्वयुद्ध, इराक-इरान युद्ध, इराक-कुवेत युद्ध र ०१७, ०४६ सालका राजनैतिक उथलपुथलहरूको समेत संकेतात्मक विम्व प्रस्तुत गर्दै हाल औद्योगिक विकास तर्फ पनि लम्कि रहेको धरमपुरलाई नारीको रूपमा मानवीकृत गरी चलायमान र गतिवान् रूप दिएको पाइन्छ। वर्णनात्मक शैलीमा लेखिएकोले स्थान विम्वको राम्रो नमूना प्रस्तुत भएको पाइन्छ । अठारौं कविता "आँखाहरूलाई अर्ती" यस गद्य संरचनात्मक ढाँचामा लेखिएको यस कवितामा आँखाहरू मानवीय दृष्टिकोणको प्रतीक भएर आएको पाइन्छ। यसमा बाल्यकालमा आँखाहरूले त राम्रा नाना मिठा पापामा र बुढापाका आमाका मुखमा जुधाएका थियौं। तर जब जवान हुँदै गयौ र बृद्ध हुँदा समेत पनि कि त रूपमतीको पेटमा कि त चनमतीको चिउँडामुनि बज्रिन पुग्यौं र सुन्तला र नास्पाती (पूर्ण रूपमा अविकसित बक्ष स्थलका प्रतीक) मन पराउने फर्सी र कटहर (रूप र आकारमा भद्दा लाग्ने पूर्ण विकसित बक्षस्थल) हेर्न मन नगर्ने हट्टा कट्टा र गोरा रसिला गालाका छाला छिनेको कम्मर र चुल्ठी चम्मर, झुम्के फुलीको हिमालचुली हेरेर त-कल्प भनी मानवीय स्वभाव र यौनचाहानाको अन्तरनिहित भावनाप्रति व्यङ्ग्य गरिएको पाइन्छ।

१९ नं. देखि ३२ नं. सम्मका बी.पी., को ठूलो ? अविवाहित नारीका वेदना, बन, समस्याको हल, आइ.ए., सुत्केरी विदाको रहर, म कवि त हुँ, समस्याप्रति, जवानी चढ्यो, सगरमाथा, ज्यूदैं मरि बाँचेको, आयोजक प्रति, मेची पुल समेत १४ वटा कविताहरू मुक्तकाकार रूपमा संरचना गरिएका छन्।

प्रथम मुक्तकले वी.पी.का. साहित्यिक र राजनीतिक व्यक्तित्वलाई संकेत गरेको छ। दोस्रोले विद्यार्थी वर्गमा भएका परिवर्तनका ४ चरण प्रस्तुत गरी वर्तमान कालका विद्यार्थीहरूको अनुशासनहीनताप्रति व्यङ्ग्य छ। तेस्रो मुक्तकमा नारी जातिका मुस्कान भित्र सबैले तृप्ति खोज्ने तर उमेर ढल्केकी नारीलाई कसैले मन नपराउने स्वार्थी समाजको विम्व र व्यङ्ग्य छ। चौथो मुक्तक वन हो। पुरुष बन्नु छ भने सबैको हृदय छुने कवि, महिला बन्नु छ भने हक अधिकार खोज्ने नारी, कामाउनु नै छ भने पञ्चायतको मन्त्री, दीर्घकलिन कृति राख्नु छ भने स्वदेशमै सहिद बन भनेर जीवनका तीन अवस्थाप्रति व्यङ्ग्य छ। चौंथो अवस्था चाहिँ सत्य निरुपित छ। पाँचौं मुक्तकमा इतर पक्षकालाई गाली गरेर मात्र प्रजातन्त्रको समर्थन हुन सक्दैन या विकसित हुन सक्दैन, देश भक्ति नै छ भने सत्ता पक्षका

कार्यक्रमहरूको विरोध नगर, राष्ट्र भक्ति नै छ भने देश उठाउने तरखर गर नीजी स्वार्थका लागि लड्ने हो भने अहंकार नगर भनिएको पाइन्छ । छैठौं मुक्तकमा आइ.ए. लाई लिएर क्याम्पस धाइए, कार्यालय धाए, प्रधानमत्री पाइए, कसैका आइ.ए.कामै नपाइ भनेर समाजमा विद्यमान ४ विकृत अवस्थाहरूप्रति व्यङ्ग्य छ । सातौं मुक्तकमा पढ्दा र नोकरी गर्दा बुढेसकालमा पुगेर विहे भएकी नारीको कार्यालयको थकानका कारण लामो विदा बस्ने रहर, सुत्केरी हुन नपाएकोले अधुरै रहेको प्रसङ्ग उठाइ सन्तान नभएका नारीको पीडा सहानुभूति र जागिरे नारीप्रति व्यङ्ग्य छ । आठौं मुक्तकले आफू हास्यव्यङ्ग्य कवि भएका पनि प्रमुख अतिथि बन्न नपाएको पीर र परिवार पाल्नका निम्ति साहित्य सिर्जना गर्न नसकेको हास्यव्यङ्ग्य लेखक भएर पनि विरोधीहरूलाई गाली गर्न नसकेको, नेपाली पत्रकार र साहित्यकारहरूले मन पराउन मानेका छैनन् भने आत्म व्यङ्ग्य रहेको पाइन्छ । नबौं मुक्तक समस्याप्रतिमा गरिब र धनी वर्गका खाद्य प्रवन्धप्रति कविका भावनाहरूले निवास पाउन नसक्दाको समस्याको उठान गरिएको पाइन्छ । दशौं मुक्तकमा जवानी त चढ्यो तर कसैको रक्सीको बोतल रित्याउन, र कसैका तरुनी फकाउनेतिर लाग्यो जावनी तर मेरो चाहिँ देशलाई हँसाउने तिर लागेको यथार्थ प्रस्तुत छ । एघारौं मुक्तकले सगरमथाका रूपहरूलाई दाँत देखाएको । सिरक  ओढाएको, कपास फुटाएको र प्रकृतिले फेटा गुताएको जस्ता सगरमाथाका ४ स्वरूपका पाटाहरू प्रस्तुत गरेको छ । बाह्रौं मुक्तकले पनि मानवका चार रूहरु प्रस्तुत गरेको छ । तीखो चोलीमा (यौन लिप्सामा) बाँच्ने ज्यूदैं मेरेका, स्वार्थको झोलीमा बाँच्ने, बाचेर मरेको, जीवन व्यर्थ फाल्ने लासको रूपमा रहेको, प्रजातन्त्रको निम्ति गोली खाएर बाँच्ने शहिद चाहिँ वास्तवमा बाँचेको व्यक्ति भनिएको छ । तेह्रौं मुक्तकले सत्यनारायण पूजा र गोष्ठीको प्रसङ्गलाई दक्षिणा दिन र कविता बाचन गर्न दिन नसक्नेले यी दुबै कार्य गर्दा होस् गर्नु भनी चेतावती दिएको छ । चौधौं मुक्तकमा मेची पुल निर्माणका लागि पञ्चायत कालीन मण्डले मन्त्रीहरूले पाँचौं पल्टसम्म पनि शिलान्यास गरे तर शिलान्यासको शीला मुसाले खाएकोले मेची पुल कस्तो झिलीमिली भएको छ भनी सरकारको अकर्मण्यताप्रति तीखो व्यङ्ग्य गरिएको छ ।

अन्त्यमा यस संङ्ग्रहमा शङ्कलित रचनाहरू कविको भनाई अनुसार २०२७ साल अर्थात् घिमिरे २५ बर्ष पुगेपछिको वयस्क अवस्था देखि २०५० सम्म करिब २३ बर्षसम्म विभिन्न गोष्ठीहरूमा धाउँदा, उपास्थित जनाउनको निम्ति लेखिएका जस्ता लाग्छन् । व्यङ्ग्यका चास्नीमा डुबेका भएपनि हास्यको मोलम्वा (सुनौलो पालिस) पाउन नसकेका

प्राथमिक चरणका कविता जस्ता देखिन्छन् । १९९३ देखि २००७ र २०४६ सम्मकै कालखण्डका राजनीतिक परिवर्तनहरूलाई र त्यस बखतको समाजका उकुसमुकुसहरूलाई टिपेर कविताको रचना गरिएको पाइन्छ । सरल भाषिक प्रयोग भएको यस संग्रहमा गीतिलय, शास्त्रीय छन्द र गद्यात्मक संरचनाहरू रहेका छन् । उखानहरूको प्रयोग, उपमा, उत्प्रेक्षा, रूपक, अन्त्यानुप्रास जस्ता अंलकारहरूको संयोजन र कही कही संस्कृत स्रोतका शब्दहरूको पनि प्रयोग भएको पाइन्छ । यस कविता संग्रहको परिवेश स्वदेशीय नै रहेको छ भने राजनीतिक र सामाजिक परिवेशको केन्द्रियता नेपाल रहेको पाइन्छ । इरान, इराक, कुवेत आदि देशका परिस्थितिहरू यसमा आएका भए पनि यो परिवेश परिधीय भएर आएका पाइन्छन् । भनी भीष्म प्रतिज्ञा प्रति आफ्नो विश्लेषण रहेको कुरा उपेन्द्र पागल (बस्नेत) ले आफनो विचार प्रस्तुत गर्नु भएको छ ।

**४.२.१. क. २ कवि डम्बर घिमिरेका कवितामा प्रतिक र विम्वालङकार पहिल्याउँदा शीर्षकमा बिद्वान समालोचक बुद्धि घिमिरेले भीष्म प्रतिज्ञा कविता संग्रहका बारेमा आफ्नो विचार निम्न अनुसार प्रस्तुत गरेका छन् ।**

कवि डम्बर घिमिरेको भीष्म प्रतिज्ञामा ३२ वटा लामा र छोटा कविताहरू संकालित छन् । मूल रूपमा यस संग्रह भित्रका कविता राष्ट्रिय भावधाराको विम्व वा आशय, नारीबादी अवधारणा वा बिम्बानुभूति, समसामयिक काव्यानुभूति, समानता र स्वतन्त्रता समाजको परिकल्पनासँग सम्बन्धित छन् । यसैबाट समाजको परिवर्तन क्रान्तिकारी भावना, र प्रगतिशील चेतना पर्याप्त मात्रामा भेटिन्छ । झापाको धरमपुरमा स्थापित प्रतिष्ठानका संस्थापक अध्यक्ष समेत रहेर पूर्वाञ्चल क्षेत्रमै नबरङ्ग र नवरस छर्न सफल कवि डम्बर घिमिरे विभिन्न संघ संस्थामा आवद्धता भई अहोरात्र खटिरहनु भएको छ । कवि घिमिरेका कविताहरूलाई क्रमशः विश्लेषण नगरी यहाँ नारीबादी भीष्मप्रतिज्ञाका कवितामा पाइने रचनागत सामान्य विशेषतालाई मात्र पहिल्याउन खोजिएको छ । संग्रह भित्र "भिष्म प्रतिज्ञा" शीर्षक कवितामा कठोर प्रतिज्ञा गर्ने नारी पात्र महाभारतका बहादुर पुरुष पात्र भन्दा धेरै बौद्धिक व्यावहारिक एउटी अविवाहित केटी पात्र छ । संवादात्मक शैलीमा लेखिएको यो कविता साढे सात पातामा संरक्षित छ । नैतिकता, इमान्दारी, ज्ञानगुनको सदुपयोग, नेपालको नयाँ सन्तको खोजी स्वभिमानीपन, स्वावलम्बी, एवं निष्पृहकर्मबीर भएमात्र साँचो अर्थमा पुरुष मान्ने नारी स्वभिमानको भावविम्व स्थापित भएको छ । प्रकृतिको विम्ब पनि त्यत्तिकै प्रभावकारी भएर आएको छ । वर्तमान युगको विवाहसँग जोडिएका विकृतिहरूलाई

एउटी अविवाहित केटीको मुखबाट भनाइएको छ । आजको युवक र चलनलाई प्रतीक बनाइएको छ । नयाँ विम्बको खोजी भएकाले सायद अरु एकतीस लामा छोटा विभिन्न लयका कविताका निम्ति शीर्षकको रूपमा संग्रहकै शीर्षक यसलाई छानिएको छ । “स्वदेश गान” कवितामा माटोको माया ममता, पहाड, तराई हिमाल यहाँका प्रसिद्ध नदीनालाहरूको संयुक्तरूपनै नेपाल भनेर रूपकीकरण  गरिएको छ । जस्तै

सगरमाथा मेरो शिर

तराई मेरो पाउ

मेची कोशी मेरा हात

नेपाल मेरो नाउँ ।

भन्दै राष्ट्रवादी स्वर स्थापित गरी रूपकीकरण र भावविम्वका माध्यमले नेपाललाई चिनाउन खोजिएको छ । यस कवितामा देशभक्तिको महिमा गाइएको छ । गीतिलयमा लेखिएको ‘पुकार’ कविताले ‘सेवा हि परमो धर्म’ भन्ने उक्तिको मर्मलाई अघि सारिएको छ र श्रमको सर्वोपरि महत्व स्थापित गर्दै सर्वत्र देवी देवता पाइन्छन् । तीर्थ ब्रत सबै देश र जनसेवा हो भन्ने भाव विम्ब साथ श्रमलाई ईश्वरीय विम्बका रूपमा स्थापित गरेका छन् । विश्वेश्वरप्रसाद कोइरालालाई सम्बोधन गरिएको कविता ‘आऊ वी.पी. तिमीलाई स्वागत छ’ शीर्षकमा पञ्चायती व्यवस्थाको दुर्गन्ध र किटाणुनाशक पात्रको रूपमा वी.पी.र पुष्पलाल लाई कीटनाशक औषधीको विम्बको रुपमा स्थापित गर्दै समाज सुधारक व्यक्ति विम्ब यहाा पाइन्छ । “दालमा कालो छ” शीर्षक कवितामा हिन्दी उखान ‘दालमे कुछ काला हैं’ को समानतामा रचना गरिएको अनुभव हुन्छ । यहाँ मानवमूल्यको खोजी निम्न वर्गले विदेशिनु पर्ने बाध्यता र पश्चिम बंगाल दार्जीलिङ्गमा हुँदै गरेको नेपाली भाषा र गोर्खा भाषा भन्ने विवादले भानुभक्त आचार्यको स्थापित प्रतिभा समेत क्षत्विछेत गरेको प्रसङ्ग र भारतीय नेपालीलाई फुटाउने षडयन्त्र कसैले गर्दै गरेको कुरा शंका गर्दै विम्बको स्थापना गरेका छन् । अनेकौं उपमा रूपक अलङ्कार  र नवीनतम् भावविम्व उपस्थित गर्ने गद्यात्मक कविता “म मातेको छु” दुई पृष्ठमा फैलिएको छ । कवितामा राणाकाल, शाहकाल, पञ्चायातकाल र बहुदलकाल वा २०४७ पछिको अवस्था उस्ताउस्तै भएको जुन जोगी आए पनि कानै चिरेको भन्ने उक्ति चचितार्थ भएकाले म मातेको छु भन्ने अनुभूति गर्दै छु यस्तै आधार बिना भुईछोड्ने खुट्टाहरू कविता पनि उखान टुक्काहरू समेत मिसिएको गद्य शैलीको सुन्दर कविता हो । अरुका भरमा आफू ठूलो हुने प्रति व्याङ्ग्य गर्दै उपदेश शतकमा अर्काकै भरमा

छ विल्कुल खुवी आफूमा महाशून्य छ । यहाँ अर्काको न्यानो भुवादार सिरक भन्दा आफ्नो पुरानो धुस्सा नै बेस भन्दै प्रतीकको प्रयोग भएको छ । स्वदेशमा श्रम गर्न नचाहने र विदेशको मोहमा लठ्ठिएका धेरै युवायुवतीप्रति व्याङ्ग्य छ । देशका लागि उत्सर्ग गर्न सकौं पञ्चचामर छन्दमा पाँच श्लोकमा तयार भएको त्यस कवितामा नेपालीलाई आव्हान गर्दै देशको गौरव राख्न आफ्ना पाखुरा चलाउन वा शक्ति लगाउन वीर रसले परिपूर्ण भावना राष्ट्रप्रेम पोखेका छन् । रूपक र उपमा अलङ्कारको झल्को दिने यस कवितामा राष्ट्रियताको विम्व प्रयोग भएको पाइन्छ कवितामा नवौ स्थानमा द्रुत विलम्वित छन्दमा तयार भएको एक श्लोक वा चौरासी हरफमा लेखिएका नववर्ष शीर्षक कवितामा नयाँ वर्षका आशाहरू नेपालको प्राकृतिक सुन्दरताको विम्व अगाडि सारेका छन् । सोमनाथ सिग्देलको आर्दश राघवको वसन्त वर्णनलाई झल्झली सम्झाउने यस कवितामा कतै प्रकृतिलाई मानवीकरण गरेर उत्प्रेक्षा अलङ्कार कतै रूपकीकरण गरेर रूपक अलङ्कार कैत उपमा र अतिशयोक्ति अलङ्कार पनि स्भाविक छ । प्रकृतिको दुरुस्त विम्व उतारी माधव घिमिरेको सरल भाषा र भानुभक्तीय छन्द योजनाको टड्कारो प्रभाव परेको देखिन्छ । अनुप्रासमय यस रचनामा भ्रान्तिमान अलङ्कारको राम्रो उदाहरण भेटिन्छ । जस्तै :

मधुकरै कुसुमै भनि भ्रान्तिमा,  
युवतीका कुचको पनि दिम्कीमा  
किन लुकी बसीगो कमलै भनी  
शुरु गरे घुमनै गरि भुन्भुनी

यस्ता थुप्रै उदाहरणहरू यहाँ पाइन्छन् । शब्द संयोजन छन्द विधान र भाषाको परिस्कार भने केही फितलो छ तर पनि अलङ्कार र विम्व विधान मनोहारी छ । यस संग्रहको दशौ कविता जुम्ल्याहा छोरा मा मानव र दानव एकै आमाका छोरा भएको पौराणिक इतिहास विषयवस्तु बनाएर लयात्मक विषयवस्तु दिने किसिमले यस कवितामा भेद भावपूर्ण सामाजिक परम्परा र नीतिप्रति विरोध जनाइएको छ । प्रकृतिका समान प्राणी एकै आमाका छोराछोरीहरू कसैलाई मानव र कसैलाई दानव भनिदिनु वा भेदभावपूर्ण नीति अख्तियार गरी अधिकार वञ्चित गर्नु वा गराउनु शोषण अन्यायको प्रतीक हो । भेदनीतिले पछौटेपनको विम्व स्थापित गरेको छ । 'रित्तो घर' प्रस्तुत गद्य शैलीमा लेखिएको छोटो कवितामा छिमेकीहरूको उन्नति हाम्रो घरमा पस्न नसकेको सन्दर्भलाई अगाडि सार्दै राणाकाल देखि आजसम्म नेपाली नजताले अभावै अभाव भोग्दै आएका र अव विदेशिनु भन्दा राष्ट्रभित्र

बसेर संघर्ष गर्नुपर्ने व्यङ्व्यात्मक विम्व प्रस्तुत भएको छ । राष्ट्रवादी भाव र उद्योगधन्दा र न्यूनतम सुविधा विहीन घरलाई रित्तो घरको प्रतीकको रूपमा स्थापित गरेकाले यो शीर्षक नै प्रतीकात्मक भएको स्पष्ट छ । नेपाली वटुवालाई राष्ट्रभावको प्रश्न लामो शीर्षकको यस छोटो कवितामा गद्य शैलीमा प्रश्नात्मक रूपमा राष्ट्रवादी भाव अगाडि सारिएको छ । राष्ट्रियताप्रतिको विद्रोह छ । सरल र सहज विम्वालङ्कारका माध्यमले राष्ट्रवादी भाव स्थापित भएको छ । आमाको आँसु शार्दूलाविक्रिडित छन्दमा सात श्लोकमा लेखिएको आदिकवि भानुभक्ताकै जस्तो वर्णविन्यास भएको प्रारभ्भिक कविको कविता हो । आमाले सन्तानप्रति चिन्ता असन्तुष्टि र पिरलो व्यक्त्याएको नेपाल आमााको विम्ब स्थापित भएको छ । देशभक्तिको भावनाले भरपूर यस कवितामा कवि घिमिरेले आफ्ना संस्कार र संस्कृतिको जिकिर गरेका छन् । असल सत्पुत्र नहुँदा आमाले आँसु बगाएको करुण भाव विम्व छ । अन्त्यानुप्रास अलङ्कारले गेय बनाएको छ । मेरोहजुरबालाई अर्ती हजुरमालाई उपदेश यो लामो र अनौठो गद्य कवितामा नेपाली संस्कृति र संस्कारको अर्ती उपदेश दिएको छ । मानव जीवनका विविध विम्वहरू स्थापित छन् । शीर्षक लामो भए पनि भावव्यक्ति गहन भेटिँदैन पाका व्यक्तिले आफूलाई सर्वेसर्वा वा सर्वज्ञ सम्भने परिपाटीको खण्डन छ र समानताको क्षमा, दया ममता आदिको भित्री भाव विम्व स्थापित छ । सगरमाथा अव तिमीले बोल्नुपर्छ यस शीर्षकमा राष्ट्रवादी चेतनाका साथ कवि घिमिरेले गद्य शैलीमा गम्भीर भएर बसेको हाम्रो देशको शोभा उच्च शिखर सगरमाथालाई नेपाल र नेपालीका निम्ति निर्भीक भएर बोल्न आव्हान गरेका छन् । अन्याय अत्याचार र नेपालीलाई हेप्ने प्रवृत्ति प्रति विद्रोही भएर बोल्न आव्हान गरेका छन् । भावपूर्ण राष्ट्रावादी विम्वको स्थापना गर्दै न्याय र समानताका निम्ति समाजको आमूल परिवर्तनका निम्ति हाम्रो गौरवका रूपमा सगरमाथालाई रूपकीकरण गरी विद्रोह बोल्न आव्हान गरेका छन् । मलाई त आइमाई हुन मन लागेको छ हाँस्यात्मक र गद्यात्मक ढाँचामा गद्यशैलीमा लेखिएको व्यङ्ग्य विनोदी स्वभावका कवि घिमिरेको यस निकै लामो कविताले पुरुषार्थहीन पुरुष हुनुभन्दा पुरुषार्थी पुत्र जन्माउने नारीहरू धेरै बेस भन्दै यस देशमा गोपालप्रसाद रिमालले भने भ्कै लेनिन र बुद्ध जन्माउन आवश्यक छ र विकृति र विसङ्गति विरुद्ध नयाँ चेतना भर्नु आवश्यक छ । आजका राजनीतिक समाजिक व्यावस्थाप्रति व्यङ्ग्य गर्दै विद्रोहको विम्व निकै राम्ररी स्थापित गरेका छन् । बैचारिक हिसावले कविताको महत्व छ । मेरो धरमपुर धेरै वर्ष कविले लालन पालन र सेवा गरेको र गराएको धरमपुरको बारेमा कविता आञ्चालिक चित्रणमा

रमेका कवि घिमिरे हार्दिकता पाएको कविता हो । धरमपुर जसले घिमिरेलाई दौडायो, धरमपुर जसलाई साहित्यिक क्षेत्रमा अण्याक बूढाले दौडायो, त्यसै धरमपुरलाई कविले अन्तर्दिलबाट ममता पोख्दै रूपकीकरणका माध्यमले महाभारतीय गंगा अवतारको कथा समेत जोडेर हृदयैबाट प्रशंसा गरेका छन् । रूपक, उपमा र उत्प्रेक्षा अलङ्कारको ताँती लगाई आत्मीयताको भाव विम्वले सजाएका छन् । धरमपुर सुन्दर भएर पनि उपेक्षित तर तपोभूमि जस्तै सौम्य र शान्त पनि छ भन्ने भावले आफ्नो कर्मथलो प्रति स्वत्वको भाव अगाडि सारेका छन् । यसैबाट राष्ट्रवादी भावधारा कविमा छरपष्ट देखिन्छ । आँखाहरूलाई अर्ती यस सङ्ग्रहको लगभग अन्तिम फूटकर कवितामा गन्न सकिने गद्य शैलीमा लेखिएको कविता आँखा लोभिमनपापी भन्ने नेपाली उखानको सम्झनामा आफ्नै आँखालाई उपदेश दिएको अनुभव हुन्छ । व्यङ्ग्यात्मक रूपमा आत्मानुभूति गरेको यस कविताले मानव मात्रको लोभी सङ्कोची र इखालु आँखाको विम्व प्रस्तुत गर्दै मानव व्यवहारको खिल्ली उडाको छ । सबै सुन्दर कुरा हितकर हुँदैनन् भन्ने अर्ती दिएको छ । विशेष गरी युवा अवस्थाकालाई विशेष लक्ष्य गरेर पनि आँखाको माध्यमले सबैलाई अर्ति दिएको छ । नैतिकताको भाव विम्व यहाँ स्पष्ट देखिन्छ । यसपछि १९ औ संख्या भन्दा पछिका ३२ संख्यासम्मका १ दर्जन कविता भने बढी छोटा मुक्तकहरू संकलित छन् । वीपी. शीर्षक मुक्तकमा प्रजातन्त्र र साहित्यको संगमको विम्व स्थापित छ । ‘को ठूलो ?’ यस प्रश्नातमक मुक्तकमा पुरानो जमनाका विद्यार्थी र आजका विद्यार्थीलाई तुलना गर्दै हात्तीमा चढ्ने अर्थात अनुशासनहीन आजका विद्यार्थीको विम्व प्रस्तुत गरिएको छ । ‘अविवाहित नारीको वेदनामय उक्ति’ यस मुक्तकमा आधुनिक युगको उमेर वितुन्जेल विवाह नगरी कन्या नै बसिरहने चलनप्रति व्यङ्ग्य गर्दै आन्तरिक वेदना विम्व यस मुक्तकका माध्यमले स्थापित गरेका छन् । ‘वन’ यस शीर्षकमा मुक्तककार घिमिरेले कवि वन्न हक अधिकार खोज्ने नारी वन्न कृति राख्नु छ भने स्वदेशका निम्ति सहीद बन्न र मालामाल बन्नु छ भने पञ्चायातकालीन मन्त्री झैं हुनुपर्छ भन्दै कुनै अभिधात्मक र तिनै व्यञ्जनात्मक अभिव्यक्तिका माध्यमले सामाजिक समस्या र विकृतिको विम्व स्थापित गरेका छन् । ‘समस्याको हल ?’ प्रश्नात्मक यस मुक्तकमा पक्ष र प्रतिपक्षको नेपाली राजनीतिको जुहारी सन्दर्भ देश र जनताले नाम सबै पार्टीका नेताले भाषणमा दिएको सन्दर्भ समेतलाई व्यङ्ग्य गर्दै इमान्दर भई देश र जनताका लागि लाग्न आव्हान गर्दै राष्ट्रवादी भावविम्व प्रस्तुत गरेका छन् । ‘आई.ए.’ पढाई लेखाईको आइ.ए. सम्मको सन्दर्भलाई हाँस्यात्मक र व्याङ्ग्यात्मक रूपमा यहाँ उठाइएको छ । यस मुक्तकले कसैको

पढाइ बेकार हुने, कसैको जागिर सम्म हुने तर कोही भने आई.ए. मात्र पढी प्रधानमन्त्री नै पनि सोर्सको आधारमा पड्काउने समसामयिक र तत्कालीन परिस्थितिको विषमतामूलक समाजको व्यङ्ग्य पूर्ण विम्व स्थापित गरेको छ । 'सुत्केरी विदाको रहर'यस शीर्षकको मुक्तकमा धेरै पढेर जागिर खाँदै विवाह गर्न ढिलो भएर सन्तान नै हुन नपाएका महिलाको मर्मलाई सरल भाषामा प्रतिविम्वित गरेका छन् । र समसामयिक परिस्थितिको भाव विम्ब यस मुक्तकले बोकेको छ । "क कवि हुँ" यस छोटो गद्यात्मक वितामा कवित, समालोचक र हाँस्यव्यङ्ग्यकार सबै चर्चित हुन् र पैसा काउन संचारका माध्यमले खुब प्रशंसा गर्नू पर्ने कुरालाई संकेत गर्दै समसामयिक सन्दर्भ र परिस्थिप्रति आफैंलाई व्यङ्ग्य गरेका छन् । "समस्या प्रति" यस आठ हरफको मुक्तकमा कविलाई जे जति कुरा विभिन्न माध्यमले पोख्न सक्तैंन । गरिबको उत्थान गर्ने भन्नेहरूले नाउँमात्र बेचेर अझ अपमान गरेका छन् । आजको परिस्थिति यस्तै छ र यी सबै समस्याहरू हुन् भन्ने व्यङग्य गर्दे समसामयिक विम्ब यस छोटो मुक्तकले उपस्थित गरेको छ । "जवानी चढ्यो" प्रस्तुत मुक्तकमा प्रखर रूपमा राष्ट्रबादी विम्ब विधानका माध्यमले देश प्रेमको सन्देश छोडेका छन् । लामा छोटा सात हरफहरू एउटा युवाको जवानी देश हंसाउने हुन पर्छ भन्ने स्पष्टोक्ति छ । राष्ट्रिय भावधारा मुख्य देखिन्छ । "सगरमाथा" प्रकृति परक यस छोटो मुक्तकमा सम्बाचात्मक शैली अपनाएर सगरमाथाको स्वरूप विम्ब स्थापित गरिएको छ । प्रकृतिले माया गरेर सगरमाथालाई हिउँरूपी सेता फेटा प्रदान गरेको आरोप गर्दै रूपक अलङकारको छटा स्थापित गरेको छ । राष्ट्रप्रेम र प्रकृतिप्रेम यहाँ मूल रूपमा झल्कन्छ । "ज्यूँदै मरी बाँचेको" आठ हरफको यस मुक्तकमा परस्परका हरफहरू अर्थापतित जस्तो देखिएपनि प्रजातन्त्रात्मक विचार विम्ब र सहिद प्रतिको आदर भाव भने स्पष्ट देखिन्छ । स्वार्थी भएर संसारको रमझममा मात्रै बाच्न त मरेसरह भन्दै अरुका निम्ति र देशका निम्ति बाँच्नु नै बाँचेको हो भन्ने भाव विम्व सघन रूपमा यहाँ देखिन्छ । कवि घिमिरेका यस संग्रहमा परेका अन्तिम दुई मुक्तक प्राप्त हुन नसकेकाले यहाँ विश्लेषण गर्न सकिएन भनी बुद्धि घिमिरेले डम्बर घिरिमलेको भीष्म प्रतिज्ञा कविताप्रति आफ्नो विचार प्रस्तुत गरेका छन् ।

**४.२.१. क. ३. "भीष्म प्रतिज्ञा" भित्र राष्ट्रप्रेम शीर्षकमा डा. यादवप्रकाश लामिछानेले आफ्नो विचार निम्नानुसार प्रस्तुत गर्नुभएको छ ।**

कवि घिमिरेले "स्वदेश गान" सगरमाथालाई शिर, तराईलाई पाउँ र मेची कोशीलाई हात मान्दै आफ्नो परिचय दिएका छन् । अभिव्यक्ति अभिधात्मक रहे पनि त्यसभित्र

नेपालको परिचय स्पष्ट रूपमा दिइएको छ । नसाका रूपमा खोला र झरनालाई लिइएको छ । घाम र जुनलाई आँखा मानिएको छ । डाँफे र मुनाल मैनाको जस्तो मिठो बोली, लालीगुराँस जस्तो मुटु तथा दौरा सुरुवाल, कोट, टोपी, भोटो जुत्ता, सिस्नु, साग सिन्की आदि शब्दहरू टपक्क टिपिएका छन् । प्रस्तुतिमा आएका सन्दर्भले नेपालीपन पाइनु स्वभाविक मानिन्छ । खेलका रूपमा आएका डन्डी-वियो, गट्टी, कपर्दी सुहाउँदिला प्रसङ्गानुकूल भएर आएका छन् । भाषा र संस्कृति यसका महत्वपूर्ण पक्ष मानिएका छन् । माटोप्रति आस्था राख्ने कवि घिमिरेले आफूलाई भाग्यमानी ठानेका छन् । उनले कवितामा यसै माटोको हावा, माटोको पानी, माटोको फूल ठान्दै आफू धन्य रहेको महसुस गरेका छन् । कविले आफूले टेकेको धरतीलाई कलेजो ठानिएको, पहाड फराकिलो छाती, शिरमाथिको केशलाई द्यौरालीका पाती मानिएको छ । यहाँ कवि यसरी प्रस्तुत भएका छन ।

मैदान मेरो कलेजो हो
पहाड मेरो छाती
शिरमाथिका केश मेरा
द्यौरालीका पाती (पृ.२)

पहाड भित्रका लहरालाई कविले पेटभित्रका आन्द्रा मानेका छन् । घरका आंगन हत्केला हुन् भन्दै कविले त्यसैको संयोजनबाट देश बनेको र त्यसैमा केन्द्रित रहेर सेवा गर्ने प्रण गरेका छन् । यस किसिमको अनुपम उदाहरण दिंदै कविले आफ्नो सेवा आफ्नो मुक्तक भन्दा बाहिर हुँदैन भन्ने प्रतिवद्धता व्यक्त गरेका छन् । अन्त कतै नहुने भनेको देश सेवाका लागि निरन्तर लागि रहने दृढता हो । "पुकार" शीर्षकको कवितामा आमा भन्दा ठूलो कुरा केही होइन भन्ने अभिव्यक्ति पाइन्छ । आमालई छोडी स्वार्गे प्राप्त भए पनि नजाने प्रतिवद्धताले मुलुक प्रतिको अगाध माया रहेको पुष्टि हुन्छ । पहाड, तराई र हिमालको सेवा गर्ने अन्तरहृदयको चाहना रहेको धारणा व्यक्त गर्दै हिन्दू चिन्तन अनुसार मानिने बद्री, केदार, जगन्नाथ, धाम कुनै पनि ठूलो होइनन् भन्दै आमालाई नै महत्वपूर्ण मानिएको छ । यहाँ आमा भनेकी धरती हुन भन्ने कुरा स्पष्ट रूपमा प्रतिविम्वित भएको छ । आफ्नी आमालाई विष्णु, लक्ष्मी, शिवब्रम्हा, दुर्गा, भगवती, गणेश, उमा, सरस्वती भन्दै शक्तिदात्री मानिएको छ । देवीदेवतालाई आरोप गरेर सम्पूर्ण तीर्थ नै तिमी स्वयम् भएपछि अन्त कहाँ जानुपर्छ र भन्दै आमा भित्रको अनन्त र आजका स्रोतको व्याख्या गरिएको छ । कविले मानवतावादी दृष्टिकोण प्रस्तुत गर्दै मानव त्यत्तिबेला खुसी हुन्छ । जति बेला उसले दुःखीको

सेवा गर्दछ । भनिएको छ । मानिसले मानिसको सेवा  गर्नु बहेक अर्को महत्व राख्ने कुरै छैन भन्ने निष्कर्ष निकालिएको छ । अभिव्यक्ति सोझो जस्तो लाग्दालाग्दै पनि भोको पेट र नाङ्गा ढाडको प्रसङ्ग कोट्याउँदै यही धरतीलाई खनजोत गर्ने र त्यसलाई कोट्याएर सेवा गरी बस्ने बचनवद्धता जाहेर गरिएको छ ।

भीष्म प्रतिज्ञा भित्रका “स्वदेशगान” र “पुकार” शीर्षक कवितामा अभिव्यक्त विचारमाथि केन्द्रित रहँदा आफ्नो जन्मभूमि प्रतिको अगाध माया पोखिएको देखिन्छ । आफ्नो भूमिलाई विविध रूपमा हेर्दै आफ्नो राष्ट्रप्रेम सम्बधी स्पष्ट बैचारिक अभिव्यक्ति पाइन्छ । “पुकार” मा आमालाई सबैभन्दा माथि स्थानापन्न गर्दै मुलुककै सेवा गरेर बस्ने बचनबद्धता जाहेर गरिएको छ । कवितांशमा उल्लेख देखिए पनि सेवाभाव नै पहिलो श्रेणीमा राखिएको छ । भोको पेट, नाङ्गो डडेल्नोको सन्दर्भमा अभिव्यक्तिले मुलुकको गरिबीको चित्रण  गरेको त अवश्य छ नै त त्यसभित्र लुकेको सन्दर्भ राष्ट्रप्रतिको माया नैं हो स्पष्ट छ । भनी डा. यादबप्रकाश लामिछानेले भीष्म प्रतिज्ञा कविताको समीक्षा गर्नुभएको छ ।

**४.२.१.क. ४ शारदा पराजुलीले “भीष्म प्रतिज्ञा” कविता संग्रहको एक मूल्याङ्कन शीर्षकमा भीष्म प्रतिज्ञा कविताको बारेमा निम्न अनुसार आफ्नो विचार प्रस्तुत गरेकाछन्**

“भीष्म प्रतिज्ञा” कवितामा भीष्मको झैं प्रतिज्ञा लिएर बसेकी कुमारी नारीलाई “कोसित विवाह गछ्र्यौं ?” भन्दा उसले उत्तरमा सच्चा आत्मासित, पवित्र भावनासित, कर्मठ र पौरखी हातका एकमुठी सिन्दुरसित, संस्कृतिका लागि चारलुङ पोतेसित भन्ने उत्तर दिएकी छे जुन प्रगतिबादी सोचाइको उपज हो । बास्तवमा मानिस बाहिरी आवरणले मात्र होइन उसको सोचाइ, व्यवहार र भावनाले पनि सकारात्मक हुनुपर्छ भन्ने कविको मानसिकतालाई कविताकी नारीले अभिव्यक्त गरेकी छे । पुकार कवितामा आमा नै चारधाम, देवी देवता, तीर्थ ब्रत सबै हुन् भन्ने कुराको बोध गराएका छन् । आमालाई खुसी तुल्याउनु नै देवता खुसी पार्नु हो भन्ने भाव बोकेको छ । मानवसेवा नैं सबभन्दा ठूलो धर्म हो । ईश्वर त गरिब दु:खीका आत्ममाबसेरको कतिको सहयोगी छ भनी हेरिरहन्छ । श्रम गरी आफ्नो जन्मभूमिमा लुटुपुटु गरेर बाँच्न पाउनु नैं स्वर्गीय अनुभूति लिनु हो भन्ने भावलाई कविताले छोएको छ । “आऊ वी.पी. तिमीलाई स्वागत छ । भन्ने कवितामा बी.पी. को आदर्श विचार, नेतृत्व शक्ति र उनको राजनीतिक एवम् साहित्यिक योगदानको सराहा गरेका छन् । मानिसको प्रबृत्ति, बाध्यता, भद्र, अभद्र व्यवहार र पाशविक चरित्रलाई “दालमा कालो छ” शीर्षक कविताले उजागर गरेको छ । “म मातिरहन्छु शीर्षकको कवितामा मदिराले मानव

जीवनलाई सबैतिरबाट गिराएको तीतो यथार्थलाई शब्दद्वारा चित्रण गरेका छन् । देशकालागि उत्सर्ग गर्न सिकौं । भन्ने कवितामा देशको विकसाको लागि सबेको उक्तिकै योगदान रहेकाले आ-आफ्ना ठाउँबाट उत्सर्ग गर्न सिकौं भन्ने सन्देश प्रवाहित भएको छ । "नब बर्ष" शीर्षकको कवितामा नयाँ बर्षमा प्रकृतिमा नयाँपन छाउने, चराचुरुङ्गी रमाउने, फलफूलहरू फुलेर धर्ती नैं झिलिमिलीहुने भएकाले नयाँ बर्षमा उत्साह र उमङ्गको अनुभूति कविले गरेका छन् । कोही मानव भएर त कोही दानव भएर आखिर मानिस जे जसरी पनि बाँचेको हुन्छ भन्नेकुरालाई कवि प्रतीकात्मक रूपमा चित्रण गर्छन् । "रित्तो घर" ले नेपाल आमा र उनका करोडौं सन्तानले रोग-भोंक र शोकका घाउ बोकीँ युगौंदेखि बाँच्नु परेको छ भन्ने कुरा देखाउँदै १०४ बर्षसम्म र ३०बर्षसम्म सोझा र निरीह जनतालाई चुसेरमोजमस्ती गर्ने आलिसान महल आज रित्तो भएको व्यवहारिक सत्य खोतलेको छ । स्वदेशका चेलीबेटी बेचेर अनि स्वदेशी मूर्ति बेचेर बाहिरी आडम्बरमा रम्नेहरूनै चम्चेहरू हुन् जसलाई मेची कालीको सीमाना थाहा छैन । जसलाई देश लुटिएकोमा चिन्ता छैन । उही नै राष्ट्र भक्त बनेर हिड्छ । आफू राष्ट्रभक्त भएर गौरब गर्छ भन्ने कुरा "नेपाली बटुवालाई राष्ट्रभक्तको प्रश्न" कविताले दह्रो व्यङ्ग्यहानेको छ । "सगरमाथा" अब तिमीले बोल्नुपर्छ कवितामा कविले सगरमाथालाई सम्बोधन गरी राजनीतिक नेताहरूले देश र जनताको अस्तित्व जोगाउन देशको गौरब बढाउन केही गर्नुपर्ने सन्देश दिएकाछन् । मलाई त आइमई हुन मन लागेको छ । शीर्षकको कवितामा पुरुषले कि त गौरबपूर्ण काम गरी आमालाई हसाउन सक्नुपर्छ कि त सुपुत्र बनेर देशको उन्नतिका लागि लड्न सक्नुपर्छ कि त भने कलाकार भएर धर्तीलाई शब्द र कुचीमा सजाउन सक्नुपर्छ होइन भने नामर्द पुरुष भएर बाँच्नु भन्दा बत्तीसै लक्षणले युक्त महिला भएर देश विकासका लागि मेचीदेखि महाकालीसम्म पुगेर सीमाना बलियो बनाउनु पर्छ भन्ने चाहन्छन् । मलाई देशभक्त बन्न मन लागेको छ । कवितामा नेपालको इतिहास कायम गर्न सतीत्वमा बाँचेका महिला भृकुटीर अरनिको अनि रामचन्द्र भगवान् जस्ता व्यक्तिहरूलाई जन्माउन मन लागेको कुरा कविले अनुभूति गरेका छन् । कविलाई कालो बजार र भ्रष्टचार अन्त्य गर्ने छोरो जन्माउन मन लागेको छ । "आँखालाई अर्ती" शीर्षकको कवितामा भलादमी बन, सप्रेर सही मार्गमा हिड, जवानी अवस्थामा बाटो नविराऊ, भन्दै विदेशी संस्कृतितिर मोहित भएर नव पुस्तालाई विदेशी मोह त्यागी हिमाली भूमिमै रम्न अर्ती दिएका छन् ।

लघु आयामका कविता भित्र समेटिएको “वी.पी.” शीर्षकको कविताले वी.पी. कोइरालाले कथा उपन्यास लेखेर साहित्यिक योगदान गरेका अनि प्रजातन्त्र ल्याउन योगदान पुऱ्याएका कुरा पुनःभावनात्मक रूपमा आएको छ “को ठूलो” शीर्षकको कवितामा पहिलेका शिष्यहरूमा गुरूप्रति आदर सद्भाव थियो । आजभोलि त्यो हराउँदैगएको कुरा छ । “नारीको वेदनामय उक्ति” शीर्षकको कवितामा आफूलाई कसैले विवाहका लागि मन नपराएको कुरा छ । “बन” शीर्षकको कवितामा पुरुष बन्नु नै छ भने सबैको हृदय छुन सक्ने क्षमतावान बन्न सिक भन्ने सन्देश छ । महिला हो भने हक अधिकार खोज्न सक्ने साहस ल्याई मन्त्री बन । यश फैलाउनु छ भने सहिद बन भन्ने सन्देश रहेके छ । “म कवि त हुँ” शीर्षक कवितामा जतासुकै समस्यै समस्या भएकोले पीर र समस्याले सबैलाई पछ्याएको कुरा छ । कविलाई भावनाको पीर,  रोगीलाई रोगको पीर, भोकालाई खानाको पीर । यसरी मनलाई पीरै पीरले आहत तुल्याएको र कोही पनि निर्भय भई बाँच्न नपाएको कुरा चित्रण गरिएको छ ।

“जवानी चढ्यो” कवितमा कोही राइफल उठाउन, कोही बोतल रित्याउन, कोही तरुनी फकाउन, कोही स्वदेशलाई हसाउन जवानी चढेको ठान्छन् । मान्छेपिच्छे जवानीलाई हेर्ने दृष्टिकोण फरक भएको कुरा देखाइएको छ । “समस्याको हल” शीर्षक कवितामा अरुको विरोध नगर । यदि सच्चा हृदयदेखि नै राष्ट्रभक्त हो भने देशलाई उठाउने कार्य गर । स्वार्थ र अहङ्कार नगर भनेका छन् । मेरो धरमपुर शीर्षकको कवितामा धरमपुरको परिवेशलाई समेटेका छन् । “आइ.ए.” शीर्षक कवितामा आइ.ए. पढेर कोही जागिरे भए कोही आइ.ए. मात्र पढेर प्रधानमन्त्री भएभने कोही आइ.ए. पढेर पनि केही नपाएको कविताको मूल मर्म बनाएका छन् । “सुत्केरी विदाको रहर शीर्षकको कवितामा पढ्दा पढ्दैं उमेर ढल्केपछि बल्लतल्ल नोकरी पाएको र बुढेसकालमा बैबाहिक जीवन शुरु गरे पनि बच्चा नपाएकाले सुत्केरी विदा जस्तो विदा लिएर बस्ने इच्छा पूरा नभएको गुनासो कविको छ । सगरमाथा शीर्षकको कवितामा ऋतुहरूको वर्णन गरिएको छ । ज्यूँदै मरी बाँचेको शीर्षकको कवितामा स्वार्थमा अलमलिन्छ, जो व्यर्थमा जीवन वरवाद गर्दा त्यो ज्यूँदै मरेको तुल्य हुन्छ तर प्रजातन्त्रका खातिर लड्नेहरू भने मरेर पनि बाँचेकै छन् भन्ने भाव पाइन्छ । यसरी घिमिरेले कवितामा सामाजिक विकृति विसङ्गति भ्रष्टाचार, आडम्बर राजनैतिक खिचातानीमाथि व्यङ्ग्यको झटारो हानेका छन् भनी भीष्म प्रतिज्ञा कवितासंग्रहको बारेमा शारदा पराजुलीले आफ्नो विचार प्रस्तुत गरेका छन् ।

### ४.२.१ ख घामपानी कविता सङ्ग्रह

घामपानी कविता सङ्ग्रह वि.सं. २०६१ सालमा डम्बर घिमिरेद्वारा लिखित १२३ मुक्तकहरू समेटिएको कृति हो यस कृतिमा मान्छेले भोगेका पीडाहरू सामाजिक विकृति विसङ्गतिहरूलाई व्याङ्ग्यको झटारो हान्दै कलात्मक प्रस्तुति दिएका छन् । यो ४२ पृष्ठको आयाममा फैलिएको पुस्तिका हो । मुक्तक २ पङ्क्ति देखि १६ पङ्क्ति सम्मका रहेका छन् ।

यसका विषयवस्तुहरू सामाजिक, आर्थिक, राजनैतिक सांस्कृतिक आदि विषयका रहेका छन् । हास्यव्यङ्ग्य विधाको मुक्तक भएकाले हँसाउने कटाक्ष गर्ने र झड्का दिने तीनै काम यो मुक्तकहरूले धेरथोर गरेका छन् । सामान्य जस्ता लाग्ने उनका मुक्तकहरू सुन्दै र पढ्दै जाँदा सुन्दर र शिक्षा प्रद देखिन्छन् । यिनले समाजलाई राम्रो बाटो हिडाउन महत्वपूर्ण भूमिका खेलेका छन् ।

हास्यव्यङ्ग्यकार कवि डम्बर घिमिरेले मुक्तक सङ्ग्रह घामपानीको माध्यमबाट सामाजिक राजनीतिक व्यङ्ग्यात्मक क्षेप्यास्त्र हानेका छन् । हाम्रो समाजका सामाजिक विसङ्गतिका रूपमा रहेका अन्धविश्वासका कुरा, दाजुभाइ वीचको अंश सम्बन्धी झगडा, पति पत्नी वीचका कुरा, शिक्षामा देखिएका विकृति धनी र गरिब विचको विभेद, मान्छेमा भएका अनैतिकता, विकृति पक्ष मानवीय संवेदनाहीन जस्ता विषयलाई समेटेका छन् । त्यसरी नै राजनीतिमा देखिएका घुसखोरी, भ्रष्टाचारी, चाकरी भनसुन प्रथा आदिले गर्दा मुलुक अहिले असक्षमहरूले चलाएको खुलासा गरेका छन् । घिमिरेले आफ्ना मुक्तकमा शिक्षक, कर्मचारी, नेता, साधु, सन्त, समाजसेवी, सहित, छोरा-छोरी ब्रम्हचारी, युवा-युवती सबैलाई व्यङ्ग्य प्रहार गरेका छन् । उनीहरू भित्र भएका खराव पक्षलाई छ्यालव्याल देखाइदिएका छन् ।[८०]

उनका घामपानी हास्यव्यङ्ग्य मुक्तक संग्रह भित्रका केही रोचक नमूना मुक्तकहरू निम्न अनुसार प्रस्तुत गरिएको छ ।

भक्तसँग भगवान
ध्यानीसँग ईश्वर
धनीसँग कांग्रेस
गरिवसँग विश्वेश्वर (गरिवसँग विश्वेश्वर)

[८०] नवरङ्ग डम्बर घिमिरे विशेष पृ २२-२३ ।

शहीदहरूको धन

एक मिनेट मौन (शहीद)

आफ्ना आफ्ना वथानका देशभरि फैलिए हाँगा

संसदमा गोरु जुध्छन् मन्त्रालय बस्छन् राँगा

(गाईभैसीको गोठ)

क्यान्सर हो राष्ट्रपति, प्रधानमन्त्री एड्स

शिक्षामन्त्री सरुवा रोग जथाभावी भेट्छ

अर्थ मन्त्री मृगी नै हो गृहमन्त्री टि.वी.

(भेडाहरू)

गरिवका छोरीहरू राम्रा पनि त्रिकुटी

धनवानका छोरीहरू कुरूप पनि भृकुटी छन्

निर्धनीका छोरीहरू पाउँदैनन चढ्न टेम्पो

धनीका छोरीहर सबै भेट्छन् श्रङ्चङगम्पो

(भृकुटी)

जसको पत्तो छैन पिता

त्यही छोरीको नाम हो सीता

वाली मार्ने लुकी काम

जसले गर्छ त्यही हो राम

(सीताराम)

पल्ला घरकीलाई चिया र मान

आफ्नी घरकीलाई मुड्कीले हान

त्यही हो असल विष्णुसरी श्रीमान

(घामपानी मुक्तक संग्रह)

व्यवहार राक्षसको नामचाही मङ्गली

अनुहार त राम्रो थियो चरित्र भो जङ्गली

(शहरीया जङ्गली)

पहिलेका सुखसयल मोजमज्जादेखि शुद्ध

धनदौलत ऐस आराम पर राख्ने हुन्थे बुद्ध

अहिलेको कान्छी नानी अनि कान्छी तिर लुब्ध
भई गर्छ जसले काम त्यही हुन्छ बुद्ध

(गौतम बुद्ध)

झरनाको पानी के पानी
बोतलको पानी चाहिन्छ
दालभात खाना के खाना
भतेरमा पुलाउ खाइन्छ
झ्याउरे गाना के गाना
पप र ऱ्याप गाइन्छ
मन्दिर धाउना के धाउना
रेष्टुराँ बरु धाइन्छ ।

(स्वदेश गान)

नजितुन्जेल कार्यकर्ता बोक्ने
गाउँभरि खोक्ने
जितेपछि नोकरी चाहिँ
साली भदाहालाई तोक्ने
त्यस्तालाई के भन्नु महाशय
यो कि त हो घाँस टोकने
अथवा त्यो जाँतो बोक्ने

(आदर्श प्रतिनिधि)

भ्या भ्या गर्छ, चार खुट्टा हुन्छ
घाँस खान्छ, भेला भै बस्छ
अर्को पढ्छ , दुई खुट्टा हुन्छ
भात खान्छ घरमा बस्छ
सत्य कुरो खुट्याउनै सकिन्न
असल भेडो चिन्नै सकिन्न (भेडाहरू)
कुर्सीमा पुग्दा व्यवहार
सात पुस्तालाई सल्टिएछ

विकास यति भएछकि
देश कै टाट पल्टिएछ ।

(विकास)

सन्त युवाहरूको अनिकाल टार्छिन्
बत्तीस दन्त खोलेर इन्द्रलाई झार्छिन्
असल रहेछ उनको मति
तिनै हुन पुण्यवती साँच्चैकी युवती

(युवती)

जस्को अहर्निश कानमा कुण्डल
दैनिक मार्छ बजारमा मण्डल
हेर्दैमा खुला जसको छ छाती
चोर्नाले खान्छ पुलिसको लाती
नालीमा फ्याँकिएका शिशुका बुबा
तिनै हुन् भविष्यका कर्णधार युवा ?

(युवाहरूको सम्भता)

जसको विग्रेको छ मति
त्यसको हुन्छ एक पति

(सत्यवती)

पुस्तक पढ्न सजिलो हुन्छ
मान्छे पढ्न गाह्रो
नाक बोक्न सजिलो हुने
तर थाम्न गाह्रो

(साह्रोगाह्रो)

माइ डियर
कम हियर
चढौं चियर
खाउँ वियर

(पार्टी)

भटमास चिउरा खाउ छेवैमा बोतल
स्वर्गीय अप्सराको शरीर खोतल
प्रतिनिधि, नेता, मन्त्री सचिवको वल
जे गरे नि माथि नै छन् हुँदैनन् ती तल

(ऐश्वर्य)

असार ठूलो संसार
सार केवल चार छ
कुर्सी, तरुनी र पैसा
जाँड साह्रै अपार छ ।

(सार)

जागिरे छोरालाई ओछ्याइदे राडी
घरको छोरो चाहिं हेर्न जा पाडी
भन्सारे छोरी आइ गर धेरै स्वागत
वनियारे छोरी आई बाहिरै दे भात

(आमाको माया)

हास्यव्यङ्गकार डम्बर घिमिरेको घामपानी मुक्तक संग्रहमा समाजमा घटेका सत्यतथ्य घटनाक्रमहरूलाई मुक्तकको माध्यमबाट तीखो बाण प्रहार गरेका छन् । समाजलाई सचेत गर्न सन्देश दिएका छन् । साहित्यकार डम्बर घिमिरेको घामपानी मुक्तक सङ्ग्रहका बारेमा विद्वान समीक्षकहरूबाट आफ्ना विचारप्रस्तुत गरेका छन् । जुन विचारहरू देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

४.२.१

**ख १. अच्युत घिमिरे**

घामपानी हास्यव्यङ्ग्य मुक्तक सङ्ग्रहमा युगचेतना शीर्षकमा अच्युत घिमिरेले घामपानी मुक्तक सङ्ग्रहमा आफ्नो विचार राख्ने क्रममा निम्न विचारहरू प्रस्तुत गरेका छन् ।

घिमिरेका मुक्तकहरूले निकै राम्रो चेतना प्रवाह गरेका छन् । समाजमा रहेका विभिन्न विषयहरूको उठान गर्दै विकृत-विसङ्गत र राम्रा पक्षलाई हास्य व्यङ्ग्यको रङ

दिएर अनुप्रासमय, कलात्मक शैलीमा प्रस्तुत गरिएको यी मुक्तकहरू पाठकका मनमादह्रो छाप छोड्न सफल छन् । यिनले नेपाली साहित्यमा महत्वपूर्ण स्थान ओगटेका छन् ।

घामपानी घिमिरेको हास्यव्यङ्ग्य मुक्तक सङ्ग्रहको आद्योपान्त अध्ययन पश्चात उनलाई समयामयिक युग बुझेका राम्रा स्रष्टाका रूपमा चिनिन्छ । उनको यस सङ्ग्रहभित्र हाम्रो समाजका विविध पक्ष अटाएका छन् । तिनका सवल र दुर्वल पक्षहरूमा हास्यव्यङ्ग्यात्मक प्रस्तुतिका साथै कुरा उठाएका छन् । यसैले घिमिरेको यो कृति नेपाली समाजको यथार्थ तस्वीर उतार्न सफल राम्रो कृतिको रूपमा रहेको छ भनी अच्युत घिमिरेले आफ्नो भनाइ उल्लेख गरेका छन् ।[८१]

## ख.२ डा. कपिलदेव लामिछाने

डम्वर घिमिरे मुक्तक, हास्य र व्यङ्ग्यको त्रिवेणी शीर्षकमा डा. कपिलदेव लामिछानेले घामपानी मुक्तक सङ्ग्रहको बारेमा आफ्नो विचार निम्नअनुसार प्रस्तुत गरेका छन् ।

डम्वर घिमिरेका अधिकांश मुक्तक अत्यन्त मार्मिक र घतलाग्दा छन् । मुक्तक आफै पनि छोटोछरितो र चोटिलो काव्यविधा हो भने त्यसमा झन हास्य र व्यङ्ग्यको योगले गर्दा घिमिरेका यी रचना झनै चोटिला र पोटिला बन्न पुगेका छन् । यिनले ओगटेको कथ्यवस्तु राजनीतिक सामाजिक विकृति विसङ्गति र विविध क्रियाकलाप हुन् यसले कथ्यवस्तुलाई स-साना मुक्तक ढाचामा हँस्यौली ठट्यौली परामा प्रस्तुत गरेका छन् । थोरैमा पाँच शब्दमा पनि उनले मुक्तक लेखेका छन् । यो उनको मुक्तकीय कौशल र सामर्थ्य हो । नेपालीमा मुक्तक भन्ने वित्तिकै मानिसहरू रुवाइयात वा चतुष्पदी ढाँचाको लघुतम पद्यरचना भनी बुझ्दछन् । तर घिमिरे यसमा सचेत छन् । बद्धलय वा मुक्तलय जे भए पनि भावको सानो एउटा झोक्काको सटीक प्रस्तुति मुक्तक हो भन्ने कुराको हेक्का घिमिरेलाई छ । यसरी सटिक र चोटिला मुक्तक लेखेर डम्बर घिमिरेले आफ्नो विशिष्ट पहिचान बनाएका छन् । र उनी नेपाली हास्य  व्यङ्ग्य मुक्तकलाई सवल र समृद्ध तुल्याउन कस्सिएर लागि परेका छन् । यस सङ्ग्रहका रचना मध्ये कति मुक्तक नभएका होलान भने कति त हास्यव्यङ्ग्य नभएका होलान तर पनि औसत रूपमा यी मुक्तक मार्मिक र उत्कृष्ट रहेका छन् । घिमिरेलाई अझ

[८१] नवरङ्ग डम्बर घिमिरे विशेष पृ ३

मार्मिक र उत्कृष्ट मुक्तक लेख्न सफलता मिलोस् भन्ने शुभेच्छा प्रकट गर्दछु भनी डा. कपिलदेव लामिछानेले घामपानी मुक्तक सङ्ग्रहको समीक्षा गरेका छन् ।[८२]

**ख. ३ कृष्ण पहाडी**

साहित्य साधक डम्बर घिमिरे र हास्यव्यङ्ग्य मुक्तक सङ्ग्रह घामपानी भित्रका अनुभूति शीर्षकमा कृष्ण पहाडीले आफ्नो विचार राखेका छन् । कृष्ण पहाडीले घामपानी भित्रका कुराहरू यसरी विश्लेषण गरेका छन् ।

सामाजिक विकृति विसंगतिलाई चिरफार गर्ने माध्यम नै साहित्य हो । जीवनका भोगाई तीतामिठा अनुभूति उतारचढावलाई साहित्यबाट व्यङ्ग्य प्रहार गर्ने एउटा माध्यम बनिसकेको छ । तर सामाजिक कुकार्यमा लागेकाहरूले साहित्यिक घोचपेचहरूलाई पचाई सकेका छन् । तैपनि कलात्मक अभिव्यक्तिबाट साहित्यिक वाणप्रहार गरिरहेको पाइन्छ । छोटो शैलीमा लेखिएका शब्दहरू चटनीको रूपमा पस्किन सक्ने खुवी, च्वास्स, अन्तरहृदयमा घोची हाल्ने वाक्यहरूले पाठकको मन मस्तिष्क नै परिवर्तन गराएको हुन्छ । यिनै चटनी रूपी शब्दहरूको घोचाइ बन्न पुगेको छ व्यङ्ग्यकार डम्बर घिमिरेको हास्यव्यङ्ग्य मुक्तक सङ्ग्रह घामपानी । डम्बर घिमिरेको आफ्नो खर्चमा प्रकाशित लघु कविता (मुक्तक) संग्रह २०६० घामपानी साहित्यिक सन्ततिमा दोस्रो सन्तति हो । विकृति विसङ्गतिलाई चिरफार गर्न सक्ने धेरै खुवी भएका डम्बर घिमिरेको घामपानी व्यङ्ग्य मुक्तक सङ्ग्रह भित्र च्वास्स घोच्ने र जिब्रोमा चहऱ्याउने खालका लघु कविताहरू रहेका छन् ।

राष्ट्रवादी प्रकृतिवादी चिन्तन भएका डम्बर घिमिरेका धेरै जसो मुक्तकहरू प्रगतिवादी रहेका छन् । सामाजिक संस्कार र संस्कृतिमा केन्द्रित भएर लेखिएका केही मुक्तकहरू छन् भने मानवीय बोधमा भोग्नु परेका समसामयिक पीडाहरू पनि घामपानी भित्र कतै कतै इन्द्रेणी पनि देखिन आउँदछ । हुन त डम्बर घिमिरेको घामपानी मुक्तक सङ्ग्रह भित्र समाजले भोग्नु परेको चोट र पीडाको अनुभूतिलाई उतार्ने काम भएको छ । घामपानी भित्र कतै इन्द्रेणी परेको छ भने कतै कुकुरको विहे र स्यालको जन्तीहरू वाजा बजाउँदै दौडिरहेका छन् । सामाजिक परम्परा र मुक्तकको पुरानो शैलीलाई च्यातेर डम्बर घिमिरेले व्यङ्ग्य शैलीमा पस्केको यो मुक्तक सङ्ग्रहले भविष्यमा लेख्न कलम चलाउने स्रष्टाहरूलाई थप हौसला प्रदान गरेको छ । विभिन्न विषयमा उठाइएका मुक्तकहरूमा कतै

[८२] नवरङ्ग डम्बर घिमिरे विशेष पृ. ५०

देश दुःखेको छ कतै प्रकृति दुःखेको छ राजनैतिक घोचपेचलाई बढी हानेको पाइन्छ । राजनैतिक सामाजिक, सांस्कृतिक विसंगतिहरू, प्राकृतिक सौन्दर्य राष्ट्र र राष्ट्रियताका विषयवस्तुमा समेटिएका मुक्तकहरू अनुभव र अनुभूतिका उदाहरणहरू हुन् । तिनै अनुभव र अनुभूतिका सिर्जनाहरूको एउटा पोको हो 'घामपानी' व्याङ्ग्यविधाको मुक्तक सङ्ग्रह । डम्बर घिमिरेका घामपानी भित्रका मुक्तक भित्र समेटिएका विविध विषयहरूले उल्लेखित धारमा राजनैतिक होस वा अध्यात्मिक चेतना, प्रणयभाव होस या वर्गीय चेतना प्रत्येक विषयवस्तुसँग कविको उत्तिकै सद्भाव पाइन्छ भनी कृष्ण पहाडीले आफ्नो विचार प्रस्तुत गरेका छन् ।[८३]

हास्यको लचिलो परिवेशमा व्याङ्ग्यका गुलेली मार्न खपिस घिमिरेका व्यङ्ग्यको विषय वर्तमान राजनीति, सामाजिक, आर्थिक विकृति विसंगतिजन्य परिस्थिति आदि हुन् । समाजमा व्याप्त अन्याय, अत्यचार र कुशासनप्रति धारिलो व्यङ्ग्य प्रहार गर्नु प्रस्तुत संग्रहका हरेक मुक्तकको मूल स्वर रहेको पाइन्छ । घिमिरेले जहाँ जहाँ विकृति र विसंगति देखे त्यस त्यस ठाउँमा एक चिया चम्चासम्म पनि दया माया नराखी व्यङ्ग्यका वाण प्रहार गरेको देखेको भोगेको, सुनेको कुरालाई टपक्क टिपेर मुक्तक रच्नु उनको खुवी नै हो । यही किसिमले सिर्जना क्रम अघि बढ्दै गएमा घिमिरेजीले नेपाली व्यङ्ग्य मुक्तक साहित्यलाई अझ गरिमामय बनाउनेछन् । उहाँको रचना पढ्दा नेपाली व्यङ्ग्य लेखनको भविष्य फरक र विकासशील रहनेछ र रोचक र त्यतिकै घोचक पनि भएकाले डम्बरका बौद्धिक क्षमतालाई पनि सम्मान गर्नु पर्छ । घिमिरेको खारिएको र माझिएको कलमद्वारा सु-सज्जित घामपानी मुक्तक संग्रहमा कुल १२३ वटा लामा र छोटा मुक्तक संग्रहित छन् । उनका मुक्तकहरू यौन कुण्ठा, कुशासन, कुप्रवृत्ति विरुद्ध खनिन्छन् । अरिङ्गालको गोला जस्तै निष्कर्षमा के भन्न सकिन्छ भने घिमिरेका मुक्तकहरू बौद्धिक पाठकदेखि सामान्य पाठकसम्म मनोरञ्जन र सन्देशमूलक छन् भनी गोपाल संग्रौलाले आफ्ना विचार पोखेका छन् ।[८४]

**ख ५ डी.आर. पोखरेल**

घामपानी र यसका स्रष्टामाथि एक विहङ्गम् दृष्टि शीर्षकमा डी.आ.र पोखरेलले निष्कर्षमा आफ्नो विचार निम्न अनुसार प्रस्तुत गरेका छन् ।

---

[८३] नवरङ डम्बर घिमिरे विशेष पृ ६५

[८४] नवरङ्ग डम्बर घिमिरे विशेष पृ १२५

कवि घिमिरेको प्रस्तुत घामपानी हास्यव्यङ्ग्य मुक्तक संग्रह एकछिन हामी टोहोल्यायौं अर्थात यसो एक नजर लगायौं घिमिरेका हास्य र व्यङ्ग्यहरूको स्वाद चाख्यौं । मुक्तकीय झड्कालाई महसुस गऱ्यौं । उनका मुक्तकहरू सरल छन् । सामाजिक सामयिक विषयकै छन् । सामाजिक विकृति विसंगति प्रतिका घिमिरेका सिस्नु लगाई मनासिव छन् । भावअभिव्यक्तिमा सपाटपना भने छ । कतिपय मुक्तकहरू मुक्तक जस्ता झड्का वाल छैनन् । तिनले विषयवस्तुलाई तीखोसँग छुने गरेर प्रस्तुत गर्न सकेका छैनन् । अलि हल्का लाग्छन् । केही हास्य त उमार्दछन्, केही व्यन्जना पनि गर्छन तर पनि त्यति धेरै सन्तुष्टि प्रदान गर्दैनन् । सरल सुवोध्य र अन्तरवस्तुका दृष्टिले शक्तिशाली भए पनि शिल्प सौन्दर्यको हिसावले अझै कवि घिमिरेले गहन साधना गर्नु जरुरी छ । कवि घिमिरेका हास्यव्यङ्ग्य मौखिक रूपमा सुन्न पाएको छु । उनी स्वाभाविक हास्यव्यङ्ग्य कवि हुन उनलाई पढ्न भन्दा सुन्नमा धेरै मजा आउँछ । घिमिरेको साधना अरु गहना बन्नेछ र पाठकीय अपेक्षालाई तुष्टि दिनेछ भन्ने कामना सहित यो विहङ्गम् दृष्टिको यही छेपन गरिन्छ भनी डी.आर. पोखरेलले आफ्ना विचार प्रस्तुत गरेका छन् ।[८५]

**ख. ६ पुष्करराज भट्ट**

पुष्करराज भट्टले घामपानी भोग्दै आएका डम्बर घिमिरे शीर्षकमा निष्कर्षमा घामपानीको बारेमा आफ्नो धारणा प्रस्तुत गरेका छन् ।

पुष्करराज भट्टका अनुसार डम्बर घिमिरे पूर्वी नेपालमा रहेर नेपाली साहित्यको सेवामा लागिरहेका एक लगनशील स्रष्टा हुन । उनका रचनामा नेपाली समाजका आर्थिक, सामाजिक, सांस्कृतिक, राजनैतिक, पारिवारिक क्षेत्रका विकृति विसंगतिप्रति व्यङ्ग्य पाइन्छ । कतिपय ठाउँमा भाषा प्रयोगमा शालीनता नपाइए पनि यिनका रचनाहरूले व्यङ्ग्य साहित्यको भण्डार भर्ने काम अवश्य गरेका छन् । कुनै कुरालाई ठाडै नाम किटेर विरोध वा व्यङ्ग्य गर्नु भन्दा प्रकृतिमार्फत र साहित्यमा प्रयोग हुने भाषामा भिन्नता हुनैपर्छ भावनामा आएर जथाभावी प्रस्तुति गर्ने कलाकारले तत्काल श्रोतामाथि असर परेको देख्न चाहन्छ । साहित्यमा त्यसै अनुरूप भाषा प्रयोग गर्दा कुरूप एवं भद्दा हुन्छ । रचनाको कलात्मक मूल्य एवम् संरचनात्मक सिद्धान्तलाई पनि आवश्यक ध्यान दिनु जरुरी छ । नेपाली साहित्यको क्षेत्रमा पूर्वी नेपालमा रहेर क्रियाशील यी स्रष्टाको लेखन परिष्कृत एवम् परिमार्जित हुँदै

[८५] नवरङ डम्बर घिमिरे विशेष पृ. १७९

जाओस् र नेपाली साहित्यमा यिनको नाम चर्चित हुँदै जाओस् भन्ने कामना समेत गर्दछु भनी पुष्करराज भट्टले धनगडी कैलालीबाट आफ्नो धारणा राखेका छन् ।[८६]

**ख.७ रामप्रसाद ज्ञावाली**

रामप्रसाद ज्ञावालीले घामपानीको विशेषता मान्छेका आलोच्य प्रकृतिको व्यङ्ग्यात्मक आलोचना शीर्षकको निष्कर्षमा आफ्नो धारणा निम्न अनुसार प्रस्तुत गरेका छन् ।

डम्बर घिमिरे समाज र व्यक्तिमा रहेका असङ्गति र विकृतिका कुशल द्रष्टा र ती असङ्गति र विकृतिमाथि कडा प्रहार गर्ने हास्य व्यङ्ग्यशैलीका स्रष्टा हुन भन्ने कुरा घामपानीमा सङ्कलित मुक्तकीय संरचनाका हास्यव्याङ्ग्यत्मक रचनाहरूले सिद्ध गर्दछ । यस संग्रहका लघु आकारका मुक्तकीय कविताहरूमा भूगोल, प्रकृति जीवजन्तु सहिद, पुर्खाहरू, देश, राष्ट्रियता, मानवता, देशभक्ति नेपाली इतिहास, युगीन यथार्थ र नेपाली जनता र नेपालको भविष्यप्रतिको चिन्ता र चासोलाई विषय बनाइएको छ । यी रचनाले नेपाली राजनीतिमा देखिएका खण्डित आदर्श र ह्रासोन्मुख नैतिकताको अभिव्यक्ति दिनुका साथै आम नेपाली मानिसका रुचिअरुचिको प्रदर्शनपनि गर्दछ । घिमिरे नेपाली मानिसका रुचिअरुचि प्रदर्शन पनि गर्दछन् । घिमिरेका यी मुक्तकीय अभिव्यक्तिमा उनीभित्र रहेको समाज सचेत नागरिक चेतनाका साथै समाजसुधारको चाहनाको प्रतिविम्वन भएको छ भने उनले चाहे अनुसारको समाज सुधार नभएकोमा मर्माहत कविको अन्तर्पीडाको प्रारूपीकरण पनि भएको पाइन्छ । उनका यी मुक्तकहरू जीवनलाई जीवन जस्तै जिउन पाउनुपर्छ भन्ने मान्यतालाई अन्तहृदयमा बोकेर प्रकट भएका छन् । अभिव्यक्तिलाई सशक्त बनाउन समध्वनिका शब्दहरूको अनुप्राशीय तथा बहुल प्रयोगीय उपयोग गरिएको देखिन्छ । मानवीय मूल्य र सकारात्मक सौन्दर्यलाई काव्यिक शैलीमा मुखरित गर्ने चाहना यी रचनाका स्रष्टामा रहेको कुरा यस कृतिबाट स्पष्ट हुन्छ । तुक वन्दी प्रतिको मोहले कवि डम्बर घिमिरेलाई बाह्याकर्षणको मोहमा परेको रचनाकारका रूपमा समेत चिनाउँछ । कलात्मक दृष्टिले काव्यिक परिपाक प्राप्त गर्न असफल देखिए पनि विषय गत वहुलता यी रचनाको उल्लेख्य पक्ष हो । हुन पनि विषय गत विविधता र तिनमा अन्तर्निहित मार्मिकता यी रचनाका मुख्य प्रप्ति हुन कथ्यलाई स्पष्ट र सम्प्रेषणीय रूपमा व्यक्त गर्न सक्नु घिमिरेको सफल रचना 'धर्मिता' हो । भने अति सरल र अपरिपक्क यस कृतिका रचनाका मुख्य कमजोरी हुन् । रचना सामान्य भए पनि त्यसको नियत सकारात्मक छ भने त्यो उच्च कलाका नाममा

[८६] नवरङ डम्बर घिमिरे विशेष पृ १२४

नकारात्मक नियतलाई वाणी दिने सिर्जना भन्दा उच्च हुन्छ । यस अर्थमा भने कवि डम्वर घिमिरेको कविता सकारात्मक रहेको छ । व्यक्तिलाई भन्दा प्रकृतिलाई महत्वका साथ अभिव्यक्त गर्नु र ती प्रवृत्तिमा अनेक मानिसका स्वभाव र विभिन्न कर्मको प्रतिनिधित्व गर्नु गराउन सक्नु यस संग्रहका रचनाको प्रमुख उपलब्धि हो भनी रामप्रसाद ज्ञावालीले आफ्नो धारणा राखेका छन् ।

### ४.२.१. ग. ऐतिहासिक खण्डकाव्यकृति 'धर्मकुमारी स्मृति' खण्डकाव्यको विश्लेषण

वि.सं. २००२ साल असार १ गते खोटाङ रावाखोला हौंचुरमा पिता गजाधर धिमिरे र माता मेनकुमारी घिमिरेका कान्छा पुत्रका रूपमा जन्मनु भएका डम्बर घिमिरे उच्च शिक्षा अध्ययन सकेर वि.सं. २०२७ साल माघ २७ गते बनारसबाट नेपाल फर्किएपछि चैनपुर फापुङ निवासी शेषराज न्यौपाने र धर्मकुमारी न्यौपानेकी सुपुत्री तेजकुमारी (माधुरी) सँग बैबाहिक प्रणय सूत्रमा आवद्ध भएका थिए । डम्बर घिमिरे वि.सं. २०२७ मा "पूर्वतिर फर्कदा" कविता लेखनसँगै नेपाली साहित्य जगतमा प्रवेश गरेको पाइन्छ । क देखि ज्ञ सम्म र अ देखि अः सम्मका कथाहरू जोडेर एउटै अक्षरबाट भट्याउन थालेपछि उहाँ दर्शक वा श्रोतालाई पेट बाउँडिने गरी हँसाउनु हुन्छ । "भीष्म प्रतिज्ञा" कविता संग्रह २०५१ "घाम पानी" मुक्तक संग्रह २०६०, धर्मकुमारी स्मृति खण्डकाव्य २०६५, तितो पिरो हाँस्यव्यङ्ग्य एल्बम् २०५७ तथा लेखनकै क्रममा रहेको "आमा" (महाकाव्य) का श्रष्टा डम्बर घिमिरेका अधिकांश रचनाहरू हास्यव्यङ्ग्य विधामा केन्द्रित छन् ।

कवि डम्बर घिमिरेको खण्डकाव्यात्मक कृति "धर्मकुमारी स्मृति" हो । यो शोककाव्य हो । धर्मकुमारी नेउपाने डम्बर घिमिरेकी ममतामयी सासु आमा हुनुहुन्छ । जन्म दिने आमालाई माया गर्ने छोराहरू धेरै हुन्छन् तर कर्मशील छोरी दिई जीवनलाई कर्म भूमिमा सफलता दिलाउन सहयोग गर्ने कर्मदातृ आमाका बारेमा "शोककाव्य" लेखी सासुलाई अमर पार्ने ज्वाई ज्यादैं कम होलान् ।[८६] त्यस्तै अति थोरै मध्येका ज्वाइँमा डम्बर घिमिरे पर्नु भएको छ । छोराले विहे गरेर ल्याएकी बुहारीले चाहिँ सासुससुरालाई पतिकै दायित्वमा बाँधिएर माया, ममता सेवा गर्नु पर्ने तर छोरीले विहे गरेर बनेका ज्वाइँले चाहिँ पत्नीकै जसरी मातृमोह अर्पण गर्नु किन नहुने भन्ने सोचले अभिप्रेरित भएर लेखिएको खण्डकाव्य आफैंमा एक महत्वको विषय बनेको छ । पत्नीका आमा पनि आफ्नै आमा सरह नै हुन् भन्ने भाव जाग्नु अत्यन्तै राम्रो कुरा हो । धर्मकुमारी अर्थात् कवि डम्बर घिमिरेकी ममतामयी

---

[८६] डम्बर घिमिरेलाई नजिकबाट नियाल्दा गणेश घिमिरे-नवरङ्ग डम्बर घिमिरे विषेश पृ. १०५

सासु, जसबाट कविका जीवन क्रमलाईसरल, सुगम र सहज तुल्याउन प्रयत्न भएको थियो । त्यस्ती कर्मदायिनी माता र मनमा सूर्यस्मृति, श्रद्धाञ्जली र प्रेरणाका प्रसङ्गहरू त्रिवेणी बनाएर प्रस्तुत गरेको छ ।

शब्दब्रह्मको आराधना गर्दै मन मन्दिरकी ममतामयी मातालाई भावपुष्पाञ्जली अपर्ण गर्ने कवि घिमिरेद्वारा विचरित यो काव्य कवि जत्तिकै सरल र मिठासपूर्ण छ । उनका अगाडि शब्दब्रह्म बैंशालु बनेर छमछम नाच्छन् । उनको पुरुषार्थ देखेर हाँस्छन्, रमाउँछन् र भन्छन् कर्म गर । संघर्ष गर, पुरुषार्थ गर, केही न केही गर, चुप लागेर नवस । यसै दर्शनमा कवि डुबेका छन् रमाएका छन् र अल्छे एवम् अकर्मण्यलाई प्रोत्साहित गरिरहेका हुन्छन् । उनका उत्साह, उमङ्ग र स्फूर्तिको मुक्तकण्ठले प्रशंसा गर्नु पर्ने हुन्छ । अनि भन्न मन लाग्छ- शिवस्ते सन्तु पन्थानः-

"तिमी नै हौ बेद पुराण
तिमी नै हौ वेद व्यास
तिमी नैं हौ कालिदास"

भन्दै शब्दब्रह्मको आराधनाबाट प्रारम्भ भएको यो बंशबृत्त खण्डकाव्य कविका नातागोता आफन्त र बन्धुबान्धवको कैरन कहनता समक्ष र नै उनको काव्यिक प्रतिभा प्रस्तुतिका निमित्त पनि समर्थवान रहेको अनुभव हुन्छ । जन्मभूमिको अर्चना, संस्कृति र प्रकृतिको बन्दना जस्ता सुकर्महरू गरेर मात्र बंशवृत्त केलाउन थाल्ने यी कविले-[८७]

"यस्तै भाव धरी म लेख्छु जसरी जस्तो भए तापनि
आमाका इतिहासका कलम ती संकल्प लेखे अनि
भाषा शब्द र कल्पना सुरसिला माधुर्यको भो कमी
यस्तै जत्ति भयो, जसो गरियो अर्पण गरें लौं मम्मी" (धर्मकुमारी स्मृति)

भन्दै माता धर्मकुमारीका पाउमा यो काव्य अर्पण गरेका छन् । कविले माधुर्यको कमी भयो भने पनि हामीलाई त्यस्तो अनुभव हुँदैन । सरल भाषा, मीठो शैली, सुन्दर अभिव्यक्ति भएका कारणले शास्त्रीय छन्द पढ्न जान्नेका लागि यो काव्य मनमोहक सावित हुन सक्छ ।

शास्त्रीय छन्दमा लेखिएको यस काव्यमा काव्यशिल्प कम र बंशबृत्त बढी छ । यसले धेर थोर सामाजिक शास्त्रको काम पनि गर्नेछ । मृत्यु संस्कारका समयमा हामीले प्रयोग

[८७] ऐजन पृ. १९०

गर्ने-शोला, टिलो, बुर्की, चुङ्गे, किरिया, पिण्ड, अर्थी, कात्रो, ढिकुरो धरो, थलो, कफन आदि झर्रा शब्दहरू सविस्तार प्रयोग गरिदिनाले आजको नौजवानहरूका लागि जिज्ञासाको विषय र उपयोगी बन्न सक्छ ।

मानिसमा जे संस्कार हुन्छ त्यो प्रायशः बंश परम्पराबाट आएको हुन्छ । त्यसैले बूढापाकाहरू "मानिस रोज्नु कुलको, पानी खोज्नु मूलको" भन्ने आहान गर्छन् । उनका ससुरा शेषराज सासु धर्मकुमारी दुबै कुलीन थिए र नै ज्वाँइ डम्बर घिमिरेलाई मूलको पानी पिलाए । त्यसैको उपज हुन सक्छ यो काव्य । जसले काव्यकलाका अतिरिक्त पारिवारिक परिचय दिने प्रयत्न गरेको छ ।[८८]

"धर्मकुमारी" स्मृति खण्डकाव्यमा सर्ग, उपसर्ग, शीर्षक जे भने पनि जम्मा चौधवटा छन् । पहिलो छ "शब्दब्रह्म आराधना" साँच्चै शब्दकै स्मृति गरिएको छ  यसमा । सूर्य, चन्द्र, गजल, कविता, जे भने पनि शब्द सामर्थ्य नै हो तर शब्दकै खेल हो भन्ने भाव यसभित्र छ । दोस्रो "धर्तीमाताको अर्चना" भन्ने शीर्षकमा छ । धर्ती अर्थात् जन्मभूमि के कारणले जन्म दिने आमासित तुलनामा तुल्य हुन पुगिन् भन्ने ज्ञान यसबाट पाइन्छ । तेस्रो "सुरम्य संस्कृति र प्रकृति बन्दना" पहिचान देखेर लेखिएको छ । हाम्रो संस्कार, संस्कृति, लवाई, खुवाई, आदि र प्राकृतिक सौन्दर्यका तालमेल झल्काउने प्रयास कविको छ । चौथोमा आएपछि "आमा" को महिमा दिइएको छ । आमा आफ्नी भएपनि वा पत्नीको भएपनि जन्मदातृ र कर्मदातृको फरक हो । स्नेह श्रद्धा उस्तै हो भन्ने आशय यस शीर्षकमा रहेको छ । "जन्म र बंश" शीर्षक रहेको पाँचौं सर्गले धर्मकुमारी नेउपाने (काफ्ले) को जन्म, खानदान आदिको विवरण पेश गरेको छ । यसैमा शेषराज नेउपाने सित विवाह भएको कुरा उल्लेख छ । विवाहोत्सव पनि रमाइलो किसिमले प्रस्तुत गरिएको छ । बेहुली अन्माउँदाको विरहमा धोविनी चरी, काइली, मैना, चिभे, ढुकुर, गौंथली आदि चराचुरुङ्गी पनि सामेल भएको प्राकृतिक बर्णन पनि राम्ररी दिइएको छ । नेउपाने खानदानको बढाइ, धन सम्पत्तिको बयान र परम्परादेखिका रइसी व्यवहार समेतको बर्णन कविले मन फुकाएर गर्नु भएको छ । शिष्टता र सद्गुणको व्याख्या भरमार गर्न सकिने आख्यानहरू कवितामा कविले दिनुभएको यो सर्ग ११ पृष्ठमा समाप्त भएको छ । अनि अर्को सर्ग छ "जन्मोत्सव" शीर्षक । यसभित्र छोरी जन्मँदाको खुसियालीदेखि सबै अरु छोराहरूको समेतको जन्मको बर्णनात्मक उल्लेख यस छैठौं सर्गमा गरिएको छ । त्यसपछि सातौंमा "दुर्दिन खण्ड" भन्ने शीर्षक छ । यसमा बनारसमा गङ्गा

[८८] ऐजन पृष्ठ १९१-१९२

स्नान गर्दा शेषराज नेउपानेको मृत्यु भएको कुरा छ । घरमा सुत्केरी पत्नी छाडेर बनारस गएका पतिको देहावसान हुन्छ । यसमा भाग्य, कर्म, भगवानको लीला आदि जस्ता पारस्परिक शब्दहरूको प्रयोग गरेर कविले स्थितिलाई सम्भाउने प्रयास गर्नु भएको छ । करुणाको भाव भल्काउन धर्मकुमारीका हृदयको फोटो उर्तान सक्नु भएको छैन । धर्मकुमारीले आफूले सुशिक्षा दिई दिलाई लालनपालन गरेका कुरा, छोरा छोरीहरू योग्य, समर्थ उमेरले समेत ठिक्क भएपछि एकपछि अर्को गर्दै सबैको यथायोग्य विवाह गरिदिएको कुरा आठौं सर्ग विवाहोत्सवमा बर्णन गरिएको छ । कविले आफूले विवाह गरेकी पहिलो सन्तान तेजकुमारी ( माधुरी) को विवाह बर्णन् गर्नु पनि छोड्नु भएको छैन । हास्यमा रमाइलो मानेर रमाउने कविले विवाहका उत्सवहरूमा रमाइलोपन भल्काउने कोशिस गर्नु भएको छ ।

नबौं शीर्षक "आमाको महिमा" भन्ने छ । यसमा सृष्टि संरचना भरिमा सबैभन्दा उच्च स्थानमा रहेकी आमा नै हुन् भनिएको छ । चौरासी लाख जुनीको अधिष्ठा यी सूर्य, चन्द्र, ऐश्वर्यमा सबैभन्दा श्रेष्ठ आकाश जस्ती व्यापक भनेर महिमा बर्णन गरिएको छ । साँच्चै आफ्नी आमाको खोजी गर्ने कोशिसलाई कविले सुमधुर श्लोकहरूमा मर्मस्पर्शी ढंगले उल्लेख गर्नुभएको छ ।

दशौं शीर्षक छ-"आमाको हुलिया" हुलिया भनेको मुखाकृतिबाट र डिलडौल एंव शारीरिक बनावटले दिने पहिचान हो । कविले शरिरको आकृति मात्रबाट हुलिया दिएर चिनाउने प्रयास गर्नु भएको नभई शील, स्वभाव, आनीबानी र आस्था एंव धर्म संस्कारबाट समेत प्रष्ट पार्ने गरि हुलिया दिनुभएको छ ।

एघारौं शीर्षक-"घरदेखि घाटसम्म" भन्ने छ । धर्मकुमारीज्यूको देहावासनपछि घरमा गर्नुपर्ने कर्महरू जे-जे हुन् ती कर्महरूको यथातथ्य विवरणात्मक बर्णन यसमा छ । नेपालका पहाडे मूलका बाहुनहरूका सबै संस्कार जगेर्ना गर्ने काम भएको छ । "बाँच्दा र मर्दाको अन्तर" शीर्षकको सर्गले जुन बस्तु जीवन धान्ने क्रममा जे नामले सम्बोधित हुन्छ त्यही बस्तु मृत्यु संस्कारमा प्रयोग हुँदा देय र तुच्छ शब्दहरूद्वारा सम्बोधित हुने प्रचलनको जानकारी यस शीर्षकले गराएको छ । शोला, टीलो, बुर्की, चुङ्गे, सुइरो, किरिया, काँडो, पिण्ड आदि हुन् । र तिनै बस्तु सामान्य घरकाजको प्रयोगमा कुन नाउले प्रयोग हुन्छन् । भन्ने कुरा जान्न सजिलो भएको छ ।[८९]

---

[८९] ऐजन पृ. २५९-२६०

तेह्रौ शीर्षक -"आमा धर्मकुमारीको नाता सम्बन्धी" शीर्षकले सबै कुरा छर्लङ्ग पारेकै छ । धर्मकुमारीहरू दाजुभाइ, दिदीबहिनी गरी जम्मा दश जना थिए । तीमध्ये कुनै दाजुभाइ डाक्टर , बैज्ञानिक शिक्षक व्यापारी जस्तै पेशा व्यावसायमा छरिएर रहेका छन् । भन्ने बृत्तान्त यस सर्गमा छ । माइतपट्टि छ दाजुभाइ चार दिदीबहिनीको उल्लेख गरिएको छ । सबै योग्य, सक्षम र हुने खाने स्थितिमा रहेका भन्ने बर्णन रमाइलो गरी प्रस्तुत भएको छ । ससुराहरू ६ भाइ भएको बर्णनभित्र सबैको नाम समेत प्रष्ट पारिएको छ । यो खण्डकाव्य काफ्ले तर्फ र नेउपाने तर्फको बंशावलीलाई पनि काम लाग्ने बन्न गएको छ । भन्न सकिन्छ ।

अन्त्यमा "उपसंहार" छ कवि डम्बर घिमिरेले आफ्ना कुराहरू अलिकति लेख्नु भएको छ । म टुहुरो हुँ मलाई पनि मेरी जन्मदातृ आमाले सामान्य सक्षम बनाउनु भएको हो । मातृवात्सल्यको ऋण तिर्न नपाएको मैले कर्मदातृ आमाको पनि स्नेह पाएँ । "जन्म दिने आमालाई सम्झेर यो कर्मदातृ आमाको स्मृति खण्डकाव्य तयार परेको हुँ" भन्ने भाबुक अभिव्यक्ति दिएर खण्डकाव्यको समापन गर्नु भएको छ ।

धर्मकुमारी स्मृति शोककाव्यको बारेमा विभिन्न विद्वान विश्लेषकहरूले आ-आफ्नो विचार राख्नु भएको छ । 'धर्मकुमारी स्मृति' काव्यकौशलको साङ्केतिक कृति शीर्षकमा प्रा.डा. टङ्कप्रसाद न्यौपाने, 'डम्बर घिमिरे र उहाँको धर्मकुमारी स्मृति खण्डकाव्य' शीर्षकमा वलराम पोखेल र 'हुने विरुवाको चिल्लोपात' शीर्षकमा बाबुराम तिमिल्सेना विद्वानहरूले आ-आफ्नो विचार प्रस्तुत गर्नुभएको छ ।

**ग. १ धर्मकुमारी स्मृति काव्यकौशलको साङ्केतिक कृति शीर्षकमा प्रा.डा. टङ्कप्रसाद न्यौपानेको विचार**

डम्बर घिमिरेद्वारा लिखित चौधवटा शीर्षक र तीनसयभन्दा बढी पद्य अनुच्छेदहरूमा संगठित प्रस्तुत धर्मकुमारी स्मृति नामक काव्यको प्रारम्भ संस्कृत काव्य मान्यता अनुसार मंगलचरणका स्वरूप शब्दब्रह्मका आराधानाबाट गरिएको छ । त्यसमा पाइएको नवीन र प्रशंसनीय चेतना हो नेपाली स्रष्टाहरूप्रतिको उपासना । उनले अरुले जस्तै गणेश, सरस्वती, शिवपार्वती आदि धार्मिक देवी देवताको मात्र प्रार्थना गरेका छैनन् । कवि मनिषि हो । स्वयम्भू हो अथवा ब्रह्म हो भन्ने मान्यतालाई समेत डम्बर घिमिरेले नेपालीमा स्थापित गरेका छन् । यसमा सम, पारिजात जस्ता दिवंगत स्रष्टाहरूको मात्र आराधना गरेका छैनन्, बालकृष्ण पोखेल जस्ता ज्यूँदा मनीषिको समेत डम्बर घिमिरेले यसरी अर्चना गरेका छन् ।

तिमी नै हो बालकृष्ण

शब्दज्ञाता खसोखास

उनै महापुरुष हुन्

पाहाडपर्वत उच्च हिमाल

लेख्ने हाम्रा भाषा शास्त्री

खसजातिको इतिहास[९०]

यसरी मन, वचन कर्मले गुण ग्राहिता र कृतज्ञता अभिव्यक्त गर्ने डम्बर घिमिरे आफ्नो आधार धर्तीमाता तथा नेपालका सुरम्य संस्कृतिको वन्दना गर्दछन् । उनी लेख्छन् -

छ ब्रह्माण्ड कत्रो तिमी दिव्यदृष्टि

लगाएर हेर्छौ धरानका नि सृष्टि

ममा प्यार गर्छौ धरित्री जननी

म गर्छु प्रणामै भनीपूज्य मातृ ।[९१]

कोही कोही पत्नीको जननीलाई आमा भन्ने गर्दछन् । हाम्रो सासु ममतामयी भए आमा, त्यस्तो नभए श्रीमतीको आमा भन्नु उपयुक्त होला । कर्म र भावना दुवै जननीतुल्य भएकी कारण डम्बर घिमिरेले सासुलाई कर्म जननीका रूपमा श्रद्धा र सम्मान अर्पण गरेको देखिन्छ । यसै सन्दर्भमा घिमिरेले मुक्तकण्ठले आमाको महिमा गाएका छन्-

आमाकै तनया र पुत्री पनि हुन् पासाङ तथा पार्वती

पारिजात र बुद्ध हुन् जनकजी लक्ष्मी थिए सन्मति

लेखैनाथ र भानुभक्त समजी थे अर्नीको ती कृति

सीता औ भृकुटी सरि जगतमा संसारका सारथी[९२]

धर्मकुमारी स्मृति खण्डकाव्यमा पाँचौ विश्रामदेखि तेस्रो विश्राम सम्म आफ्नो सासु धर्म कुमारीको जीवन, मृत्यु तथा परिवारसँग सम्वन्धित छन्दोबद्ध विवरणहरू पाइन्छन् । विवरण लामो हुने भएकोले घिमिरेले संक्षेपीकरण चातुर्य दर्शाएका छन् । तथापी मौका पर्नासाथ ठाउँ-ठाउँमा आनुप्रासिक शब्द सौन्दर्यता सिर्जनामा कौशल पनि पोख्न विर्सिएका छैनन्-

---

[९०] नवरङ् डम्बर घिमिरे विशेष पृ १६२

[९१] धर्मकुमारी स्मृति काव्य पृ. ५

[९२] ऐजन पृ. ९

धुधुरी धुरुरु गर्दै ट्याम्को ट्याङ ट्याङ गर्दथ्यो

ढोलक ढ्याङ ढ्याङ खुब गर्‍र्यो दमाहा ड्याम्म गर्दथ्यो

झ्याम्टा झ्याम झ्याम्ममा रन्के कर्नाल पूवाँ पूवाँ गरी

मुजुरा छिमछिमी गर्थे झ्याली झयार् झ्यार् खुवगरी ।[९३]

चिभे च्यार् च्यार् गर्दैथी ढुकुर कुरकुर गर्दथी

गौंथली भुर्भुरै भँगेरो भुर्र उड्दथी ।[९४]

जन्मोत्सव शीर्षकको छैटौं अध्यायमा धर्मकुमारीको नवपुत्र शिखरिणी छन्दमा सुन्दर उपमानहरूले यसरी सिंगारिएको देखिन्छ-

बगैचाको फूल होकी त माणि भनुँ रत्न कि त हो

उषाको हो ज्योत्स्ना कि त यति भनू इशसुत हो ।[९५]

अन्तिम उपसंहार खण्डमा ती धर्मकुमारी प्रति यसरी श्रद्धाको श्रद्धाञ्जली चढाइएको छ ।

उनै धर्ममाता, उनै कर्ममाता

उनै साथदाता र पत्नी विधाता

उनै कर्मदातृ उनै सृष्टिकत्री

उनै चन्द्रसूर्यात्मिका विश्वभर्त्री[९६]

यसरी हास्यव्यङ्ग्यका क्षेत्रमा स्थापित डम्बर घिमिरेका काव्यकलामा पनि विचक्षणता पाइएको छ । प्रस्तुत धर्मकुमारी स्मृति काव्यकौशलका प्रदर्शनका निम्ति लेखिएर ममतामयी सासुआमा प्रति श्रद्धाञ्जली चढाउन लेखिए पनि त्यस प्रसंगमा केही विवरणात्मक हुन पुगे पनि यस काव्यले डम्बर घिमिरेका कवित्व प्रतिभाको शुभसङ्केत गरेको छ । आशा गर्दछु उहाँबाट स्वतन्त्र चिन्तनको अर्को सुन्दर काव्य लेखिने छ भनी प्रा.डा. टङ्कप्रसाद न्यौपानेले धर्मकुमारी स्मृति शोककाव्यको बारेमा आफ्नो धारणा राख्नु भएको छ ।

## ग.२ हुने विरुवाको चिल्लो पात शीर्षकमा बाबुराम तिमिल्सेनाको विचार

कृति पढ्दा मथिङ्गल हल्लिन्छ । हातपाउ स्ल्याकसुलुक हुन्छन् । आँखाबाट बर्रर आँशु झर्छन् । खुई ! खुई ! हुन्छ । अतालिएर के गरौं र कसो गरौं भित्र मनका भावहरू उद्वेलित

[९३] ऐजन पृ. १३ ।

[९४] ऐजन पृ. २५ ।

[९५] ऐजन पृ. २५ ।

[९६] ऐजन पृ. ६८ ।

हुन्छन् । यस्तै अवस्थामा निर्माण भएर पाठकलाई हिकहिक पार्ने रचना धर्मकुमारी खण्डकाव्य डम्बर घिमिरेको कवित्वको साकार भएको प्रतिमूर्ति काव्य हो । यो कृति लेआउट गर्नु, वास्तु विधि अनुसार वालुवा गिट्टी, सिमेन्टलाई शोकरूपी करनीले पिसिसि देखि टाइविम बाँधेर ढलाइ पछिको साकार रूप पाएको धर्मकुमारी शोक काव्यले एउटा स्वस्थ आकारको कलेवर घिमिरेको हातद्वारा ग्रहण गरेको छ ।

बाबुराम तिमल्सेनाले डम्बर घिमिरेको धर्मकुमारी स्मृति शोक काव्यको बारेमा विवेचना गर्ने क्रममा विभिन्न विद्वानहरूको भनाई उल्लेख गर्दै शुरु देखि अन्त सम्मको विश्लेषण गर्नु भएको छ । विश्लेषणको अन्तमा तिमिल्सेनाले आफ्नो धारणा राख्ने क्रममा यस कृतिको विषयवस्तु धर्म, अर्थ, काम मोक्षसँग सँगै शोकभावको कथावस्तु बोकेर हिडेको छ । यसको प्रयोजन पनि शोक र यश रहनु यसको स्थायी भाव हो । पात्रको चरित्रमा पूर्वीय साहित्य अनुसार धर्मकुमारी स्वकीय पात्र हुन् । धर्म कुमारीको बाँचुञ्जेल सम्मको चरित्र दुःख सुखको स्थितिमा पनि स्थिर चरित्र भएको अति गम्भीर, क्षमाशील आत्मप्रशंसा नगर्ने, अहंकार शून्य र दृढ प्रतिज्ञा आत्मा स्वभिमान भएकी पात्रको रूपमा घिमिरेले धर्मकुमारीको स्वभावको चित्रण गर्ने जमर्को गरेका छन् ।

नेपालको हावा, माटो, पानी प्रकृति र सङ्खुवासभा जन्मस्थान देखि विराटनगर कर्मथलो भएकोपात्रको कर्मथलोको पाटाहरू परिवेश भएर काव्यमा आएका छन् । नेपालदेखि भारतका विभिन्न तीर्थस्थल र अमेरिकासम्मको स्थानीय रङ्गरोकन र युगीन देशकाल परिस्थितिको सहज संवेद्य प्रकृतिको चित्रण सहजता र असहजता दुवै पक्ष काव्यमा उपस्थित भएको छ । काव्यमा कवि भित्रको कवित्व अझै माझिएर परिष्कृत हुनु आवश्यक देखिन्छ । यदाकदा धर्मकुमारी काव्यभित्र लुकेर घुमफिर गर्दा व्युत्पति र अभ्यासको कमी र खाँचो परिपूर्ति गर्नुपर्ने बाँझो राँटाहरू भेटिन्छन् ।

राँटाराँटी कवि प्रतिभाले साथ दियो भने खाँदै लगेको भोलिका दिनमा छन्दवादी कवि घिमिरेको कवित्व सुनमाथि सुगन्ध हुने भई पौल रूपमा प्रस्तुत हुनसक्छ । जयदीपका विचारमा कविता भनेको लहड हो, लहरा प्रति माटो र पानी मिलेका विऊ वियाडमा छर्दा उम्रेको विउ 'हुने विरुवाको चिल्लो पात'का रूपमा उसको स्वभावले परिदृश्य दिईसकेको हुन्छ । त्यसै गरी घिमिरेका कवितामा विद्या र अभ्यास भोलिका दिनमा अझै मिल्दै गयो भने कविताको ओजन र प्रतिभा नै स्तरीय कविताको कारण बन्न सक्छ । यहाँ कविभित्र प्रतिभा त छ त्यसका साथमा विद्या र अभ्यासको खाँचोलाई परिपूर्ति गर्दै थप्दै लैजाने हो भने

भोलिका दिनमा अरु सुनौला गौरवमय काव्य कविजीबाट निस्कने छन् भन्ने हेतुले यो सानो तिक्त कुटुरोको धर्म यस कलमले निर्वाह गरेको मात्र हो । यस काव्यभित्रको कविको भाषा, भाव र लय तिख्खर छ । भाषाले कवित्वलाई उचाल्ने जमर्को गर्दै गरेको प्रतीत् हुन्छ । समाप्तीमा काव्य जुन उद्देश्यले सार्वजनिक भएको छ त्यस आधारमा काव्य सरल सरस एंव उद्देश्य पूर्ति गर्न पनि सफल छ भनी बाबुराम तिम्सिनाले आफ्नो धारणा राखेका छन् ।

### ग. ३ डम्बर घिमिरे र उहाँको 'धर्मकुमारी स्मृति' खण्डकाव्य शीर्षकमा बलराम पोखेलको विचार

डम्बर घिमिरे ज्यूको शोककाव्य धर्मकुमारी स्मृति नाउँको खण्डकाव्य हो । धर्म कुमारी नेउपाने डम्बर घिमिरेकी ममतामयी सासुआमा हुनुहुन्छ । तर कर्मशील छोरी दिइ जीवनका बारेमा शोककाव्य लेखी सासुलाई अमर पार्ने ज्वाई ज्यादै कम होलान् । त्यस्तै अति थोरै मध्येका ज्वाईमा डम्बर घिमिरे पर्नु भएको छ । छोराले विहे गरेर ल्याएकी बुहारीले चाहिँ सासुससुरालाई पतिकै दायित्वमा बाँधिएर माया, ममता र सेवा गर्नु पर्ने तर छोरीले विहे गरेर बनेको ज्वाइँले चाहिँ पत्नीकै जसरी मातृमोह अर्पण गर्न किन नहुने भन्ने सोचले अभिप्रेरित भएर लेखिएको खण्डकाव्य आफैंमा एक महत्वको विषय बनेको छ । पत्नीकी आमा पनि आफ्नै आमा सरह नैं हुन् भन्ने भाव जाग्नु अत्यन्तै राम्रो कुरा हो । शोक काव्य लेखेर प्रकाशित गर्नु तीन कुराको आवश्यकता पर्छ । अन्तर्हृदयको चाहना, आर्थिक क्षमता, अभिव्यक्ति सीप र शैलीको दक्षता । यी मध्ये एकको अभावमा कसैको बारेमा शोककाव्य निस्कन सक्दैन ।[९७]

धर्मकुमारी ज्यूका छोराछोरीमा चाहना थियो । डम्बर घिमिरे ज्यूलाई उहाँहरूले प्रेरणा प्रदान गर्नु भयो । प्रकाशन गर्ने आर्थिक स्थिति र चाहना दुवैले साकार रूप लियो । डम्बर जीमा लेखन शैली र सीप छर्दै थियो । सबै कुरा मिल्नुलाई तालमेल भन्छन् । यहीतालमेल मिलेर धर्मकुमारी स्मृति नाउँको खण्डकाव्य प्रकाशन भएको हो । आमाबाबु सासुससुराको नाउँ अमर पार्नु पनि परोपकारी सेवा नै हो । सबैले सफलता पाउँदैनन् । डम्बर घिमिरेको सफलता धर्मकुमारीको अहोभाग्य हो ।

खण्डकाव्य छोरा कविराज नेउपाने र बुहारी मित्रा नेउपानेको प्रकाशकीयबाट शुरु भएको छ । यसमा आमाको अमरताको कृति प्रकाशन गर्ने चाहनाबारे उल्लेख छ । कवि डम्बर घिमिरेज्यूमा गरिएको अनुरोधको कुरा उल्लेख छ । त्यसपछि बुबा आमाको तस्वीर छ ।

---

[९७] डम्बर घिमिरे विशेष-पृ. २५५

त्यसपछि स्व.माता र पाठक वर्गप्रति भनिएको छोराछोरी र बुहारीहरूको समर्पण निवेदन छ। कृतज्ञाता ज्ञापनमा तेजकुमारी घिमिरेको अभिव्यक्ति छ। तेजकुमारीका हजुरबुबा मधुसुदन नेउपाने नै उच्च स्तरको सचेत व्यक्तित्व भएको कुरा उल्लेख गरिएको छ। पारिवारिक पृष्ठभूमि सबै शिक्षित भएको कुरा कृतज्ञता ज्ञापनबाट बुझ्न पाइन्छ। २०१८ सालमा शेषराज नेउपानेको निधन हुनु र २६ बर्षको उमेरमा चार जना नानीहरू जन्माई सकेकी धर्मकुमारीले विधवा भइ बस्नुपरेको कुरा अत्यन्त दुःखदायी थियो भन्ने बुझिन्छ। धर्मकुमारीले बैधव्य जीवन प्रवेश गर्नुपरेपछि जुन मातृवात्सल्यले छोराछोरीको लालन पालन गर्नु भयो। त्यो प्रंशसानीय कार्य देखिन्छ। यस कृतज्ञता ज्ञापनमा आमा प्रतिको कृतज्ञता र कवि डम्बर घिमिरेप्रतिको कृतज्ञता समेटिएको छ। त्यसपछि सावित्रा नेउपानेको हार्दिक धन्यवाद शीर्षकको छोटो अभिव्यक्ति छ।[९८]

परिवार भन्दा बाहिरका विशिष्ट विद्वानहरूले पनि यस खण्डकाव्यको बारेमा आफ्नो भनाई राख्नु भएको छ। बाणी प्रकाशनका अध्यक्ष मूर्धन्य स्वः 'कवि' कृष्णभूषण बलको छोटो अभिव्यक्तिमा दुई वटा कुराहरू नविर्सिने खालका छन्। १. अण्याक दाइ २. दुर्दिन खण्डको मार्मिक कथा। यी सबै कुराहरू डम्बर घिमिरेका बैशिष्ट्यका विषयहरू हुन्। कृष्णभूषण बलले पनि कविकै भविष्यलाई औंल्याएर सफलताको कामना संप्रेषण गरेका छन्।[९९]

धर्मकुमारी स्मृति काव्य हेर्दा शीर्षक राखेर ख्याति प्राप्त समालोचक प्राज्ञ दधिराज सुवेदीले काव्यबारे आफ्ना विचारहरू राख्नु भएको छ। दाधिराजजीले डम्बर घिमिरेको काव्यमा नवरङ्ग साहित्य प्रतिष्ठानका बारेमा र यस प्रतिष्ठानले गरेका बहुमूल्य योगदानहरूका बारेमा अन्तर्हृदयबाटै समर्थन जनाएर धेरै कुराहरू लेख्नु भएको छ। नबरङ्गले कवि डम्बर घिमिरे लगायत अरु धेरै साहित्यकारहरूलाई अमर बनाएको प्रसंग यसमा उल्लेख भएको छ। अर्का प्राज्ञ अनिरुद्ध तिम्सिना ज्यूको हास्यव्यङ्ग्य कवि डम्बर घिमिरेको धर्म कुमारी स्मृति खण्डकाव्य बारे मेरो अभिव्यक्ति भनेर शीर्षक राख्नु भएको भनाइमा पनि धेरै कुराहरू उल्लेख गरेका छन्। उहाँले लेख्नु भएको सन्त औगाष्टिनको कुरा मननयोग्य लाग्यो यदि मलाई सोधेनौ भने म जान्दछु तर यदि मलाई सोध्यौ भने म जान्दिन। ठिकै हो कसैले कसैलाई चिन्दैन, कसैले कसैलाई जान्दैन जान्दछ, जान्दैन भन्ने कुरा सोधेपछि थाहा हुन्छ।

---

[९८] नवरङ्ग डम्बर घिमिरे विशेष पृ. २५६

[९९] नवरङ्ग डम्बर घिमिरे विशेष पृ. २५७

कविले आफ्नो लेखकीयलाई अलिकति केही भनौ कि भन्ने सिरानी लगाएर आफ्नो पनि कुरा राख्नु भएको छ । राम्रो रचना बनोस् सबैले साह्रै राम्रो भनिदिऊन् भन्ने लाग्दा लाग्दै पनि राष्ट्रिय स्तरका ख्याति प्राप्त कविको जस्तो रचना बनाउन सहज नहुने रहेछ भन्ने कवि डम्बर घिमिरे ज्यूले आत्म स्वीकारोक्ति प्रकट गर्नु भएको छ । उहाँ लेख्नुहुन्छ यो काव्य लेख्न थाल्दा शोककाव्य बनाउने इच्छा थियो तर परिवन्द, बाध्यता र परिस्थितिले स्मृतिकाव्य मात्र बन्न गयो भन्ने भावाभिव्यक्ति दिन कविले सङ्कोच मान्नु भएको छैन । अर्कालाई अर्ती दिन र उपदेश छाँट्न सजिलो हुन्छ तर गरेर देखाउन गाह्रो हुन्छ भन्ने आशय कविको स्पष्टोक्ति प्रकट गर्छ ।[१००]

विदुषी महिला पिताम्बरा उपाध्याय पीयूषले श्रद्धान्जली आमा प्रति भन्ने शीर्षकमा लेख्नु हुन्छ सीता कुन्ती, मदर टेरेसा जस्तै स्वभावकी धर्मकुमारीको मातृवात्सल्य अति नै अनुकरणीय थियो । छव्वीस बर्षको उमेरमा पति गुमाएर बैधव्य जीवन पाएकी धर्मकुमारीले आफ्नो छोराछोरीलाई जुन स्नेह र ममता दिई हुर्काउनु भयो त्यस्तो समर्पण नै हो भन्ने निष्कर्ष पिताम्बरा ज्यूको लेखाइबाट पाइन्छ । पिताम्बरा धर्मकुमारीको माहिली बुहारीको आमा हुनुहुँदो रहेछ । पिताम्बरा पछि सीताराम नेउपानेको लामो एवं विस्तृत विवरणात्मक लेख छ । शीर्षक हामी आभारी छौं भन्ने राखिएको छ । यस लेखमा बुहारीलाई साथमा लिएर सम्पूर्ण तीर्थ यात्रा गर्ने धोको पूरा गरिएको विवरण छ । तीर्थ यात्रामा चौवीस ठाउँहरू, अमेरिका यात्रा र अन्तिम तीर्थ यात्राका कुराहरू चखिलो किसिमले उल्लेख गरिएको हुँदा पढ्दा रसिलो लाग्ने खालका छन् । तीर्थ यात्राकै क्रममा विरामी हुनु भएकी धर्मकुमारीज्यू त्यही रोग निको नभई २०६४ साल फागुन ८ गते दिवङ्गत हुनु भयो भन्ने मर्मस्पर्शी घट्ना विवरणसाथ लेख टुङ्ग्याएको छ । अनि एउटा पाना भरि पारेर चार हरफको समर्पण शीर्षकको कविता छ । यो कविता स्वयम कवि डम्बर घिमिरेज्यूले उनै ममतामयी सासु आमा प्रति सिङ्गो काव्य समर्पण गरेको अभिव्यक्ति दिन रच्नु भएको छ । त्यसपछि खण्डकाव्यको शुरुदेखि अन्त वा चौधवटा शीर्षकहरू उल्लेख गरिएको छ । शीर्षकहरूको प्रत्येकको भावार्थ प्रस्तुत गरिएको छ ।

अन्त्यमा अब म आफ्नो भनाइ राखुँ, यो काव्य किन लेखियो ? मलाई लाग्छ यो काव्य ज्ञान प्रदान गर्न लेखिएको हैन । मान प्राप्तिको लागि पनि लेखिएको हैन । विछट्टै शोकमा डुबेर भावविह्वल भई लेखिएको काव्य पनि होइन । आय आर्जनको लोभ लालचा

---

[१००] डम्बर घिमिरे विशेष-पृ. २५८

पनि थिएन । त्यसो हो भने यो काव्य किन लेखियो ? हाम्रो समाज ज्यादै रुढीबाढी छ । ज्यादै नै निम्न स्तरको सोच बोकेर हिड्ने दुष्ट प्रवृत्तिका मानिसपनि हाम्रो समाजमा छन् । ससुराली पट्टिको गुणगान गाउने ज्वाइँ साहेवहरूलाई निन्दा गर्ने र हेय दृष्टिले हेर्ने मानिसहरू आफूलाई निकै मै हुँ भन्ने डिङ हाँक्छन् । राम्रो छैन हाम्रो समाज हाम्रो परिपाटी राम्रो छैन हाम्रो सामाजिक सोच ।

कवि डम्बर घिमिरे निकै उच्च सोच भएको आँटिलो र फराकिलो विचार राख्ने व्यक्ति हुनुहुन्छ भन्ने प्रमाण यस काव्यले दिएको छ । जीवन क्रममा जो बेला जुन अवस्था सिर्जना हुन्छ त्यसलाई आत्मसात गरेर कार्यशील हुनु नै प्रतिवाद हो । कवि डम्बर घिमिरेले धर्मकुमारी स्मृति काव्य लेखेर एक पाइलो माथि उक्लने काम गर्नु भएको छ । भन्ने मैले ठानेको छु । यो गर्नु पर्ने कार्य नै हो । शुभ कार्य नै हो । डम्बर घिमिरेको काव्यिक कार्य अनुकरणीय छ । म यस कार्यको प्रशंसा गर्छु भनी आफ्नो धारणा बलराम पोखेल ज्यूले राख्नु भएको छ ।

### ४.२.१. घ. श्रव्यात्मक तितो पिरो एल्बम् क्यासेट -२०५७

डम्बर घिमिरेको तितोपिरो हास्यव्यङ्ग्यात्मक एल्वम् क्यासेट २०५७ म्युनिक नेपालद्वारा प्रकाशित कृति हो ।[१०१] डम्बर घिमिरेको हास्यव्यङ्ग्यात्मक रचनाले सबै पक्षका मानिसहरूको खराव पक्षलाई छ्यालव्याल देखाइ दिएका छन् । कसैलाई पनि बाँकी राखेका छैनन् ।

हास्यव्यङ्ग्इकार डम्बर घिमिरेको तितोपिरो एल्वम् क्यासेट गुलियोमा मिसाइएको तितो ओखती जस्तै हो । जो बालकले तितो स्वाद थाहा नपाइकन सजिलै खान्छ । व्यङ्ग्यका मिठासले गर्दा रमाइलै लागेर सजिलै पचाउन सकिन्छ । यसले श्रोतालाई प्रशस्त मनोरञ्जन दिन्छ । यसकै सहाराबाट मानव समाजमा रहेका विकृति, विसंगति, स्वभाव चरित्र प्रति सचेत गराउनु हुन्छ । वि.सं. २०५७ सालको उहाँको हास्यव्यङ्ग्य क्यासेट तितोपिरोले राष्ट्रभरी नै राम्रो चर्चा पाएको थियो । यो राष्ट्रकै निमित्त एउटा उपलब्धी हो । साममाजिक विसंगतिहरूप्रति प्रहार गरी श्रोताको हृदयमा तरङ्ग पैदा गर्ने यो क्यासेट व्यङ्ग्य र हसाउने मात्र नभएर समाज परिवर्तनको लागि संवाहक पनि हो । हास्यव्यङ्ग्यकार डम्बर घिमिरेको तितो पिरो एल्बम् क्यासेटको माध्यमबाट समाजमा भएका नराम्रा विकृति, विसंगति पक्षहरूलाई हटाई समाज परिवर्तनमा ठूलो योगदान पुऱ्याएको छ ।

---

[१०१] पूर्वब्रत

## ४.घ. अन्य लेख रचनाहरू

हास्यव्यङ्ग्यकार डम्बर घिमिरे नेपाली साहित्यमा एक चम्किला नक्षत्र हुन् । उनका प्रकाशित कृतिहरू बाहेक शोधनायक श्री डम्बर घिमिरेबाट जानकारी भए अनुसार उहाँका अन्य लेख रचनाहरूमा 'आमा' महाकाव्य, निवन्ध संग्रह र एक कथा संग्रह लेखनको क्रममा रहेको छ । आशा गरौं उहाँका यी अन्य लेख रचनाहरू पनि चाडैं नै प्रकाशित भएर आउने छन् । ती रचनाहरूको प्रकाशन पश्चात् नेपाली साहित्यमा थप योगदान अवश्य हुनेछ ।

## ४.३ निष्कर्ष र मूल्याङ्कन

वि.सं. २००२ साल असार १ गते रावाखोला हौंचुर खोटाङमा पिता गजाधर घिमिरे र माता मेनकुमारी घिमिरेको कान्छा छोराको रूपमा डम्बर घिमिरेको जन्म भएको थियो । हास्यव्यङ्ग्यकार डम्बर घिमिरेले वि.सं. २०२७ साल देखि नेपाली साहित्यमा प्रवेश गरेको देखिन्छ । वहाँको साहित्य सिर्जना पूर्वतिर फर्कदा कविता २०२७ बाट शुरु गर्नुभएको हो । त्यसपछि विभिन्न साहित्यिक कार्यक्रममा सहभागी हुँदै आफ्नो साहित्य सिर्जना अगाडि बढाउनु भएको पाइन्छ । झापामा विशाल साहित्यिक कार्यक्रममा आफ्नो रचना बाचन गर्न नपाए पछि तितो अनुभव गर्दै आफू जस्तै अनि गाउँमा लुकेर रहेका प्रतिभाहरूको प्रस्फूटनको लागि झापाको धरमपुरमै एउटा साहित्यिक चौतारी खोल्ने अठोट गर्नुभयो । अहोरात्र खटेर २०४९ सालमा धरमपुरमा "नवरङ्ग साहित्यिक प्रतिष्ठान" स्थापना गर्न सफल हुनुभयो । स्थापना पश्चात १८ वर्ष सम्म प्रतिष्ठानको अध्यक्ष पदमा रहेर कार्यभार सम्हाल्नु भएको डम्बर घिमिरेले नवरङ्ग साहित्य प्रतिष्ठान धरमपुरलाई तन्नेरी बनाएरै छाड्नु भयो । अहिले राष्ट्रकै चर्चित साहित्यिक संस्थान मध्येमा नवरङ्ग साहित्य प्रतिष्ठान धरमपुर झापा पनि परिचित भएको छ । यो सबै देन हास्यव्यङ्ग्यकार डम्बर घिमिरेलाई जान्छ । वि.सं. २०३४ सालदेखि शिक्षण पेशामा आवद्ध रहेर अवकास पछि डम्बर घिमिरे अहिले विराटनगर १३ स्थित डम्बरको डेरा उल्लेख भएको आफ्नो नीजि घरमा निवृत्त जीवन व्यतित गर्दै हुनुहुन्छ । तर ७० वर्षको आसपासमा पुगिसक्नु भएका पाको डम्बर घिमिरे २० वर्षे जवानी झैं साहित्यिक कार्यक्रममा कहिले झापा कहिले काठमाण्डौ घरमा बस्ने फूर्सद नै छैन । नवरङ डम्बर घिमिरे विशेषाङ्क २०६८ भित्र वहाँका रचनाहरूको अध्ययन विश्लेषण गरिएको छ । वहाँका रचनाहरूलाई समसामयिक फूटकर व्याङ्ग्यात्मक कविता संग्रह, ऐतिहासिक खण्डकाव्यत्मक कृति, श्रव्यात्मक एल्वम क्यासेट रचनाको रूपमा वर्गीकरण गरेर विश्लेषण गरिएको पाइन्छ । हास्यव्याङ्ग्यकार डम्बर घिमिरेको समसामयिक फूटकर

व्याङ्ग्यात्मक कविता संग्रह भीष्म प्रतिज्ञा कविता संग्रह र घामपानी कविता संग्रह पर्दछन् । भीष्म प्रतिज्ञा कविता संग्रहमा लामा छोटा गरी ३२ वटा रचनाहरू रहेको पाईन्छ । त्यसरीनै घामपानी कविता संग्रहमा १२३ वटा लामा छोटा मुक्ताक संग्रह संग्रहित छन् । यी कविता संग्रह मार्फत हास्यव्यङ्ग्यकार डम्बर घिमिरेले समाजमा रहेका विकृति विसंगति प्रति तीखो प्रहार गरेका छन् । हास्यव्यङ्ग्यकार डम्बर घिमिरेको ऐतिहासिक खण्डकाव्य कृति धर्मकुमारी स्मृति खण्डकाव्य हो । यो खण्डकाव्यमा वहाँको ममतामयी सासु आमा धर्मकुमारी नेउपानेको बारेमा स्मृति काव्य लेखिएको छ । डम्बर घिमिरेको श्रव्यात्मक रचना तितोपिरो एल्वम क्यासेट हो । यो क्यासेट पनि साह्रै चर्चित छ । यो क्यासेट मार्फत समाजमा घटेका घटना परिघटनाहरू व्यङ्ग्यात्मक पाराले तीखो प्रहार गरिएको छ । वहाँका अन्य लेख रचनाहरूमा प्राप्त जानकारी अनुसार 'आमा' महाकाव्य लेखनको क्रममा छ । त्यसरीनै एउटा निवन्ध संग्रह र कथा संग्रह पनि लेखनकै क्रममा छ । यी तीन कृतिहरू पनि चाडै नै प्रकाशनमा ल्याउने व्यङ्ग्यकारको धोको भएको डम्बर घिमिरेले जानकारी दिनुभएको छ ।[१०२]

[१०२] शोधनायकसँगको कुराकानीबाट प्राप्त जानकारी ।

# पाँचौ परिच्छेद

# उपसंहार र शोध निष्कर्ष

## ५.१ उपसंहार र शोधनिष्कर्ष

खोटाङ जिल्ला रावाखोला हौंचुरमा पिता गजाधर घिमिरे र माता मेनकुमारी घिमिरेका कान्छा छोराका रूपमा वि.सं. २००२ साल असार १ गते हास्यव्यङ्ग्यकार डम्बर घिमिरेको जन्म भएको थियो । वि.सं. २००४ साल जेठमा पिता गजाधर घिमिरेको निधनले आफ्नो कलिलो २ वर्षको शिशु अवस्थामै प्यारो पिताबाट टाढिनुपरेकोले आफ्नो जन्मदाता बाबुको अनुहारसम्म राम्रो देख्न पाएनन् । तै पनि कान्छा छोरा भएकै कारणले परिवारका सबै जनाबाट माया, सद्भाव पाएका थिए । यिनको वाल्यकाल रावा खोला हौंचुरमा गाईवस्तु चराउने गोठालाको अघिपछि लाग्दै स्थानीय फलफूल खाएर रमाइलो गर्दै अनि साथी भाइसँग खोप्पी खेल्दै, लाप्पा खेल्दै, रावाखोलामा पौडी खेल्दै रमाइलो वातावरणमा विताएका थिए । डम्बर घिमिरेको शिक्षा आरम्भ घरबाटै दाजु महेश्वर घिमिरेबाट अक्षारम्भ गरी घरमै रुद्री, चण्डी र वेदको अध्ययन पूरा गरेका थिए । प्रतिभावान डम्वर घिमिरेको उच्च शिक्षा अध्ययन तत्कालीन समयमा खोटाङमा सम्भव थिएन । त्यसैले उच्च शिक्षा अध्ययनको लागि वि.सं. २०१९ सालमा भागेर वनारस गएका थिए । बनारसमा एक वर्ष प्राइवेट अध्ययन पश्चात डम्बर घिमिरेले औपचारिक रूपमा वि.सं. २०२० सालमा वाराणसेय संस्कृत विश्वविद्यालय (हालको सम्पूर्णानन्द विश्वविद्यालय) वनारसमा भर्ना भई उच्च शिक्षा अध्ययन गरेका थिए । वाराणसेय संस्कृत विश्वविद्यलायबाट उनले २०२६ सालमा उत्तर मध्यमा प्रथम र द्वितीय खण्डको परीक्षा उत्तीर्ण गरी वि.सं. २०२७ सालमा शास्त्री (स्नातक) प्रथम वर्षको परीक्षा दिएर नेपाल फर्किएका थिए । बनारसमा अध्ययन गरेकाले हिन्दी, संस्कृत, नेपाली भाषाको राम्रो ज्ञान आर्जन गरेका छन् ।

डम्बर घिमिरे वि.सं. २०२७ सालमा नेपाल आएपछि लगतै चैनपुर फापुङ्ग निवासी शेषराज नेउपाने र धर्मकुमारी नेउपानेकी सुपुत्री तेजकुमारी माधुरीसँग वि.सं. २०२७ साल माघ २७ गते वैवाहिक प्रणय सूत्रमा आवद्ध रहेका थिए । वि.सं. २०२७ सालमा वनारसमा एक दिन एकान्तमा विहानै पूर्व फर्किएर कविता लेख्न थाले । बसेको ठाउँ नछोडी जुरुक्क उठेर आफ्नो रचना पूर्व तर्फ फर्किएर सस्वर वाचन गरे । आफ्नो जीवनको पहिलो सिर्जना पूर्वतिर फर्कदा कविता तयार भएकोमा आफू निकै हर्षित भएको अनुभव बताउँछन् ।

‘पूर्वतिर फर्कदा’ (२०२७ कवितासँगै साहित्य यात्रा शुरुगरेका कवि डम्बर घिमिरे यहि कवितालाई नै साहित्य सिर्जनाको आधार विन्दु ठान्नुहुन्छ । हास्यव्यङ्ग्यकार कवि डम्बर घिमिरेले नेपाली साहित्यमा पुऱ्याएको योगदान र कृतिहरूको संकलन र विश्लेषण गर्नाले नेपाली साहित्यको क्षेत्रमा अविस्मरणीय योगदान पुग्नेछ । यसका अतिरिक्त नेपाली साहित्यको क्षेत्रमा अध्ययनको सामग्री सावित हुनेछ । यस अध्ययनबाट कवि डम्बर घिमिरे सम्बन्धी भावी अध्ययन एवं अनुसन्धान गर्ने लाभान्वित बन्न सक्ने अपेक्षा राखिएको छ । त्यसैले यो शोधकार्य औचित्यपूर्ण छ । कवि डम्बर घिमिरेको नवरङ्ग २०६८ डम्बर घिमिरे विशेषाङ्कको कृतिपरक अध्ययन र विश्लेषण गर्ने रूपरेखा यहाँ प्रस्तुत छ ।

कवि डम्बर घिमिरे हाल ६८ वर्षे आफ्नो जीवनको यात्राका क्रममा छन् । स्नातक सम्मको अध्ययन पश्चात वि.सं. २०३४ सालमा शिक्षा सेवा आयोगबाट सिफारिस भई स्थायी शिक्षक पदभार बहन गर्दै झापाको विभिन्न विद्यालयमा अध्यापन गरेका थिए । उनले अध्यापन गरेका विद्यालयहरू तोपगाछी नि.मा.वि., बाँसबारी झापा, पुहाँतुवारी मा.वि. चन्द्रगढी पृथ्वीनगर झापा र मोती मा.वि. धरमपुर झापा हुन् । करीव ३४ वर्षको शिक्षण सेवा पश्चात अहिले सेवा निवृत्त जीवन विराटनगर १३ मा आफ्नो नीजि निवासमा विताउँदै हुनुहुन्छ । नेपाली साहित्य सिर्जनामा वहाँको निरन्तरता यथावत रहेको पाइन्छ ।

डम्बर घिमिरेको न्वारनको नाम डम्बरप्रसाद घिमिरे भए पनि साहित्यिक नाम डम्बर घिमिरे हो । डम्बर घिमिरे सबै वर्णबाट कविता रच्नसक्ने भएकोले विशेषतः अण्याक बुढाको नामले बढी चर्चित हुनुहुन्छ । किनभने ण वर्णबाट कथा र कविता रच्न सफल भएकाले वहाँलाई झापाको अण्याक बुढाको उपादी पाउनु भएको छ । झापाको धरमपुरमा नवरङ्ग साहित्य प्रतिष्ठानको स्थापना गर्नमा डम्बर घिमिरेको ठूलो भूमिका रहेको पाइन्छ । वि.सं. २०४९ सालमा अहोरात्र खटेर नवरङ साहित्य प्रतिष्ठान स्थापना गर्न सफल हुनुभयो । झापाको धरमपुरमा राष्ट्रिय कलाकारहरूको भेला गराएर नेपालकै चर्चित साहित्यकार र कलाकारहरूको सम्मान गर्न सफल हुनुभयो ।

नेपाली साहित्यमा डम्बर घिमिरेको योगदानको कदर गर्दै विभिन्न संघसंस्थाबाट सम्मान र पुरस्कार पनि प्रदान गरिएको छ । डेढ दर्जन भन्दा बढी संघ संस्थाको आजीवन सदस्य पनि बनिसक्नु भएको छ ।

कवि डम्बर घिमिरेका ४ वटा कृतिहरू प्रकाशित भएका छन् । भीष्म प्रतिज्ञा भित्रका स्वदेशगान र पुकार शीर्षकमा कवितामा व्यक्त राष्ट्रप्रेमसम्बन्धी भावनाको अभिव्यक्तिले

कविताको मर्मलाई स्पर्श गरेको पाइन्छ । कवितामा सगरमाथा हिमाल, तराई, खोला, झरना, घाम, जुन, डाँफे, मुनाल जस्ता शब्दको प्रयोग उपयुक्त स्थानमा उपयुक्त किसिमले भएको देखिन्छ । कविले डण्डीवियो, कपर्दी, गट्टी, माटो, पानी मैदान, पहाड, पानी जस्ता शब्द संयोजन गर्दै आफ्नो देशको योगदान गाएका छन् । आफ्नै देशको सेवा गर्ने उत्कृष्ट अभिलाषा बोकेका कवि घिमिरे अन्त कतै पनि नजाने प्रतिवद्धता जाहेर गर्दछन् । कवितामा राष्ट्रप्रेमी भावना सवल रूपमा प्रतिविम्वित भएको छ ।

कवि डम्बर घिमिरेको घामपानी कवितासंग्रह हास्यव्यङ्ग्य लघुकविता मुक्तक संग्रह २०६० हो । घामपानी कविता संग्रहमा लामा छोटा गरी १२३ वटा विविध आकारप्रकार र विभिन्न प्रकारका मुक्तकहरू पस्केर सहज सरल र बोधगम्य एवं जनजिब्रोका विम्व र प्रतीकहरूको प्रयोग गर्दै कतै राजनीतिमा प्रहार, कतै नेताको चरित्रचित्रण, कतै लेखक कवि एवं साहित्यकारहरूको स्वभाव वर्णन, कतै शिक्षकप्रतिको प्रहार इत्यादि विविध विषयलाई समेटेर लेखिएको यस संग्रहले हास्यव्यङ्ग्य विधाको खडेरीमा केही थोपा सिञ्चन गर्न समर्थ भएको छ ।

हास्यव्यङ्ग्यकार डम्बर घिमिरेको धर्मकुमारी स्मृति खण्डकाव्य २०६५, एउटा शोकपरक स्मृति काव्य हो । धर्मकुमारी नेउपाने डम्बर घिमिरेको ममतामयी सासु आमा हो । उक्त स्मृति काव्यमा कर्मदातृ आमाका बारेमा शोककाव्य लेखी सासूलाई अमर पार्ने काम गर्नु भएको छ । उक्त स्मृति काव्यमा धर्मकुमारीको विहे देखि लिएर बाल बच्चा जन्मदाको क्षण कलिलै उमेरमा विधवा हुनुपरेको तीर्थयात्रा गरेका स्थानको अन्तिममा मृत्यु भएपछि मृत्यु संस्कारसम्मका वयान उक्त स्मृति काव्यमा उल्लेख छ ।

कवि डम्बर घिमिरेको श्रव्यात्मक तितो पिरो एल्वम क्यासेट चर्चित क्यासेट हो । यसमा समाजमा घटेका विकृति विसंगतिको व्यङ्ग्यात्मक पाराले तिखो प्रहार गरेका छन् ।

यसरी हास्यव्याङ्ग्यकार डम्बर घिमिरेले आफ्नो विभिन्न कृति मार्फत समाजमा घटेका नराम्रा पक्षको व्याङग्यत्मक तरीकाले तीखो प्रहार गरेका छन् । समाज सुधारको लागि सत्मार्गमा जान सबैलाई सन्देश दिएका छन् । कविता विधाबाट साहित्य यात्रा शुरु गरेका डम्बर घिमिरेले नेपाली साहित्यमा दिएको योगदान निकै महत्वपूर्ण मानिन्छ । उनले नेपाली साहित्यमा एउटा खँदिलो इंटा थप्ने काम गरेका छन् । यसबाट उनी एक बहुमुखी प्रतिभा भएका सफल हास्यव्यङ्ग्यकार कवि साहित्यकार हुन भन्ने निष्कर्ष दिन सकिन्छ ।

## ५.२ अग्रिम अध्ययनका निम्ति शोध शीर्षक

कवि डम्बर घिमिरेका बारेमा पुनः अध्ययन अनुसन्धान गर्न चाहने शोधार्थीहरूले निम्न लिखित शीर्षकहरूमा शोधकार्य गर्न सक्नेछन् ।

**सम्भाव्य शोध शीर्षकहरु**

१. डम्बर घिमिरेका खण्डकाव्यकारिताको विश्लेषण

२. डम्बर घिमिरेको हास्यव्यङ्ग्यकारिताको अध्ययन र विश्लेषण

३. आधुनिक नेपाली साहित्यको हास्यव्यङ्ग्य क्षेत्रमा डम्बर घिमिरेको योगदान र स्थान निर्धारण

## सन्दर्भ ग्रन्थसूची


- आधुनिक हिन्दी काव्यमे व्यङ्ग्य इ १९७६ प्रभात प्रकाशन दिल्ली ।
- घिमिरे, डम्बर (२०६८), *नवरङ्ग विशेषाङ्क* नवरङ्ग साहित्य प्रतिष्ठान, धरमपुर, झापा ।
- घिमिरे, डम्बर (२०५१), *भीष्म प्रतिज्ञा* कविता संग्रह, जुही प्रकाशन ।
- घिमिरे, डम्बर (२०६५), *धर्मकुमारी स्मृति खण्डकाव्य,* धर्मकुमारी सन्तती ।
- घिमिरे, डम्बर (२०६१), *घामपानी कविता संग्रह,* वनिता प्रकाशन, विराटनगर ।
- घिमिरे, डम्बर (२०५७), *तीतोपिरो एल्वम,* क्यासेट श्रव्यात्मक, म्यूजिक नेपाल,
- चट्याङ्ग मास्टर, (२०५५), *उन्मुक्त हाँसोको महत्व सिस्नुपानी नेपाल,* असोज कार्तिक काठमाण्डौ ।
- छ्याकन (खेस्रा संस्करणमा) २०२५ को भूमिका ।
- डा. चतुर्वेदी, वरसनिलाल (ई. १९६३), *हिन्दी साहित्यमे हास्यरस हिन्दी साहित्य संसार,* नयाँदिल्ली ।
- दुलाल, कुलप्रसाद, नवरङ्ग साहित्य प्रतिष्ठान र डम्बर घिमिरे, अप्रकाशित शोध, त्रि.वि. ।
- नेपाली हास्यव्यङ्ग्य निवन्ध साझा प्रकाशन काठमाण्डौ २०५१ ।
- पराजुली, विन्दाकुमारी, साहित्यकार डम्बर घिमिरेको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन, अप्रकाशित शोध, त्रि.वि. ।
- पौडेल, यमुना, धर्मकुमारी खण्डकाव्यको विवेचना, अप्रकाशित शोध, त्रि.वि. ।
- प्रा.डा. त्रिपाठी वासुदेव प्रज्ञावर्ष पूर्णाङ्क र हास्यव्यङ्ग्यको सैद्धान्तिक सन्दर्भ ।
- भट्टराई, भरतकुमार (२०४४), *हास्य र व्यङ्ग्यको सैद्धान्तिक स्वरूप,* स्नातकोत्तर शोध पत्र त्रि.वि. किर्तपुर ।
- भेरिडिथ एन एस्से अन कमेडी ।
- लुईटेल, नरनाथ, *प्रतिनिधि नेपाली हास्यव्यङ्ग्य निवन्ध* सम्पा. ।
- सोमनाथ शर्मा साहित्य प्रविम पुस्तक संसार, २०६८ काडमाण्ठौं दो.सं. ।
- साहित्य दर्पण तितीय परिच्छेद कारका २१७ ।
- सुवेदी, राजेन्द्र शर्मा (२०५१), *हीरामणि नेपाली हास्यव्याङव्य निवन्ध,* साझा प्रकाशन पुल्चोक ललितपुर ।

- सुवेदी, होम, *प्रतिनिधि झापाली हास्यव्यङ्ग्यकारहरू* सम्पा. होम सुवेदी ।
- हास्यव्यङ्ग्य र हास्यव्यङ्ग्यकार भैरवको जयभूँडी वर्ष१६ अंक २, २०३८ पुस-माघ ।
- हिन्दी साहित्यको कोश भाग एक क्षान मण्डल लिमिटेड २०२० वाराणसी दो.सं. ।
- ज्ञान विज्ञानको दिशा नेपाली साहित्यमा हास्यव्यङ्ग्य नागवेली २०६३ वाराणसी ।
- १०१ हास्यव्यङ्ग्य रत्न पुस्तक भण्डार २०५१ काठमाण्डौ ।